सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ पुस २०८०, सोमबार (1 Jan 2024, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २५२ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

नयाँ पत्रिका
नयाँ यात्रा
अंग्रेजी नयाँ वर्ष २०२३ विशेषांक



आज नयाँ पत्रिकासँगै
३२ पृष्ठको विशेषांक
नि:शुल्क

■ लोकतन्त्रको महामेला
सन् २०२४ मा हुँदै छ
विश्वका ४० देशमा निर्वाचन
- साइमोन टिस्डल

मरुभूमि बनेको
एक समुद्र
जसले मानव जातिलाई
चेतावनी दिइरहेछ




- जेकब ड्रेयर

सन् ०२४ मा
राजनीतिक प्रकोपका
लागि तयार हुँदै युक्रेन
- ओज कटेर्जी

आउँदै छन्
महिलाहरू
- वान्जिरा माथाई

सन् २०२३ मा
पहिलोपटक
- ट्रिसिया टिसक



एआई कहाँ टुंगिन्छ
र, हामी सुरु हुन्छौं ?
- सोम्वेन चुङ

मानव अधिकारको
नैतिक सार्वभौमिकता
खतरामा
- मिसेल इग्नाटिफ

औषधि र प्रविधिको प्रयोग
क्यान्सरको अन्त्य



- डा. उगुर सहिन, डा. आजलेम टुरेसी

यसकारण अपरिहार्य छ
महासागर संरक्षण
- आशा डी. भोस

दूरसञ्चार प्राधिकरणले खरिद गरेको ७८ करोडको एमडिएमएस प्रणालीमा अनियमितता

एमडिएमएसमा अनियमितता छानबिन समितिका संयोजक गौरव गिरी भन्छन्-



एमडिएमएसको खरिद प्रक्रियाको डिपार्चरमै त्रुटि भएको छ, यसमा संलग्नलाई कारबाहीको दायरामा ल्याउनुपर्छ भनेर प्रतिवेदन दिएका छौं। साथै, खरिदको बाँकी काम पनि कानुनअनुसार नै सम्पन्न हुनुपर्छ भनेर सिफारिस गरेका छौं।

■ म्याद थपमा भएको लापरबाहीको क्षतिपूर्ति सरकारी बाँकीसरह असुल्न सिफारिस

■ अख्तियारबाट पनि छानबिन हुँदै

सुवास भट्ट / नयाँ पत्रिका

नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल उपकरण सुरक्षित गर्न, अवैध मोबाइल आयात नियन्त्रण गर्न र अपराध न्यूनीकरणका लागि भन्दै करिब ७८ करोड रुपैयाँ लागतमा अघि बढाएको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) खरिदमा अनियमितता गरेको भेटिएको छ। सञ्चार मन्त्रालयका सहसचिव गौरव गिरी नेतृत्वको चार सदस्यीय छानबिन समितिले एमडिएमएस खरिद प्रक्रियाको प्रस्थान विन्दुबाटै अनियमितता सुरु भएको भेटिएको निष्कर्ष निकालेको हो।

अध्ययन, अनुसन्धान सकाएर समितिले गत मंसिरमै सञ्चारमन्त्री रेखा शर्मालाई बुझाएको प्रतिवेदनमा प्राधिकरणले मालसामान वा वस्तु खरिदलाई पनि ऐन तथा नियमावलीविपरीत परामर्श सेवामा परिणत गरी अनियमितता गरेको उल्लेख छ। २१ असार ०७५ मा स्वीकृत भएको बिडिङ डकुमेन्ट र लागत अनुमानअनुसार एमडिएमएस खरिदका सम्पूर्ण कार्य मालसामानमा आधारित भई वस्तु आपूर्तिअन्तर्गत हुनुपर्ने

» पृष्ठ ११ मा क्रमशः

■ सञ्चार मन्त्रालयको छानबिन समितिले भेट्टाएका थरीथरी बदमासी

■ परामर्शदाता छनोटमै चलखेल, बढी दररेट पेस गर्नेको ठेक्का स्वीकृत

परामर्शदाताको विगत तीन आर्थिक वर्षको औसत वार्षिक कारोबार एक अर्ब रुपैयाँ हुनुपर्ने व्यवस्था विनियमावलीमा गरेर दूरसञ्चार प्राधिकरणले प्रतिस्पर्धा सीमित गराउने प्रयत्न पनि गरेको प्रतिवेदनमा औंल्याइएको छ। १३ परामर्शदाता ठेक्काको आशयपत्रमा सहभागी भएको देखिन्छ जसमा १० योग्य देखिएका थिए। यो संख्याबाट छाँटिएर प्राविधिक मूल्यांकनमा चार परामर्शदाता योग्य ठहरिएका थिए। यीमध्ये पनि दुई परामर्शदातालाई बिड सेक्युरिटीसम्बन्धी अयोग्य जनाएर आर्थिक प्रस्ताव खोलिएन। आर्थिक प्रस्ताव खोलिएका बाँकी दुईमध्ये एम/एस मोबिलन ट्रेड इन्टरनेसनल प्राइभेट लिमिटेड नेपाल-इन्फ्रा डाटा एनभी बेल्जियम-ग्रिन आइटी सोलुसन प्राइभेट लिमिटेड नेपाल (जेभी)ले ७० लाख ७१ हजार २०५ डलर र एम/एस न्युमेरा मलेसिया-ओएसआई कन्सल्टिङ प्राइभेट लिमिटेड भारत-नमस्ते ग्लोबल कम्युनिकेसन प्राइभेट लिमिटेड सिंगापुरले ७४ लाख ९९ हजार ८८८ डलर भ्याटबाहेक प्रस्ताव गरेका थिए। यसमा पनि मोबिलनको आर्थिकसहित कुल प्राप्तांकको कुल नम्बर ५९४.३८ र न्युमेराको ५८८.२० थियो। यसरी ठेक्काको छनोट प्रक्रियामा पहिलो नम्बरमा मोबिलन थियो। तर, स्वार्थको द्वन्द्व देखिएको भन्दै दोस्रो वरीयताको न्युमेराले उजुरी गऱ्यो। उजुरी परेको प्रस्तावदाता (मोबिलन)लाई सफाइको मौका नदिई भेदभावपूर्ण व्यवहार गरेर ठेक्काबाट बहिर्गमन गरिएको छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ।

■ वस्तु खरिदलाई सेवा खरिदमा लगेर गडबडी

प्राधिकरणले दूरसञ्चार ऐन, २०५३ को दफा ६२ बमोजिम १० वैशाख ०७५ मा एमडिएमएस विनियमावली, २०७५ स्वीकृत भएको थियो। यो विनियमावली एमडिएमएस स्थापनाका लागि मात्र तर्जुमा गरिएको थियो। ऐनअन्तर्गत बनेको भनिएको विनियमावली नै ऐनअन्तर्गत नपाइएको समितिले औंल्याएको छ। एमडिएमएस खरिदका लागि सार्वजनिक खरिद ऐन र नियमावली तथा प्राधिकरणको खरिद विनियमावली लागू हुने व्यवस्था विनियमावलीमा थियो। तर, विनियमावली स्वीकृत गर्दा खरिद कानुन पालना नभएको भेटिएको प्रतिवेदनमा उल्लेख छ। सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार हार्डवेयर उपकरण मालसामान खरिदअन्तर्गत पर्छन् भने सफ्टवेयर र अन्य विज्ञ सेवा परामर्श सेवामा पर्छन्। यी दुवैको भेन्डर छनोटका अलग्गै विधि छन्। तर, यसलाई कुल्चेर प्राधिकरणले एमडिएमएस खरिद कार्य आफूले छनोट गरेको सेवा प्रदायकबाट गराउने व्यवस्था विनियमावलीमा गरेको देखिन्छ।



■ प्रणाली जडान नै अलपत्र, तर सञ्चालन तालिम दिन सात कर्मचारी बैंकक लगेर एक करोड सकाइयो

'स्थलगत अध्ययन गर्दा प्रणाली सञ्चालन गर्न थुप्रै काम बाँकी रहँदारहँदै तालिम दिई भुक्तानी गर्ने कार्य कैफियतयोग्य छ,' छानबिन प्रतिवेदनमा उल्लेख छ।

■ पदाधिकारी, कर्मचारी र ठेकेदारलाई कारबाही गर्न सिफारिस

'बिड सेक्युरिटीको आवश्यक नपर्ने खरिदमा त्यसको व्यवस्था गर्न सिफारिस गर्ने परामर्शदाता, निर्णय गर्ने पदाधिकारी/कर्मचारी यस सन्दर्भमा सम्भवतः दोषी देखिन्छन्,' प्रतिवेदनमा भनिएको छ, 'यसैका कारण दुई परामर्शदाता प्राविधिक र आर्थिक मूल्यांकनमा समावेश नहुने गरी बाहिरिएका छन्। तसर्थ यस्ता पदाधिकारी, कर्मचारी तथा परामर्शदातासमेतलाई प्रचलित कानुनबमोजिम कारबाही गरिनुपर्छ।'

■ परामर्शदाताको प्रस्ताव र ठेक्का सम्झौता स्वीकार गरेका सफ्टवेयरहरूमा भिन्नता

परामर्शदाताले प्रस्ताव गरेको र ठेक्का सम्झौतामा स्वीकार गरेको सफ्टवेयरहरूमा भिन्नता देखिएको पनि प्रतिवेदनमा उल्लेख छ। प्रस्तावमा उल्लेखित डाटाबेसलगायतका महत्त्वपूर्ण कम्पोनेन्टको भिन्नताले समग्र मूल्य, गुणस्तर र सुरक्षामा सारभूत रूपमा नकारात्मक प्रभाव पर्ने छानबिन समितिको राय छ। 'खरिद विधिलाई प्रारम्भिक चरणदेखि नै विचलनतर्फ उन्मुख गराएको स्पष्ट देखिन्छ,' छानबिन प्रतिवेदनमा भनिएको छ, 'यस्तो प्रकारको गम्भीर विचलनको यकिन गर्न थप अध्ययन गर्नुपर्ने हुन्छ।'

■ लागत अनुमानले देखाएभन्दा बढी रकममा सम्झौता

लागत अनुमानले देखाएभन्दा एक लाख ११ हजार २३२ डलर बढीमा एमडिएमएस प्रणाली खरिद सम्झौता भएको पनि प्रतिवेदनमा उल्लेख छ। प्रतिस्पर्धा सीमित गरिएको, प्रतिस्पर्धामा आएकाहरूलाई भेदभाव गरिएको, मूल्यांकन समितिले कुनै पनि तुलनात्मक तालिका तयार गरी विश्लेषण/मूल्यांकन नगरेको, आवश्यक सर्त पूरा नगरेका प्रस्तावदाताको पनि आर्थिक प्रस्ताव खोल्न सिफारिस गरिएको, पुनरावलोकनसम्बन्धी निवेदनउपर पुनरावलोकन गर्नुपर्नेमा नगरी मूल्यांकन समितिका संयोजकले खरिदका प्रावधान पालना नगरेकोलगायतका विषय छानबिन समितिले औंल्याएको छ। त्यस्तै, प्रस्तावित स्पेसिफिकेसनका आधारभूत पक्षहरूलाई वार्तामार्फत संशोधन गरिएको, स्वीकृत लागत अनुमानमा परामर्शदाताको कार्यालय व्यवस्थापनका लागि एक लाख ५० हजार डलर व्यवस्था गरिएको, तर पछि प्राधिकरणले नै कार्यालय उपलब्ध गराएकाजस्ता गम्भीर विषय समितिले पहिचान गरेको छ। खरिद सम्झौता अमेरिकी डलरमा गरिएको छ। तर, डलरबराबरको नेपाली मुद्रा उल्लेख गरिएको छैन। यसो गर्दा डलरको विनिमयमा आएको बढोत्तरीले नोक्सानी हुन पुगेको प्रतिवेदनमा उल्लेख छ। अहिले नेपाली रुपैयाँसँग डलरको विनिमय दर प्रतिडलर एक सय ३३ रुपैयाँ पुगिसकेको छ।

बालकुमारी घटना अनुसन्धान गर्न उच्चस्तरीय आयोग बनाइने

नयाँ पत्रिका

दुई युवाको ज्यान गएको बालकुमारी घटना अनुसन्धान गर्न सरकारले उच्चस्तरीय आयोग गठन गर्ने भएको छ। प्रधानमन्त्रीनिवास बालुवाटारमा सत्तागठबन्धन दलका शीर्ष नेताहरूसँगको छलफलमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पूर्वन्यायाधीशको नेतृत्वमा आयोग गठन गर्ने जानकारी गराएका हुन्।

अब बस्ने मन्त्रिपरिषद् बैठकले आयोग गठनको निर्णय गर्नेछ। सोमबार बिहान ८ बजे सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा मन्त्रिपरिषद् बैठक बस्ने टुंगो लागेको छ। 'बालकुमारी घटनाको निष्पक्ष छानबिनका लागि पूर्वन्यायाधीशको नेतृत्वमा उच्चस्तरीय आयोग गठन गर्ने सहमति भएको छ,' एकीकृत समाजवादीका उपमहासचिवसमेत रहेका भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वालाले भने, 'अब बस्ने मन्त्रिपरिषद् बैठकले आयोग गठन गर्नेछ।'

यसअघि गृह मन्त्रालयले घटना भएकै दिन नेपाल प्रहरीका डिआइजी लालमणि आचार्यको संयोजकत्वमा छानबिन समिति गठन गरे पनि



वीरेन्द्र शाह



सुजन राउत

पीडित पक्षको प्रतिनिधित्व नभएको भन्दै मृतकका परिवारले विरोध गर्दै आएका छन्। उनीहरूले

» पृष्ठ ११ मा क्रमशः

नयाँ प्रहरी ऐनको तयारीमा गृह मन्त्रालय

नवराज मैनाली / नयाँ पत्रिका

प्रदेश सरकारहरूले प्रहरी समायोजनका लागि ताकेता गरेपछि गृह मन्त्रालय नयाँ प्रहरी ऐन ल्याउने तयारीमा लागेको छ। ऐनको विषयमा गृहले छलफललाई तीव्रता दिएको हो।

प्रदेश प्रहरी ऐन बनाइसक्दा पनि संघीय प्रहरी ऐन जारी नहुँदा प्रहरी समायोजन रोकिएपछि प्रदेश सरकारहरूले संघ सरकारलाई दबाब दिँदै आएका छन्। तीन साताअघि सातै प्रदेशका गृहमन्त्रीहरूले प्रहरी समायोजनका लागि एक महिनाको समय दिँदै आन्दोलन गर्ने चेतावनी दिएका थिए।



प्रहरी समायोजनका लागि तीन साताअघि सातै प्रदेशका गृहमन्त्रीहरूले दिएका थिए एक महिनाको अल्टिमेटम



● **नारायणप्रसाद भट्टराई**, प्रवक्ता, गृह मन्त्रालय

नयाँ ऐन र समायोजनको विषय हाम्रो प्राथमिकतामै छ। सरोकारवालासँग यस विषयमा मन्त्रालयले छलफल गरिरहेको छ।

अहिले सरकारले अध्यादेशबाट भए पनि संघीय प्रहरी ऐन ल्याउनेबारे छलफल थालेको छ। प्रहरी समायोजन र नयाँ प्रहरी ऐनबारे बिहीबार गृह तथा शुक्रबार प्रहरी प्रधान कार्यालयमा विस्तृत छलफल भएको छ। गृह प्रशासन सुधार समितिका अध्यक्ष पूर्वमुख्यसचिव लीलामणि पौड्याल, समितिका सदस्य रहेका पूर्वप्रहरी महानिरीक्षक प्रकाश अर्याललगायतको उपस्थितिमा छलफल भएको हो। यद्यपि, छलफलमा तत्काल प्रहरी समायोजन गर्दा त्यसले राष्ट्रिय सुरक्षामा थप चुनौती थपिने विषयमा गम्भीर हुन उच्च प्रहरी अधिकारीले सुझाव दिएका छन्।

अहिलेकै प्रावधानअनुसार प्रहरी समायोजन गर्न प्रहरी नेतृत्व तयार छैन। 'एसपीसम्मलाई प्रदेशले चलाउने, प्रदेशको डिआइजीलाई केन्द्रले चलाउने अहिलेको व्यवस्थाले सुरक्षा अवस्था अस्तव्यस्त हुन्छ,' एक उच्च प्रहरी अधिकारी भन्छन्, 'संविधानमा भएको व्यवस्था कार्यान्वयन गर्नुपर्छ, तर त्यसबाट राष्ट्रिय सुरक्षा र अखण्डतामा असर नपरोस् भन्नेमा सचेत हुनुपर्छ।'

समायोजनको कामलाई मन्त्रालयले प्राथमिकतासाथ अघि बढाएको गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए। 'नयाँ ऐन र समायोजनको विषय हाम्रो प्राथमिकतामै छ,' उनले भने, 'सरोकारवालासँग यस विषयमा मन्त्रालयले छलफल गरिरहेको छ।'

नयाँ ऐनमा प्रहरीको उमेरको सेवाहद, भर्नाको उमेर, बढुवाका प्रावधानसम्बन्धी विषयमा पनि छलफल भइरहेको छ। हाल प्रहरीमा उमेर, पदावधि र सेवा अवधि गरेर तीन प्रकारले अवकाश दिइन्छ। जसकारण ५०-५२ वर्षकै उमेरमा प्रहरी अधिकारीले अवकाश पाउँछन्। अनुभवी प्रहरी अधिकारीलाई छिट्टै अवकाश दिनुपर्ने र यसले सरकारको खर्च पनि बढेको भन्दै यो हटाउनुपर्ने आवाज प्रहरीमा उठ्दै आएको छ। तर, केही प्रहरी अधिकारीको व्यक्तिगत स्वार्थमा सेवाहद हट्न सकेको छैन। हालका गृहमन्त्री

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



अपहरण गरी चेकमार्फत फिरौती असुली, चारजना पक्राउ

काठमाडौं/ काठमाडौंमा एक युवकको अपहरण गरी १३ लाख २० हजार फिरौती असुल गर्ने चारजनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर, काठमाडौंले अपहरणमा संलग्न माकलबारीका ४२ वर्षीय तेजमान तामाङ र २६ वर्षीय सौगात तामाङ, थलीका ३२ वर्षीय कर्मा छेवाङ थिङ र ३८ वर्षीय सम्राट भन्ने बीरे तामाङलाई पक्राउ गरेको हो।

उनीहरूले रसुवाका हिस्सीथाया तामाङलाई १० मंसिरमा चाबहिलबाट अपहरण गरी ट्याक्सीमा राखी गागलफेदीको होटेलमा राखेर बन्धक बनाएका थिए। तामाङसँग चेक लिएर भोलिपल्ट बैंकमा गई पैसा साटेपछि उनलाई मुक्त गरेका थिए। घटना एक महिनाअघिको भए पनि निरन्तर अनुसन्धान गरी हाल पक्राउ गरिएको काठमाडौंका प्रहरी प्रमुख एसएसपी भूपेन्द्र खत्रीले बताए।

अपहरणका योजनाकार भने पीडितकै गाउँका भएको खुलेको छ। उनीहरू फरार छन्। हिस्सीथाया रसुवाको एक जलविद्युत् आयोजनामा काम गर्थे। गाउँकै एक व्यक्तिसँग विवाद भएपछि उनले नै अपहरणको योजना बनाएर सूचना दिएका थिए। योजनाकार पक्राउ नपरेकाले कारण खुल्न सकेको छैन।

बालुवाटारमा भेटियो चार सय वर्ष पुरानो ढुंगेधारा

३० फिटमुनि पुरिएको बानेश्वरको ढुंगेधारा उत्खनन गर्न माग

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौंको बालुवाटारमा करिब चार सय वर्ष पुरानो ऐतिहासिक ढुंगेधारा फेला परेको छ। दुई महिनाअघि स्थानीयले ढुंगेधारा (हिटी) पुरिएको जानकारी गराएपछि सम्पदाप्रेमी तथा पुरातत्त्व विभागको टोलीले उत्खनन गर्दा उक्त ढुंगेधारा फेला परेको हो।

पुरातत्त्व विभागको प्रारम्भिक अध्ययनअनुसार उक्त ढुंगेधारा चार सय वर्ष पुरानो हो। तर, यसबारे थप पुष्टि र शिलालेख खोज्न बाँकी रहेको विभागले जनाएको छ। १६ फिट गहिरो खाडलमा पुरिएको ढुंगेधाराको बाहिरी ढुंगामाटो उत्खनन गरे पनि त्यसलाई मौलिकता दिने काम भने भएको छैन। स्थानीय तथा सम्पदाप्रेमीले ढुंगेधाराको उत्खनन गरेर मात्रै नपुग्ने र अब पुरातत्त्व विभागले जिम्मेवारी लिएर ढुंगेधारा जीवित राख्नुपर्ने बताएका छन्। पुरानै मौलिक शैलीको आकार दिनुपर्ने र उचित संरक्षण गर्नुपर्ने सम्पदाप्रेमी यादवलाल कायस्थले जानकारी दिए। 'यो ढुंगेधारा यही ठाउँमा छ भनेर मलाई साढे चार वर्षअघि नै स्थानीयले जानकारी गराउनुभएको थियो, विभागलाई पटक-पटक जानकारी गराउँदा बल्ल उत्खनन गर्न सक्यौं,' सम्पदाप्रेमी कायस्थले भने, 'तर, उत्खनन भए पनि यसको उचित संरक्षण भएको छैन, हामीले दबाब दिँदा चासो दिएझैं गर्ने अन्यथा बेवास्ता गर्ने प्रवृत्ति छ, यो राम्रो होइन।' उनले ढुंगेधाराको संरक्षणमा तत्परता नदेखाएको आरोप लगाए। उनका अनुसार यो धाराको डिजाइन जटिल छ। यसको डिजाइन आफूले गर्न सक्ने र समन्वय गर्न पुरातत्त्वसँग आग्रह गरे। यसअघि उत्खनन भएका कतिपय ढुंगेधारा पुनर्निर्माण गर्दा आकार र शैली बिग्रिएकाले त्यस्तो हुन नदिन सहयोग गर्ने कायस्थले बताए। दुई महिनाअघि उत्खनन गरिएको ढुंगेधारा अहिले खुलै छाडिएको छ।



दुई महिनाअघि बालुवाटारमा उत्खनन गरिएको करिब चार सय वर्ष पुरानो ऐतिहासिक ढुंगेधारा।

बानेश्वरको ढुंगेधारा उत्खनन गर्न माग

काठमाडौं महानगरपालिका-१०, नयाँ बानेश्वरस्थित औषधि व्यवस्था विभागछेवैको ढुंगेधारा पनि ३० फिटमुनि पुरिएको सम्पदाप्रेमीले बताएका छन्। यसबारे पुरातत्त्व विभाग र सरोकारवालालाई स्थानीयवासी र सम्पदाप्रेमीले जानकारी गराइसकेका छन्। यस ठाउँमा ढुंगेधारा रहेको प्रमाण नक्सामा समेत भेटिएको छ। उक्त नक्सा महानगरपालिका-१० का वडाध्यक्षको कार्यकक्षमा छ। यसलाई जतिसक्दो छिटो उत्खनन गर्न सम्पदाप्रेमीले पुरातत्त्व विभागसँग माग गरिरहेका छन्। 'यो ढुंगेधारा धरहरानजिकै रहेको सुन्दाराभन्दा पनि पुरानो र कलात्मक मानिन्छ।' सम्पदाप्रेमी कायस्थले भने, 'त्यसैले यसलाई संरक्षण गर्न जरुरी छ।' यो ढुंगेधारा सडक तथा फुटपाथभन्दा ३० फिटमुनि पुरिएको अनुमान छ।

सबैला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

फार्मेसी सहायक करार भर्ना सम्बन्धी सूचना

विज्ञापन नं. : ०२/०८०/८१
सूचना प्रकाशित मिति: २०८०/०९/१६

यस नगरपालिकाको अस्पताल फार्मेसी सञ्चालन गर्न स्वास्थ्य सेवा अन्तर्गत फार्मेसी सहायक (पाँचौ तह सरह) कर्मचारी आवश्यक परेकोले लोक सेवा आयोग वा कुनै पनि प्रदेश लोक सेवा आयोगका आ.व. २०७९/८० वा आ.व. २०८०/८१ मा अन्तिम नतिजा प्रकाशन भएका विज्ञापनहरुमा वैकल्पिक वा अस्थायी सूचीमा नाम समावेश भएका उम्मेद्वारबाट दरखास्त आह्वान गरिएको छ।

दरखास्त दिने अन्तिम मिति : २०८० पौष २१ गतेसम्म
दरखास्त दिने तरिका : नगरपालिकाको वेवसाइट: www.sabailamun.gov.np मा रहेको Link मार्फत्।
सेवा सुविधा : नेपाल सरकारको नियमानुसार

नोट: प्राप्त आवेदन उपर छानविन पश्चात करारमा नियुक्ति गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

वलेफी हाइड्रोपावर लि.
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
ल.म.न.पा.वडा नं.२, ललितपुर, फोन नं.०१-५९०५००३/९८५१२७४७२८
Website:www.balephihydro.com, Email: info.balephi@gmail.com

बाह्रौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०९/१६)

श्री शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/०९/१३ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस वलेफी हाइड्रोपावर लि.को बाह्रौ वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गरी पारित गर्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

वार्षिक साधारणसभा हुने मिति, समय र स्थान:

मिति : २०८०/१०/१० (तदनुसार Jan 24th, 2024)
समय : विहान ११:०० बजे।
स्थान : आम्रपालि ब्याङ्क्वेट, नक्साल भाटभटेनी नजिकै, काठमाण्डौं।

छलफलका विषयहरु:

क) सामान्य प्रस्तावहरु:

१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०७९/०८० को वार्षिक वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने।
३. आर्थिक वर्ष २०८०/०८१ का लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।
४. संचालक समितिको पुर्नगठन गर्ने।

ख) विशेष प्रस्ताव:

१. कम्पनीको ठेगाना परिवर्तन गर्नका लागि प्रबन्धपत्रको दफा २ तथा नियमावलीको नियम २ मा संशोधन गर्ने सम्बन्धमा।
२. कम्पनीले १:१ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने साधारण सभाका निर्णय बमोजिम विद्युत नियमन आयोगबाट सहमती प्राप्ती पश्चात अनुमोदन तथा पारित गर्ने र संस्थापक शेयरधनीहरुबाट शेयर वापतको एड्भान्स रकम उठाउने साथै नियमनकारी निकायहरुबाट कुनै संसोधन तथा निर्देशन भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
३. हकप्रद शेयर जारी पश्चात प्राप्त पुँजीको उपयोग सम्बन्धमा।
४. कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन र हकप्रद शेयर सम्बन्धी पारित प्रस्ताव नियमनकारी निकायहरुबाट स्वीकृत लिने क्रममा आवश्यक थपघट वा परिमार्जन गर्नु पर्ने भएमा सो कार्य गर्न गराउनसञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
५. हकप्रद शेयर जारी गर्दा कुनै शेयरधनीले आफूले लिन पाउने हकप्रद शेयर लिने इच्छा नगरेमा हक हस्तान्तरण गर्न र सो वापतको रकम दाखिला गरी अर्को शेयरधनीले हकप्रद शेयर लिन पाउने सम्बन्धमा।

ग) विविध :

साधारणसभा सम्बन्धी सामान्य जानकारी

१. सर्वसाधारणको वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८०/०९/२७ (तदनुसार २०२४/०१/१२) गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरीने छ। नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०८०/०९/२६(तदनुसार २०२४/०१/११) गते सम्म कारोबार भई शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधीहरु सो सभामा भाग लिन योग्य रहनेछन्।
२. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण तथा हितग्राही खाता खोलि शेयर अभौतिकरण गरीएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाण पत्र साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाइने छैन।
३. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अलग्गै प्रकाशित गरीने छ। आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको web site: www.balephihydro.com मा पनि हेर्न सक्नुहुने छ।
४. सभामा आफू उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रिय कार्यालयमा प्रोक्सी फारम दर्ता गरी सक्नुपर्ने छ। सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरीसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनधी मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्ट्रार कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरीएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनुपर्दछ।
५. संरक्षक रहनुभएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरीएको अवस्थामा शेयर दर्ता लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरीएको एक व्यक्तिले कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ।
६. छलफलका विषय सुचि मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। तर त्यसलाई पारित गर्नुपर्ने प्रस्तावको रुपमा राखिने छैन।
७. शान्ति सुरक्षाको दृष्टिकोणले साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगाएत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला र शरीर जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरीदिनुहुन अनुरोध छ।
८. अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रिय कार्यालय ललितपुर.महानगरपालिका वडा नं.२, रमेश कम्पलेक्स वा फोन ९८५१२७४७२८ मा सम्पर्क राख्नु हुन अनुरोध गरीन्छ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

STATEMENT OF FINANCIAL POSITION
As at 16th July 2023 (Ashad 31, 2080)

Amount in NPR
Restated

Particulars	" As at Ashad 31, 2080 "	" As at Ashad 32, 2079 "
Assets		
Non Current Assets		
Property, Plant and Equipment	3,064,174.00	5,051,375.00
Intangible assets	8,484,112,939.17	-
Intangible Assets Under Construction	-	8,085,148,161.69
Total Non Current Assets	**8,487,177,113.17**	**8,090,199,536.69**
Current Assets		
Financial Assets		
Trade receivables	154,355,687.85	-
Cash & Cash Equivalents	6,838,145.61	41,531,432.57
Other financial assets	8,563,319.75	12,485,318.90
Other Current Assets	117,886,022.80	234,026,556.22
Total Current Assets	**287,643,176.01**	**288,043,307.69**
Total Assets	**8,774,820,289.18**	**8,378,242,844.38**
Equity and Liabilities		
Liabilities		
Non Current Liabilities		
Financial Liabilities		
Borrowings	6,584,211,000.07	6,078,625,622.67
Deferred tax liabilities (Net)	84,601,272.51	-
Total Non Current Liabilities	6,668,812,272.58	6,078,625,622.67
Current Liabilities		
Financial Liabilities		
Borrowings	223,205,457.08	14,490,000.00
Other financial liabilities	477,262,250.50	555,906,323.66
Other Current Liabilities	12,027,257.97	10,271,747.81
Total Current Liabilities	**712,494,965.55**	**580,668,071.47**
Total liabilities	**7,381,307,238.13**	**6,659,293,694.14**
Equity		
Share Capital	1,827,970,000.00	1,827,970,000.00
Other Equity	-434,456,948.95	-109,020,849.76
Total equity	**1,393,513,051.05**	**1,718,949,150.24**
Total equity and liabilities	**8,774,820,289.18**	**8,378,242,844.38**

STATEMENT OF PROFIT OR LOSS
For the year ended 16th July 2023 (Ashad 31, 2080)

Amount in NPR

Particulars	For the year ended Ashad 31, 2080	For the year ended Ashad 32, 2079
Revenue from Operations	559,430,220.84	-
Cost of Sales		
Generation & Distribution Expenses	(232,492,534.01)	-
Gross Profit	**326,937,686.83**	-
Other Income	-	-
Other Non Operating Expenses	(40,567,144.65)	-
Administrative & Other Expenses	(24,513,922.14)	(13,796,414.76)
Profit/(Loss) Before Interest & Tax	**261,856,620.04**	**(13,796,414.76)**
Finance Costs	(502,691,446.72)	-
Profit/(Loss) Before Tax	**(240,834,826.68)**	**(13,796,414.76)**
Income Tax Expense	-	-
Deferred Tax Income/(Expense)	(84,601,272.51)	
Profit/(Loss) for the year	**(325,436,099.19)**	**(13,796,414.76)**

STATEMENT OF CASH FLOW
For the year ended 16th July 2023 (Ashad 31, 2080)

Amount in NPR

	Particulars	For the year ended Ashad 31, 2080	For the year ended Ashad 32, 2079
A	**Cash Flow from Operating Activities:**		
	Profit before Income Tax	(240,834,826.68)	(13,796,414.76)
	Adjustments for Non Cash Items:		
	Depreciation & Amortization	197,728,088.21	2,194,153.00
	Adjustments for non operating items: -		
	Interest Expenses	502,691,446.72	-
	Operating profit before changes to receivables and payables	**459,584,708.25**	**(11,602,261.76)**
	(Increase)/Decrease in Trade & Other Receivables	(34,293,155.28)	265,848,577.88
	(Decrease)/Increase in Current Liabilities	131,826,894.08	190,892,412.47
	(Decrease)/Increase in Non-Current Liabilities	-	(38,099,763.00)
	Cash Generated from Operations	557,118,447.05	407,038,965.59
	Income Tax	-	-
	Net Cash Inflow from Operating Activities	**557,118,447.05**	**407,038,965.59**
B	**Cash Flow from Investing Activities :**		
	Purchase of property and equipment and intangible assets	(8,679,853,826.38)	-
	(Increase)/Decrease in Project Work-In-Progress	8,085,148,161.69	(1,061,956,030.69)
	Net Cash Used in Investing Activities	**(594,705,664.69)**	**(1,061,956,030.69)**
C	**Cash Flow from Financing Activities :**		
	Issue of Share Capital	-	365,594,000.00
	Increase / (Decrease) in Long Term Loan	505,585,377.40	310,072,503.67
	Interest paid	(502,691,446.72)	-
	Net Cash Flow From Financing Activities	**2,893,930.68**	**675,666,503.67**
	Net Increase in cash & cash equivalents	**(34,693,286.96)**	**20,749,438.57**
	Opening Cash & Cash Equivalents	41,531,432.57	20,781,994.00
	Closing Cash & Cash Equivalents	**6,838,145.61**	**41,531,432.57**

STATEMENT OF CHANGES IN EQUITY
For the year ended 16th July 2023 (Ashad 31, 2080)

Amount in NPR

Particulars	Equity Share Capital	Retained Earnings	Total
Opening As at Shrawan 1, 2078			
At start of year	1,462,376,000.00	(95,224,435.00)	1,367,151,565.00
NFRS Remeasurement Adjustments	-	-	-
"Restated Opening As at Shrawan 1, 2078"	1,462,376,000.00	(95,224,435.00)	1,367,151,565.00
Profit for the year	-	(13,796,414.76)	(13,796,414.76)
Total comprehensive income for the year	1,462,376,000.00	(109,020,849.76)	1,353,355,150.24
Transactions with owners:	-	-	-
Issue of Share Capital	365,594,000.00	-	365,594,000.00
Balance as at Ashad 32, 2079	1,827,970,000.00	(109,020,849.76)	1,718,949,150.24
For the Year 2078-79			
At start of year	1,827,970,000.00	(109,020,849.76)	1,718,949,150.24
Profit for the year	-	(325,436,099.19)	(325,436,099.19)
Transactions with owners:	-	-	-
Balance as at Ashad 31, 2080	1,827,970,000.00	(434,456,948.95)	1,393,513,051.05

काठमाडौं महानगरका १३ वडाका छैनन् आफ्नै भवन

काठमाडौं/ देशको केन्द्रीय राजधानीमा अवस्थित काठमाडौं महानगरका ३२ मध्ये १३ वटा वडाको आफ्नै कार्यालय भवन छैन। बाँकी अधिकांश वडाका कार्यालय पनि सार्वजनिक भवनमा छन्।

महानगरका प्रवक्ता नवीन मानन्धरका अनुसार हालसम्म निर्माण भएकाबाहेक अरू वडाको भवन बनाउन सकिने सम्भावना पनि छैन। 'अहिलेसम्म जतिका भवन छन् वा बनिरहेका छन्, तीबाहेक अन्य वडाको भवन बनाउन गाह्रो छ,' प्रवक्ता मानन्धरले भने, 'महानगरभित्र जग्गा नै छैन। महानगरले नै सार्वजनिक जग्गामा भवन बनाउन नदिने र नबनाउने निर्णय गरिसकेकाले अब अरू वडाको भवन बनाउने सम्भावना कमै छ।'

■ वडा नम्बर ११ को कार्यालय भवन निर्माण तीव्र

काठमाडौं महानगरपालिका-११ को प्रशासकीय भवन निर्माणले तीव्रता पाएको छ। बागदरबारको दक्षिण-पूर्वी कुनामा बागदरबारकै शैलीमा भवन निर्माण भइरहेको छ। २८ मंसिरमा वडाध्यक्ष हीरालाल तण्डुकारले भवन निर्माण शिलान्यास गरेका हुन्। हाल वडा कार्यालय बबरमहलको निजी भवनबाट सञ्चालन भइरहेको छ। यसअघि थापाथलीमा थियो। वडा नम्बर ११ को कार्यालय भवन निर्माण भइरहँदा वारिपट्टि अर्थात् पुरानो बसपार्कस्थित २८ नम्बर वडा कार्यालय भवन भने कहिले बन्ने अझै टुंगो छैन। २८ वडा जस्तै बाँकी १२ वडाका कार्यालय भाडामा वा सार्वजनिक भवनमा बस्दै आएका छन्। काठमाडौंलाई ०१० सालमा नगरपालिका घोषणा गरिएको थियो भने ०५२ मा महानगर बनाइएको थियो। ७० वर्षको इतिहास बोकेको महानगर आफैं पनि भाडाको भवन (काठमाडौं प्लाजा)मा बस्दै आएको छ।

■ भवनकै कारण समस्या छैन : महानगर

वडाहरूको आफ्नै कार्यालय भवन नभए पनि सेवा प्रवाहमा कुनै समस्या नभएको महानगरले बताएको छ। वडा नम्बर ११ का अध्यक्ष तण्डुकारले सेवाग्राहीलाई सेवा दिन कुनै समस्या नभएको बताए। 'अहिलेसम्म भाडाको भवनमा बसेर सेवा दिइरहेका छौं। वर्षौंको प्रयासपछि आफ्नै प्रशासनिक भवन निर्माण हुनु वडावासीका लागि खुसीको कुरा हो,' अध्यक्ष तण्डुकारले भने।

वडा नम्बर २८ ले पनि सार्वजनिक भवनबाट सेवा दिइरहेको छ। वडा अध्यक्ष भाइराम खड्गीले भने, 'आफ्नै भवन बनाउन पहल त भइरहेको छ, तर हालसम्म कुनै निर्णय भइसकेको छैन। तैपनि, सेवा प्रवाहमा कठिनाइ छैन।'

वडा नम्बर ३१ का अध्यक्ष सरोज ढकालले पनि कार्यालय भवनकै कारण समस्या नभएको बताए। उनीहरूजस्तै प्रवक्ता मानन्धरले पनि कार्यालय भवनकै कारण सेवा प्रवाहमा कुनै कमी नभएको दाबी गरे। 'कार्यालय भवन नहुँदा पनि सहजै सेवा दिइरहेका छौं,' मानन्धरले भने, 'भवन बन्नु र नबन्नु सरोकारको विषय होइन। सेवा दिएको छ-छैन, सरोकारको विषय हो।'

■ यी १३ वडाको आफ्नै कार्यालय भवन छैन

वडा नम्बर ८ को कार्यालय भवन बनिरहेको छ भने वडा नम्बर १० पुरानै भवनमा बसेको छ। यी वडाले भाडा भने तिर्नुपर्दैन।

वडा नम्बर ११ निजी घरमा बहालमा बसेको छ भने वडा नम्बर ११ को कार्यालय भवन बन्दै छ। वडा नम्बर १३ को कार्यालय सार्वजनिक जग्गाको भवनमा छ भने १८ नम्बर वडाको आफ्नै भवन भए पनि कोठा अपुग भएकाले जनस्वास्थ्य केन्द्रको भवनमा भाडामा बसेको छ। वडा नम्बर १९ पुरानो भवनमा बसेकाले बहाल तिर्नुपर्दैन। वडा नम्बर २३, २५ र २७ को कार्यालय स्थानीय क्लबको भवनमा छ। वडा नम्बर २८ सार्वजनिक भवनमा बसेकाले बहाल तिर्नुपर्दैन। वडा नम्बर २९ र ३० निजी घरमा भाडामा बसेका छन् भने ३२ नम्बर वडा कार्यालय पुरानो भवनमा बसेकाले बहाल तिर्नुपर्दैन।

महानगरले तयार गऱ्यो ३० सामुदायिक उद्धारकर्ता

काठमाडौं/ काठमाडौं महानगरपालिका-२३ ले ३० जना सामुदायिक उद्धारकर्ता स्वयंसेवक तयार गरेको छ। वडा नम्बर ३० ले जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्य स्वयंसेविकालगायतलाई उद्धारसम्बन्धी तालिम दिएर स्वयंसेवक उद्धारकर्ताका रूपमा तयार पारेको हो।



वडा नम्बर ३० का अध्यक्ष एवं विधायन समितिका संयोजक मचाराजा महर्जनले विपत् जोखिम क्षति न्यूनीकरणसम्बन्धी दुईदिने तालिमका अवसरमा यस विषयमा जानकारी दिएका हुन्। 'हामीले भर्खैछे र ओमबहाल गरी दुईवटा टोल विकास संस्था गठन गरेका छौं। एउटा संस्थाबाट १५ जनालाई सहभागी गराएर ३० जना उद्धार स्वयंसेवक बनाएका छौं। उनीहरूले आपत्विपत् परेका वेला खोज, उद्धार, सहजीकरण र समन्वयनका लागि स्वयंसेवकले काम गर्नेछन्,' महर्जनले भने, 'वडाभित्र करिब सात सय ५५ घरधुरी छन्। यीमध्ये अधिकांश घर पुराना छन्। साँघुरा सडक, साँघुरा गल्ली वडाको अवस्थिति हो। सामान्य समयमा व्यवस्थापन राम्रो छ। विपत्का समयमा यस्तो अवस्थितिमा काम गर्न चुनौतीपूर्ण हुन सक्छ। यसकारण अवस्थितिअनुसारको क्षति व्यवस्थापन पूर्वतयारीमा लागेका छौं।' काठमाडौं मुख्य गरी पाँचवटा विपत् (भूकम्प, बाढी, आगलागी, सडक दुर्घटना र महामारी)बाट सधैं जोखिमपूर्ण मानिन्छ। तालिम शुक्रबार र शनिबार सञ्चालन भएको थियो।

सेती अस्पतालमा सेवाग्राहीको चाप थेगिनसक्नु, जनशक्ति बढेन

१२५ बेड स्वीकृत भए पनि बिरामीको चाप बढेपछि ३०२ बेडमा विस्तार गरी उपचार सेवा



● **डा. शेरबहादुर कमर**, निमित्त मेडिकल सुपरिटेन्डेन्ट, सेती प्रादेशिक अस्पताल

तीन सय शय्या चलाउन सात सय ७० कर्मचारी चाहिन्छ, अहिले तीन सय ६७ जनाले भ्याइनभ्याइ गरिरहेका छौं। यो समस्या सम्बन्धित निकायले बुझ्दिनुपर्छ। अहिले बिरामीले विशेषज्ञ सेवा पाउने अवस्था त बनेको छ, तर जनशक्ति, उपकरण र भौतिक पूर्वाधारको कमीले सेवा प्रवाहमा समस्या भइरहेको छ। बिरामीको चापअनुसार अस्पतालको स्तरोन्नति आवश्यक छ।



धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेशको एउटै 'रेफरल' अस्पतालका रूपमा रहेको धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा उपचार सेवा लिने बिरामीको संख्या बर्सेनि बढ्दो छ। तीन वर्ष अवधिमा अस्पतालमा आउने बिरामीको संख्या झन्डै दोब्बरले बढेको छ। अस्पतालमा बढ्दो बिरामीको चापअनुरूप जनशक्ति व्यवस्थापन हुन सकेको छैन।

अस्पतालमा सरकारीतर्फ ५० शय्या र विकास समितितर्फ ७५ गरी एक सय २५ शय्या स्वीकृत छ। अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. शेरबहादुर कमरका अनुसार एक सय २५ शय्या स्वीकृत भए पनि बिरामीको चापलाई ध्यानमा राखेर अस्पतालले हाल तीन सय दुई शय्यामा सेवा दिइरहेको छ। उपचारका लागि आउने बिरामीको चाप बढ्दै गए पनि त्यसअनुसार जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाहमा कठिनाइ भइरहेको उनले बताए।

तथ्यांकअनुसार आर्थिक वर्ष ०७७/७८ मा सेती प्रादेशिक अस्पतालबाट ५९ हजार ६ सय २९ जनाले ओपिडी, २६ हजार ६ सय ७९ जनाले आकस्मिक र पाँच हजार चार सय ५८ जनाले प्रसूति सेवा लिएका थिए। गत आर्थिक वर्षमा ओपिडी सेवा लिनेको संख्या बढेर दुई लाख ३५ हजार तीन सय १८ पुगेको डा. कमरले जानकारी दिए। गत वर्ष ३६ हजार दुई सय १० जनाले आकस्मिक र सात हजार ८१ जनाले प्रसूति सेवा लिएका अस्पतालको तथ्यांक छ।

■ ११औँ तहको पाँचवटै कन्सल्टेन्टको दरबन्दी रिक्त

अस्पताल प्रशासनका अनुसार सरकारी ५० शय्याका लागि स्वीकृत कर्मचारीको दरबन्दी संख्या पनि पूर्ति छैन। ११औँ तहको पाँचवटै कन्सल्टेन्टको दरबन्दी रिक्त छ। अस्पतालले विकास समितितर्फ केही करारमा जनशक्ति भर्ना गरेर सेवा दिइरहेको छ। अहिले सेवा दिइरहेको तीन सय बेडका लागि सात सय ७० जना कर्मचारी आवश्यक पर्नेमा तीन सय ६७ जना मात्र कार्यरत रहेका डा. कमरले जानकारी दिए।

जनशक्ति, उपकरण र पूर्वाधार कमीले बिरामीले सेतीमा शल्यक्रिया गर्न तीन वर्षसम्म पालो कुनुर्पने अवस्था छ। सेतीमा अहिले करिब पाँच सय बिरामी शल्यक्रियाको पालो कुरेर बसेका छन्। 'तीन सय शय्या चलाउन सात सय ७० कर्मचारी चाहिन्छ, अहिले तीन सय ६७ जनाले भ्याइनभ्याइ गरिरहेका छौं,' डा. कमरले भने, 'यो समस्या सम्बन्धित निकायले बुझ्दिनुपर्छ।' शल्यक्रिया सेवा प्रभावकारी बनाउन उपकरण थप र शल्यक्रिया कक्ष विस्तार गर्न आवश्यक रहेको उनले बताए।

तीन सय शय्यामा सेवा दिइरहे पनि अस्पतालले एक सय २५ शय्याभन्दा बढीको आधिकारिता पाउन सकेको छैन। रेडियोलोजिस्ट, गाइने र एनेस्थेसियोलोजिस्टको बढी अभाव रहेको अस्पताल प्रशासनले जनाएको छ। अस्पतालका समस्याबारे सामाजिक विकास मन्त्रालय र प्रदेश सरकारलाई पटक-पटक जानकारी गराइएको उनले बताए।

सुदूरपश्चिम प्रदेशको एक मात्र 'रेफरल' अस्पताल भए पनि सेतीको चार दशकदेखि स्तरोन्नति हुन सकेको छैन। जनशक्ति, उपकरण र भौतिक पूर्वाधार कमीले बिरामीले उपचार पाउन कठिनाइ भोगिरहेका छन्। पछिल्ला वर्षमा सुदूरपश्चिमका अन्य अस्पतालको तुलनामा सेतीमा विशेष उपचार सेवा विस्तार पनि भएको छ। तर, पर्याप्त जनशक्ति नहुँदा सेवा प्रवाभकारी हुन सकेको छैन।

'अहिले बिरामीले विशेषज्ञ सेवा पाउने अवस्था त बनेको छ, तर जनशक्ति, उपकरण र भौतिक पूर्वाधारको कमीले सेवा प्रवाहमा समस्या भइरहेको छ,' डा. कमरले भने, 'बिरामीको चापअनुसार अस्पतालको स्तरोन्नति आवश्यक छ।' सेतीमा आइसियू, भेन्टिलेटर, डायलाइसिसलगायत सुविधा विस्तार गरिएका छन्।

अस्पताल विकास समितिका अध्यक्ष नरबहादुर शाहले अस्पतालमा जनशक्ति, उपकरण र पूर्वाधार थप्न प्रदेश सरकारको पटक-पटक ध्यानाकर्षण गराइएको बताए। सुदूरपश्चिमका जनताको भरोसको केन्द्र भएकाले सेतीको स्तरोन्नतिमा प्रदेश सरकारले ध्यान दिनुपर्ने उनले बताए। जनशक्ति अभावबीच पछिल्लो समय अस्पतालको सेवा प्रवाह सुधार हुँदै गएको उनले दाबी गरे।

प्रदेशको सामाजिक विकास मन्त्रालयले सेतीलाई दुई सय शय्यामा स्तरोन्नतिका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न मुख्यमन्त्री कार्यालयमा फाइल पठाए पनि स्वीकृत नभएको जनाएको छ। सामाजिक विकासमन्त्री झपट साउदले सेती प्रादेशिक अस्पतालको स्तरोन्नतिका लागि चालू आर्थिक वर्षभित्रै संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिने बताएका छन्। आफूले सेतीबाटै अस्पताल सुधारका काम गर्न खोजेको उनले बताए। 'सेतीमा अहिले जनशक्ति अभाव रहेको अवस्था छ,' मन्त्री साउदले भने, 'यो आर्थिक वर्षमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्छौं, त्यसपछि जनशक्तिको समस्या समाधान हुनेछ।' मन्त्रालयले सेतीको स्तरोन्नतिसँगै जिल्ला अस्पतालको सेवा सुधारका लागि काम गरिरहेको उनले दाबी गरे।

मेडिकल विश्वविद्यालयको प्रक्रिया अगाडि बढ्छ : स्वास्थ्यमन्त्री



धनगढी/ स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले गेटामा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापनाको प्रक्रिया अगाडि बढ्ने बताएका छन्। आइतबार गेटा अस्पतालको निरीक्षण गर्दै उनले गेटामा तीन सय शय्याको अस्पताल सञ्चालनमा आएपछि विश्वविद्यालयको प्रक्रिया अगाडि बढ्ने बताए। बस्नेतले अस्पताल र गेटामा बनेका भौतिक संरचनाको निरीक्षण गरेका हुन्। सरकारले गेटामा सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय बनाउने निर्णय गरेको छ। यससम्बन्धी विधेयक अहिले राष्ट्रिय सभामा विचाराधीन छ। गेटामा हालै सय शय्याको अस्पताल सुरु भएको छ। मन्त्री बस्नेतले अस्पतालका लागि जनशक्ति व्यवस्थापन चुनौतीपूर्ण रहेको बताए। उनले तीन सय शय्या क्षमताको अस्पताल बनेपछि मात्र मेडिकल शिक्षा अध्ययनको काम सम्भव हुने भएकाले सरकार अस्पताल सञ्चालन गर्न लागिपरेको बताए। उनले गेटामा मेडिकल शिक्षाको अध्यापनको काम सुरु भएपछि स्वास्थ्य जनशक्ति उत्पादनमा ठूलो सहयोग पुग्ने बताए। त्यस अवसरमा अस्पतालका निर्देशक डा. प्रमोद जोशीले अस्पतालले दिइरहेका सेवा र प्रगति विवरणबारे जानकारी गराएका थिए।

अख्तियारले गोपनीयता कायम नगर्दा सूचक गाउँ छाड्ने स्थितिमा

नयाँ पत्रिका

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गोपनीयता लिक गर्दा सूचना दिने सूचक गाउँ छाड्नुपर्ने अवस्थामा पुगेका छन्। काभ्रे भुम्लु गाउँपालिका- ४ स्थित धारापानी हिले सामुदायिक वन उपभोक्ता समितिमा नौ लाख १३ हजार दुई सय ८० रुपैयाँ भ्रष्टचार भएको भन्दै एक स्थानीयले २३ असार ०७९ मा अख्तियारमा उजुरी दिएका थिए। उजुरीमा उनले आफ्नो सम्पूर्ण विवरण प्रस्टसँग उल्लेख गरेका थिए। सोही उजुरीका आधारमा अख्तियारले घटनाको अनुसन्धान गरेको थियो। अनुसन्धानपछि अख्तियारले उपभोक्ता समितिका अध्यक्ष चन्द्रसिंह लामा, सचिव संगीता चौलागाईं र कोषाध्यक्ष माधवप्रसाद चौलागाईंविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो। सो मुद्दा अहिले विशेषमा विचाराधीन छ।



● **नरहरि घिमिरे**, प्रवक्ता, अख्तियार दुरुपयोग अनुसन्धान आयोग

सूचकको गोपनीयता सार्वजनिक भएको सम्बन्धमा कुनै जानकारी छैन। यस विषयमा के भएको रहेछ, अध्ययन गर्छु। त्यसपछि मात्रै प्रतिक्रिया दिन सकिएला।

तर, अख्तियारले परिचय मात्र नभई दिएको उजुरी नै प्रतिवादीलाई उपलब्ध गराएपछि सूचकको गाउँ छाड्ने अवस्थामा पुगेका हुन्। नयाँ पत्रिकाको सम्पर्कमा आएका उनले गाउँमा बस्नै नसक्ने अवस्था सिर्जन भएको बताए। 'सामुदायिक वनमा भ्रष्टाचार भएपछि अख्तियारमा उजुरी दिएँ। अख्तियारले छानबिन गरेर उपभोक्ता समूहका पदाधिकारीविरुद्ध मुद्दा दायर गऱ्यो, तर मेरो गोपनीयता कायम राखेन। दिएको उजुरीसहित सबै परिचय प्रतिवादीलाई उपलब्ध गराइदियो। अहिले उनीहरूले गाउँमा बस्न दिएका छैनन्। उनीहरूले अनेक खालका धम्की दिँदै आएका छन्। गाउँमा भाग्दै हिँडेको छु,' उनले भने।

गोपनीयता सार्वजनिक भएपछि सूचक अख्तियारका सूचना अधिकारी देवीप्रसाद थपलियाकहाँ गुनासो गर्न पुगेका थिए। गोपनीयता सार्वजनिक गर्ने अधिकारीविरुद्ध कारबाही गर्न उनले अख्तियारमा अर्को उजुरी पनि दिएका थिए। तर, थपलियाले गुनासो सुन्न नचाहेको पीडित सूचकको भनाइ छ। अख्तियारका प्रवक्ता नरहरि घिमिरेले भने घटनाको सम्बन्धमा आफूलाई कुनै जानकारी नभएको बताए। 'सूचकको गोपनीयता सार्वजनिक भएको सम्बन्धमा कुनै जानकारी छैन। यस विषयमा के भएको रहेछ, अध्ययन गर्छु। त्यसपछि मात्रै प्रतिक्रिया दिन सकिएला,' उनले भने। अख्तियारले गत ६ मंसिरमा चन्द्रसिंह, संगीता र माधवप्रसादविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो। साधारण सभाविनै उपभोक्ता समितिको रकम मनोमानी खर्च गरिएको भन्दै अख्तियारले उनीहरूविरुद्ध मुद्दा दायर गरेको थियो।

एक वर्षमा तीन सय ७८ बालबालिका र महिला बेपत्ता

बाँके/ पश्चिम नेपालका सात जिल्लामा एक वर्षमा तीन सय ७८ बालबालिका र महिला बेपत्ता भएका छन्। बाँके, बर्दिया, सुर्खेत, दैलेख, जाजरकोट, दाङ र सल्यानबाट खोजतलास तथा उद्धारका लागि ६ सय ६२ वटा निवेदन आएकामा दुई सय ७८ जना मात्र फेला परेको माइती नेपाल नेपालगन्जका प्रमुख केशव कोइरालाले जानकारी दिए। खोजतलासका लागि बाँकेमा एक सय ४२, बर्दिया ८०, सुर्खेत ८२, दैलेख ६०, जाजरकोट ६८, दाङ ५६ र सल्यानबाट ४२ वटा निवेदन दर्ता भएको छ।

पछिल्लो समय ब्राह्मण-क्षेत्री मानव बेचबिखनको उच्च जोखिममा रहेको माइती नेपाल नेपालगन्जको तथ्यांकमा उल्लेख छ। खोजतलासका लागि निवेदन आएकामध्ये तीन सय २७ जना ब्राह्मण-क्षेत्री रहेको बताउँदै कार्यालय प्रमुख कोइरालाले दोस्रो स्थानमा दलित रहेको बताए। उनका अनुसार दलित समुदायका दुई सय १२, जनजातिका ९६ र आदिवासी समुदायका २७ जना हराएको भन्दै खोजतलासका लागि निवेदन परेको छ।



संविधानसभा सदस्य सुनुवारको निधन

काठमाडौं/ संविधानसभा सदस्य दालकुमारी सुनुवारको निधन भएको छ। रामेछाप गुप्तेश्वरकी सुनुवारको ८१ वर्षको उमेरमा शनिबार उपचारका क्रममा ललितपुरमा निधन भएको हो। उनी थाइराइड क्यान्सरबाट पीडित थिइन्। उनको नेपाल क्यान्सर अस्पताल हरिसिद्धिमा निधन भएको हो। उनी सुनुवार सेवा समाज संघीय समिति सल्लाहकारसमेत थिइन्। पारिवारिक सदस्यका अनुसार उनको कान्छा छोरा अमेरिकाबाट नेपाल आउनुपर्ने भएकाले सोमबार पशुपति आर्यघाटमा अन्त्येष्टि हुन लागेको हो। उनको पार्थिव शरीरलाई सोमबार बिहान राप्रपा पार्टी कार्यालयमा राखिने र दिउँसो सुनुवार सेवा समाज संघीय समितिको कार्यालय कोटेश्वरमा राखिनेछ।

कांग्रेस बैठकमा मन्त्रीहरूको चर्को आलोचना

केशवप्रसाद पाण्डे/ नयाँ पत्रिको



तीन दिन चलेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा मन्त्रीहरूको चर्को आलोचना भए पनि निर्णयमा भने अर्थ र परराष्ट्र मन्त्रालयको भूमिकामा उल्लेख्य सुधार आएको दाबी गरिएको छ। प्रचार विभाग प्रमुख मीन विश्वकर्माले आइतबार केन्द्रीय कार्यालय सानेपामा पत्रकार सम्मेलन गरेर अर्थतन्त्र लयमा आएको तथा परराष्ट्र सम्बन्धमा उल्लेख्य सुधार भएकोलगायत निर्णय सार्वजनिक गरेका हुन्।

मन्त्रीहरूले पार्टीको भावनाअनुसार काम गर्न नसकेको भन्दै बैठकअवधिभर केन्द्रीय सदस्यहरूले आपत्ति जनाएका थिए। बैठकको अन्तिम दिन शनिबार धारणा राख्दै महामन्त्री गगन थापालेसमेत सरकारमा मन्त्रीहरूको कार्यसम्पादनमाथि असन्तुष्टि पोखेका थिए। उनले कार्यसम्पादनका आधारमा परिवर्तन या निरन्तरताबारे निर्णय लिनुपर्ने बताएका थिए। 'सरकारमा सहभागी भएको आठ महिना भयो। प्रत्येक मन्त्रीले यस अवधिमा गरेका आठवटा कामको सूची दिनुहोस्, जसको कारणले नागरिकको जीवनमा सकारात्मक परिवर्तन आयो र ती काम तपाईं नभएको भए हुँदैन थियो,' महामन्त्री थापाको भनाइ थियो, 'अब एक वर्षमा सरकारमा बसेर के गर्ने भन्ने लक्ष्य निर्धारण गरौं। त्यो लक्ष्य पूरा गर्न भनेजस्तो काम गरेनन् भने मन्त्री फेरौं।'

तर, निर्णयमा भने अर्थ र परराष्ट्र मन्त्रालयको भूमिकामा उल्लेख्य सुधार आएको दाबी गरिएको छ। गठबन्धन सरकारमा प्रभावशाली मन्त्रालयहरू अर्थ र परराष्ट्र कांग्रेसले हाँकिरहेको छ। अर्थमन्त्री डा. प्रकाशशरण महतले बैठकमा पेस गरेको रिपोर्ट कार्डकै आधारमा निर्णय सार्वजनिक गरिएको छ। 'विगतमा संकटग्रस्त देखिएको मुलुकको आर्थिक क्षेत्रमा विस्तारै सुधारका संकेतहरू देखिन थालेको, बैंकिङ प्रणालीमा तरलताको मात्रा बढेसँगै कर्जाको ब्याजदर क्रमशः घट्दै गएको, कर्जा प्रवाहमा वृद्धिसँगै घरजग्गाको कारोबारमा पनि वृद्धि भएकाले आर्थिक क्षेत्रमा सकारात्मक संकेतहरू देखिन थालेको छ,' कांग्रेस निर्णयमा भनिएको छ।

कांग्रेसले विगतको तुलनामा यस आर्थिक वर्षमा वस्तुको आयात कम भएको र वैदेशिक व्यापार घाटामा न्यूनीकरण हुनुलाई उपलब्धिको रूपमा लिएको छ। तर, निर्यातमा उल्लेख्य मात्रामा वृद्धि हुन नसक्दा व्यापारिक व्यावसायिक क्षेत्रमा सन्तोषजनक प्रगति हुन नसकेको उल्लेख गरिएको छ। त्यस्तै, पुँजीगत खर्च हुन नसक्ने विगतकै समस्या यथावत् रहेको, सम्पन्न आयोजनाको रकम समयमा भुक्तानी नहुँदा आयोजनाहरू कार्यान्वयनमा सुस्तता, बहुवर्षीय आयोजनाहरूलाई बजेट सुनिश्चितताको स्वीकृति दिने प्रचलनले आर्थिक दायित्व सिर्जना गरेको उल्लेख गरिएको छ।

कांग्रेसले परराष्ट्रका सवालमा संयुक्त राष्ट्रसंघका महासचिवको नेपाल भ्रमणलगायतलाई उपलब्धिका रूपमा उल्लेख गरेको छ। परराष्ट्रमन्त्री एनपी साउद इजरायली भूमिमा पुगेर गरेको नेपालीको उद्धारलाई साहसिक भएको उल्लेख गरिएको छ। त्यस्तै, हमासको नियन्त्रणमा रहेको भनिएका विपिन जोशीको रिहाइका लागि भइरहेको पहल, रुस-युक्रेन युद्धमा रुसी सेनामा भर्ना भई निधन भएकाहरूको शव खोजी गरी स्वदेश ल्याउने विषयमा थप कूटनीतिक पहल भइरहेको विषयसमेत उल्लेख गरेको छ।

'यस अवधिमा नेपालको परराष्ट्र सम्बन्धमा उल्लेख्य प्रगति भएको छ। संयुक्त राष्ट्रसंघका महासचिवको नेपाल भ्रमण सम्पन्न हुनु, नेपाली कामदार भएका मुलुकमा नेपाली राजदूतावास खोल्ने कार्य आफैंमा प्रशंसनीय कार्य भएको छ। हमास-इजरायल युद्धमा हमासको आक्रमणमा परी ज्यान गुमाएका नेपाली नागरिकको शव स्वदेश ल्याउने तथा विपत्मा परेका सयौं नेपाली विद्यार्थीहरूको उद्धारका लागि नेपालका परराष्ट्रमन्त्री नेपाली ध्वजाबाहक विमान लिएर आफैं युद्धग्रस्त मुलुकको भूमिमा पुगेर सफलतासाथ उद्धार गर्ने साहसिक कार्यले नेपाली जनतामा गौरव महसुस गराएको छ भने अन्तर्राष्ट्रिय जगतमा नेपालको साख वृद्धि भएको छ,' निर्णयमा भनिएको छ। यसबाहेक अन्य मन्त्रालयको विषयमा भने बैठकमा उल्लेख छैन। उपसभापति तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले सरकारका सम्बन्धमा उठेका जवाफ दिँदै गठबन्धन सरकार भएकाले कांग्रेसको अपेक्षाअनुसार काम हुन नसकेको जवाफ दिएका थिए। यद्यपि, सरकारमा सहभागी मन्त्रीहरूले पार्टी र जनभावनाअनुसार काम गर्ने प्रयास गरिरहेको उनको दाबी थियो।

कांग्रेसले संविधानअनुरूप संघीयता कार्यान्वयनसम्बन्धी कानुन बनाउन नसक्दा यसले तीनै तहका सरकार सञ्चालनमा असहज भएको निष्कर्ष पनि निकालेको छ। कानुन निर्माणमा तदारुकता देखाउन सरकारसँग आग्रह गरेको छ। संविधान कार्यान्वयनसँग जोडिएका र संविधानसम्मत संघीय निजामती ऐन, संघीय प्रहरी ऐन, विद्यालय शिक्षा ऐनजस्ता पारित हुने प्रक्रियामा रहेका कानुनहरू अविलम्ब पारित गराउन सरकारसँग माग गरको छ। यसअघि रोकिएको 'समुदायमा कांग्रेस' अभियानमा केन्द्रीय प्रतिनिधि खटाई ७ देखि २२ माघसम्म सञ्चालन गर्ने भएको छ। म्याद समाप्त भएका नेपाल विद्यार्थी संघ, तरुण दल, महिला संघ, किसान महासंघ, लोकतान्त्रिक आदिवासी जनजाति महासंघको र लोकतान्त्रिक खेलकुद संघको म्याद ६ महिना थप गरेको छ।

साथै, जनप्रतिनिधिको कामकारबाहीलाई निगरानी र समन्वयका लागि केन्द्रीय संयन्त्र गठन गर्ने निर्णय गरेको पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको थियो। त्यस्तै, तीनै तहको सहभागिता र समन्वयमा भूकम्प प्रभावित बलियो र दरिलो पुनर्निर्माणका लागि भन्दै १६ बुँदे सुझाव दिएको छ।

एमालेका पाँच प्रदेश सम्पर्क कमिटीमा नयाँ नेतृत्व



प्रदेश सम्पर्क कमिटीको अधिवेशन सकिएलगत्तै जिल्ला सम्पर्क मञ्चहरूको अधिवेशन गर्ने एमालेको तयारी

नयाँ पत्रिका

एमालेले प्रदेश सम्पर्क कमिटीहरूको अधिवेशन सुरु गरेको छ। आइतबारसम्म पाँच प्रदेश सम्पर्क कमिटीको अधिवेशन सकिएको छ। सात भौगोलिक र एक उपत्यकाविशेष गरी आठ प्रदेशको अधिवेशन सकिएलगत्तै एमालेले गैरभौगोलिक क्षेत्रअन्तर्गत पर्ने प्रदेश सम्पर्क कमिटीको अधिवेशन अगाडि बढाएको हो।

प्रदेश सम्पर्क कमिटीको अधिवेशन सकिएलगत्तै जिल्ला सम्पर्क मञ्चहरूको अधिवेशन गर्ने एमालेको तयारी छ। केन्द्रीय सम्पर्क समन्वय कमिटीका संयोजक श्याम बस्नेतले आइतबारसम्म मधेश प्रदेश सम्पर्क कमिटी, बागमती प्रदेश सम्पर्क कमिटी, कोशी प्रदेश सम्पर्क कमिटी, लुम्बिनी प्रदेश सम्पर्क कमिटी र सुदूरपश्चिम प्रदेश सम्पर्क कमिटीको अधिवेशन सम्पन्न भएको जानकारी दिए।

जसअनुसार आइतबार सम्पन्न मधेश प्रदेश सम्पर्क कमिटीको अधिवेशनबाट प्रवीणकुमार यादव अध्यक्ष, देव भण्डारी उपाध्यक्ष र वीरबहादुर कुँवर सचिवमा चयन भएका छन्। त्यस्तै, उपसचिवमा चेतकुमारी मैनाली र मोहम्मद इस्लाम राइन निर्वाचित भएका छन्। त्यस्तै, बागमती प्रदेश सम्पर्क कमिटीको अधिवेशनबाट अध्यक्षमा अशोक ठकुरी, उपाध्यक्षमा सरोजमोहन लामा, सचिवमा धनबहादुर पुलामी, उपसचिवमा अमृतकुमार खड्का र सरिता जिरेल चयन भएका छन्।

लेखा समिति अध्यक्षमा जगदीश अधिकारी निर्वाचित भएका छन्।

सुदूरपश्चिम सम्पर्क कमिटीको अध्यक्षमा सुरतबहादुर खत्री, उपाध्यक्षमा वीरबहादुर धामी, सचिवमा खगेन्द्रबहादुर साउद, उपसचिवमा पार्वती कठायत र नरेश धमेना चयन भएको एमाले केन्द्रीय कार्यालय सचिव खेम बोहराले जानकारी दिए। लुम्बिनी प्रदेश सम्पर्क कमिटीको अधिवेशनबाट अध्यक्षमा श्रीप्रसाद पाण्डे चयन भएका छन्। त्यस्तै, उपाध्यक्षमा नीलबहादुर सारूमगर, सचिवमा पूर्णबहादुर खत्री, उपसचिवमा ऋषिराम भुसाल र रोमनाथ ज्ञवाली निर्वाचित भएका छन्।

कोशी प्रदेश सम्पर्क कमिटीको अधिवेशनबाट अध्यक्षमा नवराज घिमिरे निर्वाचित भएका छन्। त्यस्तै, उपाध्यक्षमा विमल काफ्ले, सचिवमा सुरज काफ्ले चयन भएका छन् भने उपसचिवमा राजेन्द्र गुरुङ र शान्तिराम न्यौपाने निर्वाचित भएका छन्।

एमालेले नवौं महाधिवेशनपछि विधानमै व्यवस्था गरेर प्रदेश सम्पर्क कमिटीलाई पनि जिल्ला कमिटी सोसरहकै हैसियतमा काम गर्ने गरी मान्यता दिँदै आएको छ। केही दिनभित्रै सबै प्रदेश सम्पर्क कमिटीको अधिवेशन सम्पन्न भइसक्ने केन्द्रीय सम्पर्क समन्वय कमिटीका संयोजक बस्नेतले बताए। केन्द्रीय सम्पर्क समन्वय कमिटीलाई भने भूगोल क्षेत्रको प्रदेश कमिटी सोसरहको मान्यता दिइएको छ।

विपिनको रिहाइ प्रयास जारी छ : परराष्ट्रमन्त्री

कञ्चनपुर/ परराष्ट्रमन्त्री एनपी साउदले हमास समूहको नियन्त्रणमा रहेका नेपाली नागरिक विपिन जोशीको रिहाइका लागि सरकारले सबै प्रयास जारी राखेको बताएका छन्। आइतबार कञ्चनपुरको महेन्द्रनगर भाँसीस्थित शुक्लाफाँटा रेडियोको १७औं वार्षिकोत्सवमा मन्त्री साउदले विपिनको रिहाइका लागि हरसम्भव पहल भइरहेको बताएका हुन्।

'हमास समूहको नियन्त्रणमा रहेका कञ्चनपुरकै हाम्रै भाइछोरा विपिन जोशीको रिहाइका लागि मैले कतार भ्रमणका वेला त्यहाँका प्रधानमन्त्रीदेखि अन्य सबै निकायसँग प्रत्यक्ष छलफल गरेको छु,' उनले भने, 'यसअघिको युद्धविराममा वृद्धवृद्धा र बालबालिका तथा दोस्रो युद्धविराम हुँदा विपिन उच्च प्राथमिकताका साथ रिहाइ गर्छौं भन्ने आश्वासन पाइएको छ।' मन्त्री साउदले विपिनको रिहाइका लागि हमास समूहसँग सम्पर्कमा रहेका महत्त्वपूर्ण राष्ट्रका च्यानलमा प्रयास र छलफल जारी राखेको बताए।

पदको लुछाचुँडी छोड्नुपर्छ : डा. भण्डारी

मकवानपुर/ कांग्रेस केन्द्रीय सदस्य डा. चन्द्र भण्डारीले पद र प्रतिष्ठाका लागि लुछाचुँडी गर्न छोडेर नेताहरूले देश विकासको काममा लाग्नुपर्ने बताएका छन्। बिपी विचार समाज मकवानपुरले ४८औं राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका सन्दर्भमा आइतबार हेटौंडामा आयोजना गरेको विचार गोष्ठीमा उनले पद र प्रतिष्ठाका लागि नेताहरूले लुछाचुँडी गर्न छोड्नुपर्ने बताएका हुन्। विश्वेश्वरप्रसाद कोइराला आफ्नो दृष्टिकोणबाट कहिल्यै पनि विचलित नभएको नेताका रूपमा स्मरणीय रहेको भन्दै उनले अहिलेका नेताहरूले बिपीबाट धेरै कुरा सिक्नुपर्ने बताए। नेता भण्डारीले बिपी सत्य र निष्ठाका प्रतीक भएको चर्चा गर्दै उनीसँग राष्ट्र बनाउने सपना रहेको जिकिर गरे।

NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.
('नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको')
कर्पोरेट कार्यालय, बनेपा फोन नं. : +९७७-०११-६६००३४

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०।०९।१६ (नयाँ पत्रिका राष्ट्रिय दैनिकबाट प्रकाशित)

यस लघुवित्त वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति सुरक्षण वापत धितो राखी वा नराखी तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखी लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त विरुत्तीय संस्थासँग गरेको लिखत बमोजिम धितोमा रहेको वा नरहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीयसंस्थाको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै उक्त चल अचल श्रीसम्पती लिलाम बिक्रीबाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.१	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : डकैला, पर्सा	**नाजमा खातुन (ऋणी)** ना.प्र.नं. : ३४-०१-७५-१८०२५ जारी मिति/जिल्ला : २०७५/१२/२१, पर्सा स्थायी ठेगाना : सखुवा प्रसौनि गा.पा वडा नं.०३, पर्सा हालको ठेगाना : सखुवा प्रसौनि गा.पा वडा नं.०३, पर्सा पति : नवीरसुल अंसारी ससुरा : टैट मिया अन्सारी पिता : समसुलहक अंसारी **१) नवीरसुल अंसारी (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ३४३०४२/२४ जारी मिति/जिल्ला : २०७०/०२/१३, पर्सा स्थायी ठेगाना : कौवावन कटैया गा.वि.स वडा नं.०५, पर्सा हालको ठेगाना : सखुवा प्रसौनि गा.पा वडा नं.०३, पर्सा पिता : टैट मिया अन्सारी बाजे : डोमा मिया जोलहा	**२) मजमुल खातुन (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ३४३०४२/२४३ जारी मिति/जिल्ला : २०६३/१२/२२, पर्सा स्थायी ठेगाना : कौवावनकटैया गा.वि.स वडा नं.०६, पर्सा हालको ठेगाना : सखुवा प्रसौनि गा.पा वडा नं.०३, पर्सा पति : खेदु मिया बढइ ससुरा : चाँद मिया बढइ पिता : बसरली बढइ **३) सारदा खातुन (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ३४-०१-७३-०२१४४ जारी मिति/जिल्ला : २०७३/०२/१२, पर्सा स्थायी ठेगाना : कौवावनकटैया गा.वि.स वडा नं.०५, पर्सा हालको ठेगाना : सखुवा प्रसौनि गा.पा वडा नं.०३, पर्सा पति : टैट मिया अन्सारी ससुरा : डोमा मिया जोलहा पिता : हसन मिया अन्सारी
क्र.सं.२	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : डकैला, पर्सा	**अनिता कुमारी महरा चमार (ऋणी)** ना.प्र.नं. : १६०३२८५८३ जारी मिति/जिल्ला : २०६३/०१/१५, पर्सा स्थायी ठेगाना : बिन्दबासिनी गा.पा वडा नं.०३, पर्सा हालको ठेगाना : बिन्दबासिनी गा.पा वडा नं.०३, पर्सा पति : उमेश चमार ससुरा : हरि चमार पिता : गोपाल महरा चमार	**१) उमेश चमार (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ३४३०४०/१६५ जारी मिति/जिल्ला : २०६४/०१/१२, पर्सा स्थायी ठेगाना : झौवागुठी गा.वि.स वडा नं.०२, पर्सा हालको ठेगाना : बिन्दबासिनी गा.पा वडा नं.०३, पर्सा पिता : हरि चमार बाजे : रघुनी महरा **२) पुनीता देवी (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ३४-०१-७७-०४०१९ जारी मिति/जिल्ला : २०७७/०९/०८, पर्सा स्थायी ठेगाना : बिन्दबासिनी गा.पा वडा नं.०३, पर्सा हालको ठेगाना : बिन्दबासिनी गा.पा वडा नं.०३, पर्सा पति : अकलेश प्रसाद चौरसिया ससुरा : सिवनाथ राउत बरै पिता : बिजुली प्रसाद चौरसिया
क्र.सं.३	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : डकैला, पर्सा	**पुजा कुमारी (ऋणी)** ना.प्र.नं. : ३४-०१-७८-००२९६ जारी मिति/जिल्ला : २०७८/०१/१३ पर्सा स्थायी ठेगाना : पर्सागढी न.पा वडा नं.०७, पर्सा हालको ठेगाना : पर्सागढी न.पा वडा नं.०७, पर्सा पति : राकेश पाण्डेय ब्राहमन ससुरा : जितेन्द्र पाण्डेय ब्राहमन पिता : नागेन्द्र उपाध्याय	**१) जितेन्द्र पाण्डेय ब्राहमन (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ३४३००६/१७० जारी मिति/जिल्ला : २०६३/१२/०९, पर्सा स्थायी ठेगाना : बागेश्वरी तित्रौना गा.वि.स वडा नं.०३, पर्सा हालको ठेगाना : पर्सागढी न.पा वडा नं.०७, पर्सा पिता : अवधेश पाण्डेय बाजे : छठु पाण्डेय **२) मिरा देवी गोढी (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ३४-०१-७५-०३३७१ जारी मिति/जिल्ला : २०७५/०३/११, पर्सा स्थायी ठेगाना : पर्सागढी न.पा वडा नं.०६, पर्सा हालको ठेगाना : पर्सागढी न.पा वडा नं.०६, पर्सा पति : मानिक चन्द गोडी ससुरा : कारी सहनी गोडी पिता : इनरदेव सहनी
क्र.सं.४	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : डकैला, पर्सा	**संगिता देवी (ऋणी)** ना.प्र.नं. : ३४-०१-७७-०७३३४ जारी मिति/जिल्ला : २०७७/११/१२, पर्सा स्थायी ठेगाना : पर्सागढी न.पा वडा नं.०७, पर्सा हालको ठेगाना : पर्सागढी न.पा वडा नं.०७, पर्सा पति : सत्यदेव पाण्डेय ससुरा : अन्नत पाण्डेय पिता : विध्या उपाध्या	**१) सत्यदेव पाण्डेय (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ३४३००६/२९१ जारी मिति/जिल्ला : २०६३/१२/१२, पर्सा स्थायी ठेगाना : बागेश्वरी तित्रौना गा.वि.स वडा नं.०३, पर्सा हालको ठेगाना : पर्सागढी न.पा वडा नं.०७, पर्सा पिता : अन्नत पाण्डेय बाजे : राम अवधेश पाण्डेय **२) मिरा देवी गोढी (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ३४-०१-७५-०३३७१ जारी मिति/जिल्ला : २०७५/०३/११, पर्सा स्थायी ठेगाना : पर्सागढी न.पा वडा नं.०६, पर्सा हालको ठेगाना : पर्सागढी न.पा वडा नं.०६, पर्सा पति : मानिक चन्द गोडी ससुरा : कारी सहनी गोडी पिता : इनरदेव सहनी
क्र.सं.५	**ऋणीको विवरण**	**जमानीकर्ताहरुको विवरण**
शाखा कार्यालय : डकैला, पर्सा	**शिला देवी (ऋणी)** ना.प्र.नं. : ३४-०१-७३-०२७७४ जारी मिति/जिल्ला : २०७३/०२/२४, पर्सा स्थायी ठेगाना : बागेश्वरी तित्रौना गा.वि.स वडा नं.०३, पर्सा हालको ठेगाना : पर्सागढी न.पा वडा नं.०६, पर्सा पति : खेदु सहनी ससुरा : बालदेव सहनी पिता : हरी सहनी गोढी	**१) खेदु सहनी (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : ३४३००६/२९० जारी मिति/जिल्ला : २०६३/१२/१२, पर्सा स्थायी ठेगाना : बागेश्वरी तित्रौना गा.वि.स वडा नं.०३,पर्सा हालको ठेगाना : पर्सागढी न.पा वडा नं.०६, पर्सा पिता : बालदेव सहनी बाजे : सुखल सहनी **२) मिरा देवी गोढी (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : ३४-०१-७५-०३३७१ जारी मिति/जिल्ला : २०७५/०३/११, पर्सा स्थायी ठेगाना : पर्सागढी न.पा वडा नं.०७, पर्सा हालको ठेगाना : पर्सागढी न.पा वडा नं.०७, पर्सा पति : मानिक चन्द गोडी ससुरा : कारी सहनी गोडी पिता : इनरदेव सहनी

Corporate Office: Banepa-8, Kavreplanchowk
Phone : 011-660034 | www.nicasialaghubitta.com
साथी सँगै सबल बन्दै

क्र.सं.६	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
शाखा कार्यालय : दुधौली , सिन्धुली	**बिष्णु कुमारी विश्वकर्मा (ऋणी)** ना.प्र.नं. : ३०८८/२६६४ जारी मिति/जिल्ला : २०४६/०३/०२, सिन्धुली स्थायी ठेगाना : हर्षाही गा.वि.स वडा नं.०८, सिन्धुली हालको ठेगाना : दुधौली न.पा वडा नं.०६, सिन्धुली पति : बल बहादुर विश्वकर्मा ससुरा : पिर्थि मान पिता : जितमान **१) बल बहादुर विश्वकर्मा (व्यक्तिगत जमानीकर्ता)** ना.प्र.नं. : १३८८ जारी मिति/जिल्ला : २०४३/०९/०८, सिन्धुली स्थायी ठेगाना : महादेवडाडा गा.वि.स वडा नं.०३, सिन्धुली हालको ठेगाना : दुधौली न.पा वडा नं.०६, सिन्धुली पिता : पिर्थि मान बाजे : कविरे सिँह	**२) सरिता घिसिङ (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : १०४८/४६ जारी मिति/जिल्ला : २०६९/०७/२३, सिन्धुली स्थायी ठेगाना : हर्षाही गा.वि.स वडा नं.०९, सिन्धुली हालको ठेगाना : दुधौली न.पा वडा नं.०६, सिन्धुली पति : प्रेम कुमार लोप्चन ससुरा : अष्ट बहादुर लोप्चन पिता : चावा घिसिङ **३) मान कुमारी वि.क (सामुहिक जमानीकर्ता)** ना.प्र.नं. : २०१०४८/८ जारी मिति/जिल्ला : २०६९/०७/२३, सिन्धुली स्थायी ठेगाना : दुधौली न.पा वडा नं.०६, सिन्धुली हालको ठेगाना : दुधौली न.पा वडा नं.०६, सिन्धुली पति : शान्ती मान विश्वकर्मा ससुरा : हर्कमान विश्वकर्मा पिता : ढम्बरे कामी

नोट : ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको छ।

Corporate Office: Banepa-8, Kavreplanchowk
Phone : 011-660034 | www.nicasialaghubitta.com
साथी सँगै सबल बन्दै

नेपथ्यले ल्यायो 'पचासै वर्षमा'



लोक रक ब्यान्ड नेपथ्यले नयाँ गीत 'पचासै वर्षमा' सार्वजनिक गरेको छ। गीतमा ५० वर्षको अन्तरालमा समग्र समाजदेखि प्रविधिसम्मले ल्याएका फरक भोगाइलाई समेटिएको छ। गायक अमृत गुरुङले गीतको प्रसंग झन्डै ६ वर्षअघि सुरु भएको बताए। गीतलाई नवीन जोशीले म्युजिक भिडियोका रूपमा ढालेका हुन्।

'गाउँ आएको बाटो' 'पुणे फिल्म फेस्टिभल'मा



नवीन सुब्बा निर्देशित चलचित्र 'गाउँ आएको बाटो' भारतको 'पुणे अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल'मा छनोट भएको छ। भारतको महाराष्ट्र राज्यको पुणे सहरमा जनवरी १८ देखि २५ सम्म सञ्चालन हुने फेस्टिभलको 'ग्लोबल सिनेमा सेक्सन'अन्तर्गत छनोट भएको हो। चलचित्रमा दयाहाङ राई, पशुपति राईलगायतको अभिनय छ।

शारीरिक सक्रियताको कमीले हुन सक्छ जोर्नी दुखाइ

गर्मीको दाँजोमा जाडो मौसममा मानिस कम सक्रिय रहन्छन्। शारीरिक सक्रियताको कमीका कारण देखिने समस्यामध्ये हाडजोर्नीको दुखाइ महसुस हुनु एक हो। अन्य कारणले पनि जोर्नी दुखेको हुन सक्छ। चिसोका कारण स्नायु रिसेप्टर्सको दुखाइ सहने क्षमता घटेर यस्तो महसुस भएको हुन सक्छ। त्यस्तै, अत्यधिक जाडोले रक्तकोषिकहरू खुम्चिएर औंला, घुँडा, पैतालालगायतमा रक्तप्रवाह घटेर दुखाइ बढ्न सक्छ। तापक्रम घट्दा मांसपेशीमा दुखाइ बढ्छ र जोर्नीहरू पहिलेको दाँजोमा कडा बन्छन्। त्यस्तै, जाडोमा घरभित्रै बस्ने मानिसमा घामको प्रकाशको कमीका कारण भिटामिन डीको मात्रा कम हुन सक्छ, जसकारण हड्डी र मांसपेशीको कार्यप्रणाली तथा स्वास्थ्यमा असर गर्छ।

'जोर्नी दुखाइ सधैं हुन सक्छ। यसका विभिन्न कारण छन्। तर, कतिपयले जाडोमा धेरै दुखाइ महसुस गर्नुहुन्छ। युरिकएसिडको बाथ चिसोका कारण बल्झिने, खुट्टा दुख्ने हुन सक्छ। जोर्नीभित्र तरल पदार्थ (भिस्कोसिटीहरू)मा जाडोमा बाक्लोपन बढ्छ। जसकारण अररो पनि हुन्छ। अनि कतिपयलाई दुखाइ महसुस हुन्छ,' त्रिवि शिक्षण अस्पताल महाराजगन्जका रिम्याटोलोजिस्ट डा. साकेत झाले भने, 'जाडोमा शरीरका कोर अंगहरूलाई तातो पार्नका लागि नाक चिसो हुने, खुट्टाहरू चिसो हुनेलगायत लक्षण देखिन्छन्। यो नर्मल मेकानिजम भयो, हात निलो हुने, रक्तसञ्चार राम्रो नहुँदा सेतो हुनेलगायत पनि हुन्छ। पानी चलाइरहने मानिसमा हातहरूमा जोर्नीवरिपरि दुख्ने, औंलाहरू दुख्ने, हात कालो हुने हुन्छ।'

जाडोमा जीवनशैली र खानपानमा ध्यान दिएर यस्तो समस्या कम गर्न सकिने उनले बताए। 'तातो गरी बस्नुपर्‍यो। शारीरिक रूपमा सक्रिय हुनुपर्छ। जाडोमा सकेसम्म चिसो पानी कम चलाउने। झोलिलो पदार्थहरू खाने गर्नुपर्छ,' उनले भने।

पोखरास्थित फेवासिटी हस्पिटलका हाडजोर्नी तथा नसारोग विशेषज्ञ डा. दिनेशकुमार विक बाथको समस्या, मोटोपन भएका व्यक्ति तथा वृद्धवृद्धामा समस्या दुखाइ धेरै महसुस हुने बताउँछन्। 'जाडोमा जति पनि जोर्नीका समस्या धेरै हुन्छ। यसमा उमेरले गर्दा हुने जोर्नी खिइने समस्या पनि देखिन्छ। बाथका कारण पनि समस्या देखिन्छ। रोगअनुसार फरक-फरक उपचार हुन्छ। पहिलो कुरा, न्यानो कपडा लगाउने, शरीरलाई सक्रिय राख्नुपर्‍यो,' उनले भने, 'लामो समयसम्म जोर्नी दुख्ने, दुखाइ बढिरहने भएमा चिकित्सकसँग सल्लाह गर्नुपर्ने हुन्छ। युरिकएसिडलगायत विभिन्न समस्याका कारण यसअघि नै जोर्नी दुख्ने समस्या भएकाले जाडोमा धेरै दुख्यो भने औषधिको मात्रा मिलाउन चिकित्सकसँग सम्पर्क राख्नुपर्छ।'



डाक्टरको सल्लाह



डा. दिनेशकुमार विक
हाडजोर्नी तथा नसारोग विशेषज्ञ, फेवासिटी हस्पिटल, पोखरा

जाडोमा जति पनि जोर्नीका समस्या धेरै हुन्छ। यसमा उमेरले गर्दा हुने जोर्नी खिइने समस्या पनि देखिन्छ। बाथका कारण पनि समस्या देखिन्छ। रोगअनुसार फरक-फरक उपचार हुन्छ। पहिलो कुरा, न्यानो कपडा लगाउने, शरीरलाई सक्रिय राख्नुपर्‍यो।

■ कस्ता व्यायाम गर्न सकिन्छ ?

तौल घटाउने प्रयास गर्नुपर्छ। किनकि, तौल बढ्दा जोर्नीमा भार बढ्छ र दुखाइ पनि घट्छ। व्यायामले शरीरलाई सक्रिय राख्छ। तर, एकैपटक कडाखाले व्यायाम गर्नुहुँदैन। यसले उल्टै मांसपेशीलाई क्षति पुर्‍याउन सक्छ। हाडजोर्नीसँग सम्बन्धित समस्या भएकाहरूले जिम जानुअघि एकपटक चिकित्सकसँग परामर्श गर्नु राम्रो हुन्छ।

जोर्नीहरूलाई लचिलो बनाउन दैनिक हिँड्न सकिन्छ। हिँड्दा तनाव कम हुन्छ र मानसिक रूपमा पनि आराम महसुस हुन्छ। तर, चिसोको समय घाम लागेर जमिन हल्का तातेपछि मात्रै हिँड्नु राम्रो हुन्छ। एकाबिहानै हिँड्न निस्कँदा चिसो र प्रदूषणको असरले उल्टै अन्य समस्या देखिन सक्छन्। घर वा जिम क्लबमा ट्रेडमिलमा हिँड्न पनि सकिन्छ। विभिन्न स्ट्रेचिङ गर्न सकिन्छ।

दैनिक योग गर्दा पनि जोर्नीसँग सम्बन्धित समस्या कम भएर जान्छ। हाडजोर्नी बलियो बनाउन हठ योग वा रेस्टोरेटिभजस्ता आसन गर्न सकिन्छ। योग प्रशिक्षकसँग सल्लाह गरेर हाडजोर्नी बलियो बनाउने आसन गर्दा हुन्छ।

साइक्लिङ अर्को राम्रो विकल्प हुन सक्छ। घरमै पनि विभिन्न कामहरू गरेर शारीरिक रूपमा सक्रिय रहन सकिन्छ।

■ खानपिनमा दिनुस् ध्यान

ओमेगा ३ फ्याटी एसिडयुक्त खानेकुरा एभोकाडो, आलस, बियाँयुक्त खानेकुरा, ओखर, माछा आदिमा एन्टिअक्सिडेन्ट प्रचुर मात्रामा हुन्छ। डाक्टरको सल्लाहमा भिटामिन डी सप्लिमेन्टस लिन सकिन्छ। बिहानको घाम ताप्नु राम्रो हुन्छ।

कतिपयले जाडोमा जिउ ततााउन भन्दै मदिरा लिने गरेका छन्। यो भ्रम हो। धूम्रपान र मदिराले जोर्नीहरू कमजोर बनाउने भएकाले यसबाट टाढै बस्नु राम्रो हुन्छ। त्यस्तै, जंकफुडबाट टाढा रहनु राम्रो हुन्छ।

घरको सुन्दर सजावटका लागि फल्स सिलिङ



हिजोआज आधुनिक घरका भित्ता र भुइँजत्तिकै सिलिङ सजावटमा विशेष ध्यान दिन थालिएको छ। पहिले घरको झ्याल, ढोका, भ्याङ, भुइँ, भित्ताको सजावटमा ध्यान दिने गरिन्थ्यो। तर, पछिल्लो समय लाइट, सिलिङ फ्यान राखिने सिलिङमा अन्य थुप्रै कुरा प्रयोग गरेर आकर्षक बनाउने क्रम बढ्दो छ।




रामगोपाल तन्डुकार
महासचिव
इन्टेरियर डिजाइनर एसोसिएसन अफ नेपाल

सिलिङ प्रयोग गर्दा

- विशेषगरी घर बनाउँदा बीचमा बिम परेको हुन्छ। जसले गर्दा घरको भित्री डिजाइनलाई नराम्रो देखाउँछ। त्यसैले बिम छोप्न फल्स सिलिङ प्रयोग गर्ने गरिन्छ।
- भान्सा कोठा, बैठक कोठा, सुत्ने कोठालगायत सबै कोठाका सिलिङलाई फरक डिजाइनमा ढाल्न सकिन्छ।
- सिलिङमा रङ लगाउँदा भित्ताको रङ कस्तो छ भन्ने विषेश ध्यान दिनुपर्छ। कोठामा घाम छिर्दा सिलिङमा प्रकाश ठोकिन पुग्छ। तसर्थ, प्रकाशले कोठाको लुक्सलाई नै फरक देखाउने भएकाले पनि कृत्रिम प्रकाश र रङको संयोजनमा विशेष ध्यान दिनुपर्छ।
- सिलिङमा रङ लगाउँदा भित्ताको रङ कस्तो छ भन्ने कुरामा ध्यान दिनुपर्छ। कृत्रिम प्रकाश र रङ मिलाउँदा अझ राम्रो हुन्छ। सिलिङमा ह्वाइट वा ह्वाइट क्रिम कलर प्रयोग गर्न पनि सकिन्छ।
- फल्स सिलिङ रोजाइअनुसारका रङ र थिममा बनाउन पनि सकिन्छ।

ब्युटी टिप्स



सुन्दर हेयर स्टाइल...

- लाम्चो अनुहार भएका युवातीलाई छोटो कपालमै सुन्दर देखिन्छ। लामो कपालले अनुहारलाई झनै लाम्चो देखाउँछ।
- गोलो अनुहार भएको युवतीले चिउँडो वा घाँटीसम्म आउने गरी ब्लन्ड वा थाइकट गर्नु राम्रो हुन्छ। तर, यस्तो हेयर स्टाइल दिँदा बीचमा सिउँदो निकाल्नुपर्छ। यो स्टाइलले गोलो अनुहारलाई केही लाम्चो देखाइदिन्छ। गोलो अनुहार भएका युवतीले सेज्जी वा फेडर कट भने राख्नुहुँदैन।
- बाटुले अनुहार भएका युवतीलाई कर्ली हेयर स्टाइल सबैभन्दा उत्तम हुन्छ। तर, कपाल छोटो बनाएर कर्ली स्टाइल दिनुपर्छ। निधार कपालले छोपेको हुनुपर्छ। आइलाइनभन्दा तल भने झार्नुहुँदैन। लुज पर्म पनि गरिदियो भने राम्रो देखिन्छ।
- चुच्चो नाक भएका युवतीले टाउको पछाडि हल्का च्यापेर कुमसम्म कपाल झर्दा उत्कृष्ट लुक्स देखाउँछ। निधारतर्फको भागमा हल्का छोटो पार्नुपर्छ।



राष्ट्रिय मेलमिलाप नीतिको सान्दर्भिकता

अहिलेको नेपालको तरल राजनीतिक अवस्थामा बिपि कोइरालाले अवलम्बन गरेको राष्ट्रिय मेलमिलापको नीति थप सान्दर्भिक देखिएको छ



● मनोहर कार्की

अग्रलेख

लोकतन्त्र र लोकसम्मति एक-अर्काका परिपूरक हुन् । लोकतन्त्रमा लोकसम्मतिलाई केन्द्रबिन्दुमा राखेर राज्यको शासनविधि सञ्चालन गरिन्छ । लोकसम्मतिअनुसार राज्यसञ्चालन गर्ने परिपाटी अवलम्बन गर्नु वास्तविक अर्थमा विधिको शासनको मान्यता हो । यस मानेमा हाम्रो शासन प्रणालीलाई शासन सञ्चालकले कत्तिको विधिको शासनको मियोका रूपमा अंगीकार गर्छन्, त्यसले खास महत्त्व राख्छ । यसै सन्दर्भमा राजनीतिक विश्लेषकहरूले असल शासक त्यही हो, जसले सबैभन्दा कम शासन गर्छ भनेका छन् । राजनीतिमा असल शासन लोकसम्मतिको आधार हो । यस मानेमा लोकसम्मतिको आधारशिलामा राज्यव्यवस्था सञ्चालन गर्ने उदाहरणीय शासकका रूपमा थोरै व्यक्तिले आफ्नो भूमिका जनमानसमा प्रस्तुत गर्न सकेका छन् । तिनै व्यक्तिहरूको नाम लिँदा बिपि कोइरालाको नाम अग्रपंक्तिमा आउँछ, जसले शासकभन्दा जनपथप्रदर्शकका रूपमा जननिर्वाचित सरकारको नेतृत्व गरेको उदाहरण हामीमाझ छ । लोकतन्त्रलाई जनताको आशाको मियो र अभिमतको सहमतिका रूपमा लिएर जनजीविकाका सवालमा लागिपर्ने नेता विरलै पाइन्छन् । शासनको बागडोरलाई शक्ति आर्जनको प्रदूषणबाट मुक्त राखेर आफू र आफूले प्राप्त गरेको शक्तिलाई जनताको सेवामा लगाउन सक्ने राजनेताको खडेरी पुर्ने उदाहरणीय व्यक्तित्व हुन् बिपी । उनी विचार र आदर्शका पथप्रदर्शक पनि हुन् । नेतृत्ववर्ग सत्ता र शक्तिको उन्मादमा रोमका सम्राट निरोझैं दिग्भ्रमित र अन्य मनस्क चिन्तन र सोचबाट ग्रस्त रहँदै आएका छन् । सन्दर्भ र घटनाक्रमले दिगो तथा कुशल निर्णय क्षमताको खोजी गर्दै रहँदा राष्ट्रिय मेलमिलाप तथा एकता दिवसको सान्दर्भिकतालाई आजको सन्दर्भमा थप घनिभूत बनाएको छ । आमजनमानस लोकतान्त्रिक गणतन्त्र र संघीय शासन प्रणालीमा सुशासनको प्रत्याभूति चाहन्छन् । राजनीतिक संस्कृति र संस्कारको शालीनता हाम्रो लोकतन्त्रको आधार हुनुपर्छ । राष्ट्रिय मेलमिलाप र एकताले दिने सन्देश राजनीतिक स्थायित्व, दिगोपन र जनजीविकाको सवालमा साझा धारणा र सहकार्य नै हो ।

नेपालको राजनीतिक इतिहासमा विसं ०२३ साल पुस १६ गतेको ऐतिहासिक दिनले विशेष महत्त्व राख्छ । यसैदिन नेपाली राजनीतिका एक शिखर व्यक्तित्व तथा प्रजातान्त्रिक समाजवादी विचारका प्रणेता जननायक बिपी कोइराला छिमेकी राष्ट्र भारतको आठ वर्ष लामो निर्वासनपश्चात् राष्ट्रिय एकता तथा मेलमिलापको नीति अंगीकार गरी नेपाली जनता र नेपाली माटोको चाहनालाई मूर्ततामा पैरवी गर्दै साहसिक निर्णयसाथ पार्टीका अन्य नेता तथा निष्ठावान् कार्यकर्तासहित स्वदेश फर्किनुभयो । त्यतिवेला भारतमा रहेका प्रबुद्ध राजनीतिक तथा अनन्य शुभचिन्तकहरूले नेपालभित्रको परिस्थिति बिपीका लागि अनुकूल नभएकाले आफ्नो निर्णयमा पुनर्विचार गर्नसमेत सुझाएका थिए । तथापि, बिपी आफ्नो निर्णयमा अडिग रहेर नेपाल फर्किनुभयो । यस ऐतिहासिक दिनको सम्झना र संस्मरणमा प्रत्येक वर्ष पुस १६ गतेका दिन राष्ट्रिय एकता तथा मेलमिलाप दिवसका रूपमा कांग्रेसले देशव्यापी रूपमा मनाउँदै आएको छ । तत्कालीन निरंकुश पञ्चायती शासनव्यवस्थामा दलमाथिको कडा प्रतिबन्ध, राजनीतिक दलका कुनै पनि शान्तिपूर्ण कार्यक्रम तथा भेलामा समेत रोक तथा चरम धरपकडको अवस्थामा आफूमाथि करिब एक दर्जनजति राजद्रोह तथा राजकाजसम्बन्धी पञ्चायती शासकको कथित मुद्दाका बाबजुद असहज परिस्थितिमा निर्भीक, दृढनिश्चयी तथा साहसिक राजनेताका रूपमा कोइराला राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फर्किनुभयो । स्वदेश फर्किँदै गर्दा उहाँले लोकतन्त्रको प्रवर्द्धन अनि राजसंस्थाको हितमा पनि आफूले राष्ट्रिय मेलमिलापको नीति लिएर एकताको सन्देश प्रवाह गर्दै स्वदेश फर्किएको विचार राख्नुभएको थियो ।

राष्ट्रिय मेलमिलापको नीतिको सान्दर्भिकतासँग समकालीन क्षेत्रीय तथा अन्तर्राष्ट्रिय परिस्थितिलाई पनि कारकका रूपमा लिन सकिन्छ नै । बिपीको सोचपूर्ण निर्णयशक्तिका पछाडि विशेषतः अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरूको कूटनीतिक चलखेल, दक्षिण एसिया क्षेत्रको तरल क्षेत्रीय राजनीतिक असन्तुलन तथा सामरिक महत्त्व र दक्षिण एसिया क्षेत्रको क्षेत्रीय मामिलामा चासो राख्ने शक्तिराष्ट्र र शक्तिकेन्द्रहरूको निहित स्वार्थअनुकूल हित आर्जन गर्ने कुत्सित परिदृश्यले नेपालको राष्ट्रियता र अखण्डतामा चुनौती दिएको उहाँको ठम्याइ थियो । त्यसैलाई आधार बनाएर अन्ततः नेपाली जनमाझ आफ्ना विचार, राजनीतिक चिन्तन र नीतिलाई उजागर गर्ने आशयसाथ उहाँ स्वदेश फर्किनुभएको हो भन्ने विश्लेषण सही हुन सक्छ । बिपीको मेलमिलाप नीतिले गर्दा नै नेपाली कांग्रेस तथा नेपाली राष्ट्रिय अखण्डता र नेपाली राजनीतिलाई सहकार्य तथा सहअस्तित्वका आधारमा अगाडि लैजानुपर्छ भन्ने मान्यताको जोडदार वकालत हुन सक्यो । साँच्चै भन्ने हो भने उहाँमाथि तत्कालीन पञ्चायती शासकले लगाएका कथित मुद्दा पञ्चायती न्यायालयमा प्रमाणित भएकाभए मृत्युदण्डसमेत हुन सक्ने अवस्था थियो । त्यसैले त बिपी कोइरालाले लिएको स्वदेश फिर्तिको निर्णयलाई राजनीतिक विश्लेषकहरूले साहसिक तथा दूरगामी निर्णयका रूपमा लिएको बुझ्न सकिन्छ ।



> लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, राजनीतिक स्थायित्व तथा संस्कारको दिगोपनका दिशामा देखिएका अनगिन्ती समस्या समाधानका लागि सहकार्य र मेलमिलाप अंगीकार गरेर राजनीतिक निर्णय गरिएको खण्डमा भोलिको नेपालले सही दिशा पाउनेछ

> आन्तरिक राजनीतिक व्यवस्थापन र पार्टीपंक्तिलाई साना गुट र उपगुटको संस्कृतिबाट माथि उठाएर सबल र लोकतन्त्रको मियो पार्टीका रूपमा स्थापित गर्नमा कांग्रेस नेतृत्वका लागि चुनौती र अवसर पनि हो राष्ट्रिय मेलमिलाप दिवस

नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री बिपी कोइरालाले विसं ००७ को क्रान्तिपश्चात् नै संविधानसभामार्फत संविधान निर्माणको विचारलाई राजनीतिक एजेन्डाका रूपमा अघि सार्नुभएकै हो । यसका साथै तत्कालीन राजा त्रिभुवनले पनि जननिर्वाचित सभाका माध्यमबाट जनताको इच्छा र चाहनाअनुसारको संविधान निर्माण गर्ने कुरा शाही घोषणामार्फत व्यक्त गरेका थिए । वर्तमान नेपालको राजनीतिक व्यवस्था र लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको प्रतिबिम्बका रूपमा नेपालको संविधान २०७२ लिन सकिन्छ । जसलाई राजनीतिकका शक्तिकेन्द्र सार्वभौम जनता, प्रमुख दल, लोकतान्त्रिक शक्ति नेपाली कांग्रेस तथा समग्र कम्युनिस्ट शक्तिहरूको साझा उपलब्धिका रूपमा लिन सकिन्छ नै । समावेशी, प्रतिनिधिमूलक तथा समानुपातिक परिपाटीसहितको लोकतन्त्रको संस्थागत विकासमा अर्जुनदृष्टि आजको आवश्यकता र अपरिहार्यता पनि हो । हामीले आर्जन गरेका उपलब्धिलाई बिपीले विगतमा उठाएको राष्ट्रिय मेलमिलाप नीतिको अभिन्न अंगका रूपमा नै लिएर विश्लेषण गर्दा अतिशयोक्ति नहोला ।

बिपी कोइरालाले अवलम्बन गरेको राष्ट्रिय मेलमिलापको नीति अहिलेको नेपालको तरल राजनीतिक अवस्थामा अझ सान्दर्भिक र महत्त्वको रहेकोमा राजनीतिक विश्लेषकहरूको एकमत रहेको छ । समसामयिक अवस्थामा लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, राजनीतिक स्थायित्व तथा संस्कारको दिगोपनका दिशामा हाम्रासामु देखिएका अनगिन्ती समस्या समाधानका लागि सहकार्य र मेलमिलापका क्षेत्रलाई अंगीकार गरेर राजनीतिक निर्णय गरिएको खण्डमा भोलिको नेपालले स्पष्ट दिशा पाउनेछ । केही सान्दर्भिक कुरा यहाँ उठान गरिनु सान्दर्भिक नै रहला । राष्ट्रिय मेलमिलाप नीतिको कुरा गर्दा बिपी कोइरालाकै पार्टी कांग्रेसभित्रको आन्तरिक राजनीतिक व्यवस्थापन र पार्टीपंक्तिलाई साना हित गुट र उपगुटको संस्कृतिबाट माथि उठाएर सबल र लोकतान्त्रिक मियोको एक मात्र पार्टीका रूपमा स्थापित गर्नुमा कांग्रेस नेतृत्वका लागि चुनौती र अवसर पनि हो । कांग्रेसभित्रको आन्तरिक राजनीतिको तरलताले सिंगो पार्टीको दिशाबोध, पार्टी विचार र नीतिको कार्यान्वयन तथा पार्टीको जनमुखी भूमिकालाई कुशल व्यवस्थापन थप चुनौतीका रूपमा तेर्सिएको छ । साथै, मेलमिलाप र एकताको सन्देशलाई पार्टीको आन्तरिक राजनीतिमा अझ गवेषणात्मक र चुस्त बनाउनु छ । जसको आमकांग्रेसीजन तथा लोकतान्त्रिक मूल्य र संस्कारलाई आत्मबोध गर्ने सबैको चासो र सरोकार रहला ।

राष्ट्रिय मेलमिलापको आवश्यकता र सान्दर्भिकतालाई आत्मसात् गर्दै जननेता बिपीले राष्ट्रिय मेलमिलाप तथा एकताको नीतिको सबल व्याख्या र उपयोग गर्नुभयो । त्यसको पदचापको अनुकरण र व्यावहारिक उपयोगका सान्दर्भिकताको धरातलमा राजनीतिक शक्तिकेन्द्रहरूले दीर्घकालीन सोच र जनमतको प्रतिबिम्बलाई मुखरित गर्ने दिशामा ठोस कार्य हुने विश्वास लिन सकिन्छ । स्थायित्व, संघीयताको सफलताको प्रतिबिम्ब तथा आर्थिक सामाजिक, सांस्कृतिक रूपान्तरणका दिशामा मुलुकलाई अघि बढाउन एकता र सहकार्य नै प्राथमिक तत्त्व हो । जनताले दिगो विकास तथा स्थायित्वको अभिलाषा राखेका छन् । यस दिशातर्फ मेलमेलाप दिवस मनाउँदै गरेको आजको कांग्रेस नेतृत्वले पाइला चाल्न सक्ला त ?

(मानवशास्त्री कार्की अधिवक्ता हुन्)

---

३ प्रश्न

अन्तरव्यवस्थापिका संघ (आइपियू) को मेक्सिको अधिवेशन १९८६ मा नेपाली प्रतिनिधिमण्डलका नेता तथा पूर्वपरराष्ट्रमन्त्री **रमेशनाथ पाण्डे**लाई



▮ हामीकहाँ चल्दै आएको संसद्को अधिवेशनबारे के भन्नुहुन्छ ?

वर्ष २०२४ को संसदीय क्यालेन्डरअनुसार ब्रिटेनमा ६ पटकमा ६० दिन स्थगित हुनेबाहेक संसद्को अधिवेशन वर्षभरि चलिरहनेछ । भारतको संविधानमा वर्षको एकपटक संसद्को अधिवेशन हुने लेखिए पनि तीनपटक हुने परम्परा छ (पहिलो १२ हप्ता, दोस्रो र तेस्रो ३ र ३ हप्ताको) । नेपालमा भने २०१६ सालमा संसदीय व्यवस्था प्रारम्भ भएदेखि नै संसद्को अधिवेशन वर्षमा दुईपटक हुने तर यसको अवधि पूर्वनिर्धारित नगरी सरकारको सुविधामा चल्ने गरेको छ । राष्ट्रिय व्यवस्थापिकाको नाम ५ पटक फेरिसके पनि लक्ष्यप्राप्तिको कार्यतालिका र समयावधि तोकेर संसद्को अधिवेशन सुरु गर्ने परम्परा बसेकै छैन ।

▮ यसमा कमजोरी कहाँ भयो ?

ब्रिटिस प्रतिनिधिसभामा सदस्य संख्या ६५० भए पनि बस्ने ठाउँ ४२७ जनालाई मात्रै छ । बस्ने ठाउँ नपाएका सदस्य उभिएर महत्त्वपूर्ण बैठकमा भाग लिन्छन् । भौतिक सुविधा नभए पनि कार्यतालिका पूर्वनिर्धारित र बैठक व्यवस्थित हुन्छ । नेपालमा बस्ने ठाउँ पर्याप्त भए पनि नेताहरूकै उपस्थिति तथा उत्पादकत्व न्यून छ । अधिवेशनलाई कर्मकाण्डमा अलमल्याइएको छ । यसैले संसद्मा जनआकांक्षाको स्पन्दन अनुभूत नहुँदा राज्य र नागरिकबीच दूरी बढिरहेको छ ।


▮ संसद्को अधिवेशनलाई कसरी सार्थक बनाउने त ?

यहाँनिर सन् १८८९ मा स्थापित प्रजातान्त्रिक देशहरूको विश्वसंस्था अन्तर व्यवस्थापिका संघ (आइपियू) को मेक्सिको अधिवेशन १९८६ सम्झन चाहन्छु । मेरै अध्यक्षतामा बसेको यसको साइडलाइन बैठकले 'जनप्रतिनिधिले संस्थागत रूपमा जनमत र आकांक्षालाई आवाज दिने, प्रजातान्त्रिक शासकीय संस्कारको विकास तथा संसद् प्रति आमजनताको श्रद्धा र भरोसा बढाउनुपर्छ भन्ने निष्कर्ष निकालेको थियो । आफैंले सहमति जनाएका यी सूत्रलाई जीवन्त बनाउने शैली र कार्यतालिकाबाट अधिवेशन सञ्चालन हुने र संसदीय क्यालेन्डरबाट अधिवेशन निर्देशित हुने परम्परा बसाल्नुपर्छ ।

प्रेरक प्रसंग

केटोको मिहिनेत

अमेरिकाको कुनै गाउँमा एउटा लुरे केटो बस्थ्यो । उसको परिवार अत्यन्त गरिब थियो । भीषण गरिबीकै कारण उसको शरीरमा हम्मेसी नयाँ र राम्रा लुगा पर्दैनथे । केटाको परिवारले उसको स्कुलको शुल्क तिर्नसमेत सक्दैनथ्यो । उनीहरूसित बस्नका लागि राम्रो घर पनि थिएन । यस्तोमा उसले ठीकसँग शिक्षा प्राप्त गर्न सकिरहेको थिएन । यसैकारणले गर्दा ऊ उदास रहन थाल्यो ।



एक दिन ऊ सडकको किनारमा उदास भएर सोचिरहेको थियो । त्यति नै खेर एउटा मानिस टाउकामा धेरै सामान राखेर हिँडिरहेको उसले देख्यो । ऊ सोही मानिसलाई हेर्दै थियो । त्यति नै खेर त्यो मानिस कतै ठोक्किएर लड्यो । यो देख्नासाथ त्यो केटो उसको छेउमा गयो र उसलाई सहारा दिएर उठाइदियो । त्यो मानिसले उसलाई आफ्ना केही सामान बोकेर स्टेसनसम्म पुऱ्याइदिन आग्रह गऱ्यो । यस केटाले पनि केही नबोली खुरुक्क केही सामान बोकेर रेल्वे स्टेसनसम्म पुऱ्याइदियो ।

केटाको त्यस सहयोगका लागि त्यो व्यक्तिले उसलाई इनामका रूपमा केही पैसा दियो । त्यो पैसाले उसले किताब किन्यो । त्यसपछि ऊ सधैं स्टेसन आउन-जान थाल्यो र यसरी मानिसको सहायता गरेर पैसा कमाउन थाल्यो । यसरी उसले अत्यन्त कडा मिहिनेत गरी पढाइ पूरा गऱ्यो । ऊ कानुन व्यवसायी बन्न चाहन्थ्यो । आखिर आफ्नो मिहिनेतको बलमा ऊ साँच्चै कानुन व्यवसायी बन्न सफल भयो । यही केटो एक दिन अमेरिकाको १६औं राष्ट्रपति बन्न सफल भयो । जसको नाम थियो, अब्राहम लिंकन ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सेवाप्रदायकलाई कर तिराऊ

उद्योगी, व्यवसायीले बिजुलीको अर्बौं रुपैयाँ महसुल नतिर्ने, इन्टरनेट सेवाप्रदायकले अर्बौंको कर नतिर्ने, एनसेलको स्वामित्व खरिद-बिक्री हुँदा अर्बौंको कर नतिर्ने, अनि कसरी चल्छ त यो देश ? एकातिर देशको चालू खर्च बढिरहने र अर्कातिर राज्यलाई कर तिर्नुपर्ने निकायले अर्बौंको कर नतिर्ने हो भने के गरिब जनताले तिरेको तिरोबाट मात्र चल्नुपर्ने हो त यो देश ? यदि यो सरकारले देशका ठूला करदाताबाट कर असुल्न सक्दैन भने उसले देश चलाउने सपना नदेखे पनि हुन्छ । देश चलाउन राज्यको आम्दानी बढाउनुपर्छ । ठूला करदाताले कर नतिरे कसरी बढ्छ त आम्दानी ?

● **अपूर्व स्याङतान**, थापाथली, काठमाडौं

सरकारको ध्यान कता छ ?

हाम्रोजस्तो देशमा विभिन्न समयमा विभिन्न रूपका नकारात्मक कार्य भइरहेका छन् । हालै रोजगारीका लागि विदेश जाने तयारी गर्दै गरेका दुई युवाको प्रहरी कायरबाहीमा मृत्यु भयो । युवालाई रोजगारी दिनुको साटो गोली प्रहार गर्नु राज्यको गम्भीर लापरबाही हो । सरकार कुन मार्गबाट हिँडिरहेको छ, थाहा पाउन कठिन भइरहेको छ । अबका दिनमा सरकारले यसतर्फ पनि ध्यान दिन जरुरी देखिन्छ । जनतामा सकारात्मक ऊर्जा भर्ने दायित्व सरकारकै हो ।

● **हेमकुमार थापा**
भक्तपुर

नयाँलाई पठाऊ राष्ट्रिय सभामा

कांग्रेसभित्र राष्ट्रिय सभामा पठाउने प्रतिनिधि छनोटको मापदण्ड बनाउँदै गएको समाचार पढियो । कांग्रेसले मात्र होइन, सबै दलले आ-आफ्ना तर्फबाट राष्ट्रिय सभामा पठाउने उम्मेदवारहरू छनोट गर्दैगर्दा सबैले पुराना र पकट-पकट अवसर पाएकालाई नपठाई नयाँ र अवसरबाट वञ्चितलाई पठाउनुपर्छ । जता पनि र जहिले पनि तिनैले मात्र अवसर पाउनुपर्छ भन्ने छैन । राष्ट्रिय सभामा पिछडिएका समुदायबाट पनि प्रतिनिधित्व गराउनुपर्छ । यसतर्फ दलहरूका जिम्मेवार नेतृत्वको ध्यान अविलम्ब जाओस् ।

● **सुनन्दा पुर्कोटी**
ढल्को, काठमाडौं

कहिलेसम्म यस्तो अव्यवस्था ?

देशमा ठुल्ठूला आपराधिक घटना सार्वजनिक भइरहेछन् । अधिकांश त्यस्ता घटनामा राजनीतिक दलका विभिन्न तहका नेताहरू नै दोषी देखिन्छन् । पछिल्लो समय लोकतान्त्रिक गणतन्त्र आएपछि भ्रष्टाचारको घटना झनै झाँगिएको छ । भ्रष्टाचार गर्नु इज्जत हो झैं ठान्न थालिएको छ । राजनीतिक संरक्षणमा भ्रष्टाचार मौलाइरहेको छ । माफिया, कर्मचारी र नेता मिलेर देशमा भ्रष्टाचारलाई संस्थागत गराइएको तथ्य कसैबाट लुकेको छैन । ट्रान्सपरेन्सी इन्टरनेसनलको सूचकांकमा नेपालमा हरेक वर्ष भ्रष्टाचारको ग्राफ उकालो लागिरहेको देखिन्छ ।

लोकतान्त्रिक गणतन्त्रमा नेताले जे बोल्छन्, त्यही कानुन बन्ने अवस्था छ । उनीहरूले जे बोल्यो जनताले त्यही मान्नुपर्ने अवस्था छ । देशमा तन्त्र परिवर्तन भयो, नेताको सोचमा परिवर्तन आएन । राजसी सोच नेतामा पलायो । हिजो राजा-महाराजाले गरेजस्तो मस्ती नेताहरूले गर्न थाले । राजा-महाराजाको शैलीमा हिँड्न थाले । तिनले लोकतान्त्रिक गणतन्त्रको चिरहरण गरे । विश्वमा विरलै हुने संविधानसभाले संविधान त बनायो, तर त्यो संविधानले जनतालाई होइन, नेताहरूलाई बलियो बनायो । नेताले संविधान चलाए संविधानअनुसार नेता चलेनन् ।

नेताले गरेको अपराध अपराध नहुने जनताले गरेको अपराध मात्र अपराध हुने अवस्था सिर्जना भएको छ । जसका कारण नेताहरूको मनपरि चलेको छ । नेताले नीति, नियम, कानुन केही मान्नु नपर्ने सर्वसाधारणले मात्र यसको पालना गर्नुपर्नेजस्तो देखिएको छ । लोकतान्त्रिक गणतन्त्र आएपछि गम्भीर प्रकृतिका आपराधिक घटना निकै बढेको देखिन्छ । यस्तो कहिलेसम्म चलिरहने हो ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

कस्तो अधिनायकवाद रोज्लान् ट्रम्पले ?

अनिश्चित समयमा जनताको मतलाई पूर्ण रूपमा अस्वीकार नगरी लोकतन्त्रप्रति असन्तुष्टि पैदा गराउने मौका उपलब्ध हुन्छ



देश / विदेश

● जेरेमी एडेलमेन

सन् २०१६ मा जब अमेरिकी राष्ट्रपति चुनावमा डोनाल्ड ट्रम्प विजयी भए तब कैयौं राजनीतिका पण्डितले लोकतन्त्रको विश्वव्यापी विघटनको भविष्यवाणी गरेका थिए । केहीले त गृहयुद्धको समेत चेतावनी दिएका थिए । तर, ट्रम्प निर्वाचित भएपछि अफ्रिकाको सहेल क्षेत्रबाहेक अन्यत्र सैन्य कु देखिएन र गृहयुद्ध पनि खासै भएनन् । बरु लोकतन्त्र नागरिक कुका माध्यमबाट विघटन हुन थालेका थिए । शीतयुद्धपछिका विश्वमा तीन किसिमका नागरिक कु देखिए । दुई किसिमका कुले सञ्चारमाध्यममा राम्रै ठाउँ पाए पनि सन् २०२५ पछिको सम्भावित राष्ट्रपति ट्रम्पले अपनाउने कुमा भने हाम्रो ध्यान बिरलै पुगेको छ ।

पहिलो नागरिक स्तरको कुलाई हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले चरितार्थ गरेका छन् । सन् २०१० मा सत्तामा पुनरोदय गरेका ओर्बानले कडा मिडिया कानुन बनाए । उनको पार्टी फिडेजले आप्रवासी र लैंगिक एवं यौनिक अल्पसंख्यकलाई त्रासमा राखिराख्न मुलुकका प्रत्येक ठूला सञ्चारगृहको प्रयोग गर्छ । यी सञ्चारगृहले ओर्बानलाई राष्ट्रिय मुक्तिदाताका रूपमा चित्रण गर्छन् । क्षेत्रीय तनाव प्रयोग गर्न ओर्बान खप्पिस छन् उदाहरणका लागि युक्रेन मामिलामा रुस र युरोपेली संघ दुवैलाई आफ्ना स्वार्थका लागि प्रयोग गर्छन् । हालै फिडेजले हंगेरीको चुनावी नियम परिवर्तन गरेको छ । उसो त यो परिवर्तनमा बल प्रयोग नदेखिए पनि संसदीय बहुमत सुनिश्चित गर्ने गरी नियम बनाइएपछि संसदीय खबरदारी खलबलियो । चर्चित अमेरिकी दक्षिणपन्थी सञ्चारकर्मी टकर कार्ल्सनले ओर्बान मोडेलको प्रशंसा गर्दा संसारभरिका दक्षिणपन्थीले यसलाई रुचाउँछन् कि भन्ने देखिएको थियो ।

नागरिकस्तरको कुको दोस्रो स्वरूप भ्लादिमिर पुटिन नेतृत्वको रुस र डेनियल ओर्टेगा नेतृत्वको निकारागुआमा देख्न सकिन्छ । यो स्वरूपमा एक बलियो दबंगाई व्यक्ति राष्ट्रिय संकटको प्रतिक्रियामा जन्मिन्छ, जसले आफूलाई संरक्षकका रूपमा पेस गर्छ । यहाँ उल्लिखित दुवै मुलुकले राष्ट्रिय आर्थिक संकट देखाउँदै अमेरिकातर्फ आँला सोझ्याउँछन् र आफूलाई मुक्तिदाता बताउँछन् । यी मुक्तिदाताले आफ्ना आसेपासे पोस्न विदेशी-कम्पनीका सम्पत्ति जफत गर्छन् र घरेलु असहमतिलाई दबाउन बल प्रयोग गर्छन् ।

यस्ता राज्यमा शासकका सीमित धनाढ्य आसेपासे न्यून जनसहभागिता हुने चुनाव र सैन्य अगुवाका भर पर्छन् । नागरिक कु यो दोस्रो स्वरूप पनि खासै चल्न सकेको छैन । यो स्वरूपले लोकतन्त्र कमजोर छ र विपक्षी उपस्थिति नगण्य छ भन्ने देखाउँछ । निजी क्षेत्र राज्यमा निर्भर हुन्छ र विपक्ष विशेषतः न्यायालय कब्जाको जोखिममा हुन्छ । वैकल्पिक राजनीतिक शक्ति वा संस्था नहुँदा सेनाका अगुवाको रजगज चल्छ । तर, नियमन र सन्तुलन हुने राज्यमा सेनाको अगुवा वा तानाशाहले स्थान पाउँदैनन् । अधिनायकवादी प्रयासमा तुरन्तै अंकुश लाग्छ । सन् २०२० को निर्वाचनको हारपछि ट्रम्पले पनि अधिनायकवादी कदम चाल्न खोजेकै हुन्, तर सफल हुन सकेनन् । ट्रम्प र उनका अनुचरले सन् २०२० को असफलताबाट पाठ सिकेका छन् तसर्थ, हामीले तेस्रो किसिमको नागरिक कुलाई लिएर संवेदनशील हुन जरुरी छ ।

तेस्रो नागरिक कु न बलियो पार्टीमा भर पर्छ न धनाढ्यमा । तैपनि, यसले वास्तविक अथवा कृत्रिम राष्ट्रिय संकटको प्रयोग गर्छ । यो स्वरूपलाई एल साल्भाडोरका राष्ट्रपति नायिब बुकेलेले लागू गरेका छन् । वर्षौंदेखिको समस्यापछि विप्रेषण र व्यापक



तस्बिर : जेफ स्वेन्सेन/गेटी इमेजेस

सार्वजनिक खर्चले अहिले एल साल्भाडोरको अर्थतन्त्र उकासिएको छ । मुलुकका कुख्यात गिरोह भिडन्त (ग्याङ फाइट) पनि अहिले समाप्त भएको छ । विभिन्न आर्थिक प्रलोभनका माध्यम अथवा सार्वजनिक गिरफ्तारीका माध्यमबाट गिरोह भिडन्तमा रोक लाग्यो । तथाकथित अपराधीलाई कानुनी प्रक्रियामा ल्याउन बुकेलेले मार्च २०२२ मा केही नागरिक अधिकारसमेत कुण्ठित गरे । प्रहरीले १६ देखि ३० वर्षसम्मका करिब ७० हजार मानिसलाई गिरोह सदस्यताका लागि गिरफ्तार गऱ्यो । नतिजा बुकेले लोकप्रिय बनेका छन् । यही लोकप्रियताका कारण उनले आफूलाई दोस्रोपटक चुनाव लड्नबाट रोक्ने संवैधानिक प्रावधान संशोधन गरेका छन् । र, केही अनुमानअनुसार आउने फेब्रुअरीमा उनी ६८.४ प्रतिशतको विशाल मत ल्याएर विजयी हुन सक्छन् । विधिको शासन लागू गरेजस्तो देखिने बुकेले मोडेलको शासनमा संकटकालीन अधिकार प्रयोग गरेर अर्ध-स्थायी शासन लागू हुने गर्छ ।

ट्रम्पले राष्ट्रपति निर्वाचन लडिरहँदा हामीले बुकेले मोडेलको नागरिक कुतर्फ ध्यान दिन जरुरी छ । यदि ट्रम्पले निर्वाचन जिते भने उनले हंगेरीको मोडेल अपनाउनेछैनन् किनभने रिपब्लिकन पार्टी आफैंमा विभाजित छ र डेमोक्र्याट पार्टी पनि कमजोर छैन । यदि ट्रम्पले हंगेरीको मोडेल रोज्छन् भने अमेरिकी राज्यले पनि त्यसको प्रतिरोध गर्ने क्षमता राख्छन् । अमेरिकी निजी क्षेत्र रुसजति जटिल नभएकाले ट्रम्पले रुसका पुटिनलेझैं आसेपासे धनाढ्यलाई पोसेर अमेरिकी सत्तामा रजगज गर्न सक्दैनन् । त्यसैगरी, आफ्ना अनुचर प्रयोग गरेर सत्ता कब्जा गर्ने ६ जनवरी २०२१ को प्रयासमा असफल भइसकेका छन् ।

यति भन्दै गर्दा सांस्कृतिक संस्थाका सीमितता एवं जोखिम, युक्रेन युद्धको तनाव र कांग्रेसमा देखिएको विवादले ट्रम्पका लागि ठाउँ भने उपलब्ध गराएको छ । अनिश्चित समयमा राज्यका अपवाद नियमको दुरुपयोग हुने सम्भावना बढ्छ । यसले नेताहरूलाई आधिकारिक लोकतान्त्रिक प्रणालीबाट मुक्त भई कडा कदम चाल्न मौका दिन्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा के छ भने अनिश्चित समयमा जनताको मतलाई पूर्ण रूपमा अस्वीकार नगरी लोकतन्त्रप्रति असन्तुष्टि पैदा गराउने मौका उपलब्ध हुन्छ ।

(एडेलमेन प्रिन्स्टन विश्वविद्यालयको ग्लोबल हिस्ट्री ल्याबका निर्देशक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

■ इजरायल-प्यालेस्टाइन द्वन्द्व

नगुमोस् दिगो शान्तिको अवसर

प्यालेस्टाइनमा पनि नयाँ नेतृत्व आवश्यक छ। हमास शान्तिको दृढ शत्रु हो, जबसम्म उसले गाजामा शासन गर्छ शान्तिलाई अँगाल्ने प्यालेस्टाइनी वाचा विश्वासयोग्य हुनेछैन। वेस्ट बैंकमा प्यालेस्टिनी प्राधिकरण (पिए) चलाउने महमुद अब्बास भ्रष्ट र कठोर छन्। उनमा लोकतान्त्रिक वैधताको अभाव छ।



तपाईं इजरायली र प्यालेस्टिनीलाई शान्ति कत्तिको आवश्यक छ भन्न बुझ्न चाहनुहुन्छ भने अन्त्यहीन युद्धको स्थितिमा उनीहरूको हालत के हुनेछ भनेर एकपटक सोचमग्न हुनुहोस्। यो स्थितिमा एकदमै विशाल र शक्तिशाली इजरायली सेनाविरुद्ध प्यालेस्टिनीहरूको सबभन्दा शक्तिशाली हतियार आफ्ना जनताको मृत्यु र पीडा मात्रै हुनेछ। समृद्ध आधुनिक लोकतन्त्र बन्न चाहने इजरायलको भाग्य पनि दयनीय हुनेछ। इजरायलले प्यालेस्टाइनीहरूलाई वशमा राख्न सेनामा नै स्थायी रूपमा भर पऱ्यो भने ऊ रंगभेदीका रूपमा एक्लिनेछ। दैनिक हत्या गरेर दमनचक्र चलाउँदा इजरायलीहरू स्वयं भ्रष्ट हुनेछन्। केवल शान्ति मात्रै हिंसामा संलग्नहरूको उद्धारको उपाय हो।

तर, त्यहाँसम्म कसरी पुग्ने ? इजरायलीहरू अझै पनि अक्टोबर ७ को बर्बरता र त्रासदीबाट मुक्त हुन सकेका छैनन्। प्यालेस्टिनीहरू गाजामा लागेको महिला तथा बालबालिकाका क्षतविक्षत शवका रासको दर्शक बनिरहेका छन्। यस नरसंहारको माझमा बाहिरियाहरूले शान्तिका लागि गरेको आग्रह अपरिपक्व देखिन्छ। साथै, अन्त्यहीन वार्तालाई दिक्क भइसकेका प्यालेस्टिनी एवं इजरायलीहरू शान्तिमा ढिलाइको संयन्त्रका रूपमा हेर्छन्। विगतमा वार्ताकारहरूले भूमि आदान-प्रदान र सुरक्षा प्रबन्धका लगभग सबैजसो प्रस्तावलाई अस्वीकार गरेका छन्। सबै वार्ता असफल भइसकेका छन्।

अक्टोबर ७ पछि केही कुरा परिवर्तन भएको छ। प्यालेस्टिनीहरूलाई सीमान्तकृत गर्ने इजरायलको रणनीति र सपना चकनाचुर भएको छ। दुवै पक्षले नयाँ दृष्टिकोण भएका नयाँ नेता खोज्ने एउटा अवसर पाएका छन्। र, वर्षौंको उपेक्षापछि अरब राष्ट्रहरूसहित अन्तर्राष्ट्रिय समुदायबाट मद्दतको सम्भावना देखिएको छ। उनीहरूले शान्तिका लागि अहिले पनि कडा मिहिनेत चाहिन्छ भन्ने सोचाइको पासोमा फस्नुहुँदैन। सफलता शान्ति चाहने दुई पक्ष र यसमा विश्वास गर्नेहरूमा निर्भर हुन्छ।

यदि यो लडाइँलाई अर्थपूर्ण बनाउने हो भने यसले शान्ततर्फ लैजान सक्नुपर्छ। यो भनेको दुवै राष्ट्रको सहअस्तित्व हो। इजरायलको बमबारीमा हमास लडाकुसहित हजारौं प्यालेस्टाइनी मारिएका छन्। युद्ध र कब्जाकारी इजरायलीको दिनहुँको अपमानबाट केही प्यालेस्टिनी कट्टरपन्थी पनि भइरहेका छन्। तर, धेरैले हमास र यसले चलाएका कहिल्यै जित्न नसकिने युद्धलाई घृणा नै गर्छन्। उनीहरू इजरायलसँग मिलेर नै बस्न चाहन्छन्। बन्दुकधारीहरू उनीहरूको बाटोमा नआए उनीहरू शान्ति नै चाहन्छन्। इजरायललाई पनि अब नयाँ रणनीतिको खाँचो छ। यहुदीहरूका लागि सुरक्षित भूमि तयार गर्ने राज्यको आधारभूत वाचा पूरा गर्न उसको पुरानो रणनीति असफल भइसकेको छ, जसकारण हमासद्वारा उसका एक हजार चार सय मानिस मारिए वा उनीहरूको अपहरण भयो, अरू हजारौं विस्थापित हुनुपऱ्यो।

शान्तिका लागि नेताहरू पनि नयाँ चाहिन्छ, किनकि अहिलेका नेता बदनाम भएका छन्। इजरायलमा बेन्जामिन नेतन्याहु वास्तविक मेलमिलापका लागि एक बाधक हुन्। उनी जति चाँडो जान्छन् उति राम्रो हुन्छ।

शान्तिले नेताहरू पनि नयाँ माग गर्छ, किनकि अहिलेका नेता बदनाम भएका छन्। इजरायलमा बेन्जामिन नेतन्याहु वास्तविक मेलमिलापका लागि एक बाधक हुन्। उनी जति चाँडो जान्छन् उति राम्रो हुन्छ। अमेरिकाले इजरायलले जति सक्दो छिटो चुनाव गराउ भनेर दबाब दिन सक्छ। सर्वेक्षणहरूले नेतन्याहुको स्थान युद्धको क्षतिलाई बुझेका पूर्वजनरल बेनी गान्ट् जले लिने देखाउँछन्। हुन त, गान्ट्जले प्यालेस्टिनी राज्यलाई समर्थन गरेका छैनन्, तर उनले अस्वीकार पनि गरेका छैनन्।

प्यालेस्टाइनमा पनि नयाँ नेतृत्व आवश्यक छ। हमास शान्तिको दृढ शत्रु हो, जबसम्म उसले गाजामा शासन गर्छ शान्तिलाई अँगाल्ने प्यालेस्टाइनी वाचा विश्वासयोग्य हुनेछैन। वेस्ट बैंकमा प्यालेस्टिनी प्राधिकरण (पिए) चलाउने महमुद अब्बास भ्रष्ट र कठोर छन्। उनलाई लोकतान्त्रिक वैधताको पनि अभाव छ। युद्धले क्षतविक्षत गाजालाई स्थिर सरकारको पुनर्स्थापनाका लागि समय चाहिन्छ। न्यायको पक्षमा रहेका मध्यस्त अरब देशहरूले पश्चिम किनारा र गाजामा संक्रमणकालीन प्यालेस्टिनी नेतृत्वका लागि सहजीकरण गर्नुपर्छ। यसले उसलाई चुनाव गराउनुअघि आफ्नै जनता र इजरायलीको विश्वास लिन सहज हुनेछ। गाजा र वेष्ट बैंक दुवैको नेतृत्व गर्ने यस्तो सरकार शान्तिको विश्वसनीय साझेदार बन्न सक्नेछ।

त्यसले प्रक्रियामा लैजान्छ। सन् १९९३ मा ह्वाइटहाउसको आँगनमा हात मिलाएर गरिएको ओस्लो सम्झौता अन्तिम क्षणमा आएर महत्वपूर्ण मुद्दालाई छोडेर भएको थियो। प्रत्येक इन्चको प्रगति दुवै पक्षलाई निकै दबाब दिएर प्राप्त गर्नुपरेको थियो। यसले सफलता सम्भव छ भन्ने विश्वासलाई पनि टुटाईदियो। तसर्थ, नयाँ प्रक्रियाले सुरुमै प्रगति गर्नुपर्छ। दुवै पक्षले सहअस्तित्वलाई हानि पुऱ्याउने आ-आफ्ना अतिवादी विचारलाई सच्याउनुपर्छ। प्यालेस्टिनी अथोरिटीले सशस्त्र समूहहरू बन्द गर्नुपर्छ। अतिवादीहरूलाई विफल पार्नुपर्छ। र, भ्रष्टाचारको अन्त्य गर्नुपर्छ। अर्थतन्त्रलाई बढावा दिन इजरायलसँग व्यापार र वर्कपरमिटमा धेरै सम्झौता गर्नुपर्ने आवश्यकता छ। प्यालेस्टाइनीहरूलाई उनीहरूले स्वतन्त्रता र अधिकार प्राप्त गरिरहेको महसुस गराउन आवश्यक छ।

इजरायलले वेस्ट बैंकका इजरायली बस्तीहरूसँग सम्झौता गर्नुपर्छ। भूमि आदान-प्रदानका लागि पर्खन सकिन्छ। साथै, उसले ती बस्तीहरूमा गस्ती गर्न र थप विस्तार हुनबाट रोक्नुपर्छ। इजरायलले यी क्षेत्रहरूमा बस्न गएका एक लाख वा त्यसै हाराहारीको संख्याले या त फिर्ती हुनुपर्छ वा अन्ततः प्यालेस्टिनी शासनअन्तर्गत जानुपर्छ भन्ने कुरामा स्पष्ट हुनु जरुरी छ। यो काम इजरायली र प्यालेस्टाइनीहरूका लागि आफैंले गर्न धेरै कठिन काम हो, त्यसैले यसमा बाह्य पक्ष संलग्न हुनुपर्छ। ओस्लो सम्झौतामा अमेरिका प्रायोजक थियो, तर उसले इजरायललाई दबाब दिन सकेको थिएन।

यसपटक अरब राष्ट्रहरूले निर्णायक भूमिका खेल्नुपर्छ। ट्रम्प राष्ट्रपति हुँदा भएको अब्राहम सम्झौताअन्तर्गत धेरै देशले इजरायललाई मान्यता दिए। त्यो सम्झौता मध्यपूर्वको विचारधाराभन्दा पनि व्यापार र समृद्धिमा आधारित दृष्टिकोणको एक हिस्सा थियो। उनीहरूको पैसा गाजा पुनर्निर्माणका लागि आवश्यक हुनेछ। गाजापट्टीबाट इजरायल गएपछि अरब राष्ट्रहरूका सेनाले त्यहाँको सुरक्षामा मद्दत गर्न सक्छन्। यो कुरा सकेसम्म चाँडो हुनुपर्छ। अरब राष्ट्रहरूले मिलेर काम गरे भने उनीहरूले हमासलाई पैसा र आश्रयबाट वञ्चित गर्न सक्छन्। यसको सट्टा त्यो पैसा गाजाको पुनर्निर्माणमा खर्चिन सक्छन्। उनीहरूको सहयोगले संक्रमणकालीन प्यालेस्टिनी नेतृत्वलाई आफू र आफ्नो प्रशासन स्थापना गर्न कूटनीतिक छहारी प्रदान गर्न सक्छ।

मुख्य कुरा भनेको इजरायल र प्यालेस्टाइनमाथि अमेरिका र साउदी अरेबियाको चाँडोभन्दा चाँडो दबाब हो। यदि अमेरिका र युरोपेली संघले प्यालेस्टाइनी राज्यलाई अग्रिम मान्यता दिएर इजरायललाई सन्देश दिएमा शान्तिको सुरुवात हुन सक्छ भन्ने प्यालेस्टिनी प्राधिकरणको तर्क छ। युरोपेली संघको अध्यक्षता गरिरहेको स्पेनले यो विचारलाई समर्थन पनि गरिसकेको छ। अमेरिकाले जेरुसेलममा प्यालेस्टिनीहरूका लागि कूटनीतिक नियोग खोल्ने आफ्नो वाचा पूरा गर्नुपर्छ। तर, पश्चिमले प्यालेस्टाइनलाई र साउदी अरेबियाले इजरायललाई पूर्ण मान्यता दिँदा त्यो भाविष्यका लागि पुरस्कार र प्रगतिका लागि प्रोत्साहन हुनेछ।

यसका लागि समय निकै छोटो छ। इजरायलको प्यालेस्टाइनविरोधी मत बलियो नै रहनेछ। यो सरकार ढलेपछि आउने अर्को सरकारसँग शान्ति सम्भव छ भन्ने इजरायलीहरूको विश्वासलाई पुनर्जीवित गर्न केवल एक कार्यकाल मात्रै हुनेछ। प्यालेस्टिनी प्राधिकरणको नयाँ नेतृत्वले आजको भ्रष्ट प्रणालीअन्तर्गत मोटाएकाहरूको सामना गर्नुपर्नेछ।

हमासका बाँकी रहेका सबै सहयोगीले शान्ति भंग गर्न खोज्नेछन्। इरान, अराजकता, अशान्तिमा मौलाउने र उसका छद्म सहयोगीले पनि शान्तिलाई भंग नै गर्न खोज्नेछन्। बाइडेन प्रशासन त इजरायललाई दबाउन इच्छुक हुन सक्छ, तर ट्रम्प प्रशासनले त्यस्तो नगर्न पनि सक्छ। यदि स्थायी युद्धले यी दुई राष्ट्रलाई बर्बाद नपार्ने हो भने इजरायली, प्यालेस्टाइन र उनीहरूलाई माया गर्ने सबैले यो अवसरलाई छोप्न सक्नुपर्छ।

- द इकोनोमिस्टबाट

इतिहासमा आज

जनवरी १



सन् १९१२ : गणतन्त्र चीन स्थापना भयो। सन् १९४९ मा नाम फेरेर जनगणतन्त्र चीन राखिएको थियो।

सन् १९५८ : युरोपेली आर्थिक समुदाय (इइसी) स्थापना भयो। इइसी अहिलेको युरोपेली युनियनको अग्रज हो।

सन् १९५९ : फिडेल क्यास्ट्रोको नेतृत्वमा विद्रोहपछि तानाशाह फुलजेन्सियो बाटिस्टा क्युबाबाट भागेका थिए।

सन् १९९२ : कम्युनिस्ट मुलुक रसिया महासंघको स्थापना भयो। सोभियत युनियनको विघटनपछि आजकै दिन रसिया महासंघ स्थापना भएको थियो।

सन् १९९३ : चेकोस्लोभिया विघटन भयो। शान्तिपूर्ण ढंगले चेकोस्लोभिया विभाजित भएपछि चेक रिपब्लिक र स्लोभाग गणतन्त्र स्थापना भएका थिए।

सन् १९९५ : विश्व व्यापार संगठन (डब्लुटिओ)को औपचारिक रूपमा स्थापना

सन् १९९९ : युरोपका ११ देशमा साझा मुद्रा युरो प्रचलनमा आयो। सुरुवाती दिनमा बैंक ट्रान्फरमा युरोले बैधता पाए पनि सन् २००२ को १ जनवरीदेखि नोट तथा सिक्का प्रयोगमा आए। युरोपेली देशमा साझा मुद्राको प्रयोगसँग ती देशमा व्यापार कारोबार सहज भएको छ।

विश्व संक्षेप

नयाँ वर्षका कार्यक्रम मनाउन प्रतिबन्ध

इस्लामाबाद/ पाकिस्तानका कार्यवाहक प्रधानमन्त्री अनवरुल हक काकरले देशमा नयाँ वर्षका कार्यक्रम मनाउन प्रतिबन्ध लगाउने घोषणा गरेका छन्। गाजाका जनतासँग ऐक्यबद्धता व्यक्त गर्न प्रधानमन्त्री काकरले यस्तो घोषणा गरेका हुन्। राष्ट्रका नाममा संक्षिप्त सम्बोधन गर्दै कक्कडले प्यालेस्टिनीहरूसँग ऐक्यबद्धता देखाउन र नयाँ वर्षमा संयम र नम्रता प्रदर्शन गर्न आग्रह गरे।

'प्यालेस्टाइनको गम्भीर अवस्थालाई ध्यानमा राख्दै र हाम्रा प्यालेस्टाइनी दाजुभाइ तथा दिदीबहिनीहरूसँग ऐक्यबद्धता देखाउन सरकारले नयाँ वर्षका लागि कुनै पनि प्रकारको कार्यक्रम गर्न कडा प्रतिबन्ध लगाएको छ,' उनले भने। अक्टोबर ७ मा इजरायली बमबारी सुरु भएदेखि करिब २१ हजार प्यालेस्टिनीको मृत्यु भएको बताए। मारिनेमा नौ हजार बालबालिका रहेका पनि उनले स्मरण गराए।

'युद्ध'को तयारी गर्न किमले दिए निर्देशन

प्योङयाङ/ उत्तर कोरियाली नेता किम जोङ उनले सियोलमा आणविक आक्रमणको नयाँ धम्की र प्रायद्वीपमा 'कुनै पनि वेला भड्किन सक्ने' युद्धको तयारीका लागि सैन्य शस्त्रागार निर्माण गर्न आदेश दिएका छन्। सन् २०२३ को अन्तिम दिन आइतबार किमले सो निर्देशन दिएका हुन्। सन् २०२४ मा देशको सैन्य, राजनीतिक र आर्थिक नीतिगत निर्णयका लागि आयोजित पाँच दिनको पार्टी बैठकको अन्त्यमा। नेता किमले त्यस्तो निर्देशन दिएका हुन्। बैठकमा अमेरिकाको कडा आलोचना भएको थियो। बैठकले आगामी वर्षमा थप तीनवटा जासुसी उपग्रह प्रक्षेपण गर्ने, मानवरहित ड्रोन निर्माण गर्ने योजना घोषणा गरेको 'कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए)'ले जनाएको छ।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Pokhara

Invitation for Bids

First Date Of Publication: January 01 2024 (egp portal)

1. FWSSMP Pokhara invites online bids for National Competitive Bidding/Sealed Quotation under e-procurement systems from eligible bidders for the procurement of Project mentioned below:

S.N.	IFB No.	Description and location of work	Bid Document Fee (NRs)	Bid Security Amount (NRs)	Estimate Amount Without VAT and with PS (NRs.)	Bid Security Validity Period	Remarks
1	IFB/01/80/81/works/ fwssmp/pokhara	Construction of Agyauli Water Quality Improvement Project, Nawalpur	3,000	1,80,000	63,29,717.84	90 days	NCB
2	IFB/03/80/81/goods/ fwssmp/pokhara	Supply and Delivery of Fittings For Different Water Supply Projects	3,000	2,20,000	-	90 days	NCB
3	IFB/02/80/81/goods/ fwssmp/pokhara	Supply and Delivery of HDPE PIPE (PE 100) for Arunkhola Water Quality Improvement Project	1,000	50,000	-	45 days	SQ

2. Submission and Opening:

Contract No.	Submission of Bid		Opening of Bid	
	Date	Time	Date	Time
IFB/01/80/81/works/ fwssmp/pokhara	Jan 31 2024	12:00	Jan 31 2024	13:00
IFB/03/80/81/goods/ fwssmp/pokhara	Jan 31 2024	12:00	Jan 31 2024	13:00
IFB/02/80/81/goods/ fwssmp/pokhara	Jan 17 2024	12:00	Jan 17 2024	13:00
Bank Name	**Name of Office**	**Revenue Account**		**Deposit Account No.**
Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski	Federal Water Supply and Sewerage Management Project Pokhara	Office Code Number: 313-013-901 Account Number: ka-11111 Revenue Code Number:14229		3020100102030000

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (12th Amendment, 2079).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website https://www.bolpatra.gov.np/egp as specified in the Bidding data sheet for provision of E-Bidding.
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. If the bidder is not the manufacturer of HDPE Pipe, then as per the Public Procurement Regulation 2064, clause 25(3), should compulsory submit the authorization letter of manufacturer for supply of HDPE Pipe.

Project Chief

Provincial Government
Ministry Of Physical Infrastructure Development
Urban Development and Building Office
Morang, Biratnagar
Koshi Province, Nepal

INVITATION FOR BID

Date of publication : 1st of Jan, 2024 (2080/09/16)

Urban Development and Building Office invites E-Bid From Eligible bidder's for following works under National competitive bidding (NCB) Single Stage Single Envelope System Bidding Procedure. Bidder's may obtain further information from the PPMO web Portal www.bolpatra.gov.np/egp with Public Entity Name :- UDBO, Morang and website http://udbomorang.p1.gov.np/

S. N.	IFB/RFP/EOI/PQ No.	Project Title	Estimated Amount in Rs. (Exclusive of VAT and Contingencies)	Bid Security fee (Rs.)
1	UDBO/Morang/NCB/ Works/29-2080/81	Construction Of Shiva Mandir Sundartol Belaka-2, Udayapur	21,47,339.42	56,000
2	UDBO/Morang/NCB/ Works/30-2080/81	Construction Of Drain and upgrading road Sundartol Belaka -2 ,Udayapur	21,36,641.61	56,000
3	UDBO/Morang/NCB/ Works/31-2080/81	Construction Of Sahid Marg Drain Work, Budhiganga-2	22,16,360.63	56,000
4	UDBO/Morang/NCB/ Works/32-2080/81	Construction Of Himal chowk karaiban To South/West Drain Work, Sundarharaicha-2	21,73,879.07	56,000
5	UDBO/Morang/NCB/ Works/33-2080/81	Construction of Karaiban chowk to Mrigoliya Drain Work, Sundarharaicha-2	34,13,624.6	86,000
6	UDBO/Morang/NCB/ Works/34-2080/81	Construction of road from Khopidada to Gaighat, Urlabari-9	42,96,342.36	1,15,000
7	UDBO/Morang/NCB/ Works/35-2080/81	Construction of Dumre Road Section, Urlabari-2	42,86,279.19	1,15,000
8	UDBO/Morang/NCB/ Works/36-2080/81	Upgradation of Football Chowk West Ghogaa Road to North side, Biratnagar -3	21,31,065.37	56,000
9	UDBO/Morang/NCB/ Works/37-2080/81	Construction of Road Gravel and Drain in Sipyaahi Tole, Biratnagar 12	21,31,065.37	56,000
10	UDBO/Morang/NCB/ Works/38-2080/81	Construction of Sainek Tol Morang (RCC Drain & Road Interlocking works)	21,05,191.21	56,000
11	UDBO/Morang/NCB/ Works/39-2080/81	Upgradation of Pragati Sundar Tole Road, Biratnagar-12	21,56,936.79	56,000
12	UDBO/Morang/NCB/ Works/40-2080/81	Construction of Janapth Marga, Biratnagar	21,41,390.35	56,000
13	UDBO/Morang/NCB/ Works/41-2080/81	Construction of Forest Sub-Division Office Building Work, Barahakeshetra nadaha Sunsari	85,46,035.34	2,30,000

Last Date Of Bid Submission :-31st of January 2024, (2080/10/17) (Time 12:00 pm)
Date Of Bid Opening :- 31st of January 2024, (2080/10/17) (Time 1:00 pm)

अघि बढ्न सकेन विमानस्थल विस्तार योजना

कैलाली/ धनगढीको गेटा विमानस्थल विस्तारको योजना अघि बढ्न सकेको छैन। विसं ०७८ मा नेपाल नागरिक उड्डयन प्राधिकरणले गेटा विमानस्थललाई क्षेत्रीय विमानस्थलका रूपमा विस्तार गर्न अगाडि सारेको योजना अघि बढ्न नसकेको हो। दुई वर्षअघि उड्डयन प्राधिकरणले विमानस्थलको विस्तार गर्ने योजनासहित एक अर्ब रुपैयाँ बजेट विनियोजन गर्ने निर्णय गरेको थियो।

धनगढीको गेटालाई क्षेत्रीय विमानस्थलका रूपमा विकास गर्न दुई सय ५० बिघा जमिन अधिग्रहण गरेर एक हजार आठ सय मिटरको धावनमार्गलाई बढाएर दुई हजार पाँच सय मिटरको बनाउने योजना बनाइएको विमानस्थल प्रमुख गणेशबहादुर सिंहले बताए। उनका अनुसार हालसम्म विमानस्थल विस्तारको कुनै काम अगाडि बढेको छैन।

विमानस्थल प्रमुख सिंहले सरकारले चालू आर्थिक वर्षमा गेटा विमानस्थल विस्तार गर्न बजेट विनियोजन नगरेको जानकारी दिए। तत्कालीन पर्यटनमन्त्री प्रेमबहादुर आलेमगर अध्यक्ष रहेको उड्डयन प्राधिकरण बोर्डले विसं ०७७ पुस ११ गते गुरुयोजना स्वीकृत गरेको थियो। दुई वर्षअघि नै विमानस्थल विस्तारका लागि स्थानीयवासीको जग्गा अधिग्रहण गर्न रु. १५ देखि १६ अर्ब लाग्ने अनुमान गरिएको भए पनि बजेटको सुनिश्चितता नहुँदा जग्गा अधिग्रहणको काम अघि बढ्न नसकेको प्राधिकरणले जनाएको छ।

तरकारी फलफूल साकोसको लाभांश पारित

काठमाडौं/ तरकारी फलफूल बचत तथा ऋण सहकारी संस्थाले आफ्ना सदस्यलाई १५.५ प्रतिशत लाभांश वितरण गर्ने भएको छ। संस्थाको २४औं साधारणसभाले उक्त प्रस्ताव पारित गरेको हो। तरकारी फलफूल साकोस कालीमाटी फलफूल तथा तरकारी बजारका व्यापारी-व्यवसायीले सञ्चालन गर्दै आएको सहकारी हो।

संस्थाका अध्यक्ष दुर्गालाल श्रेष्ठका अनुसार आर्थिक वर्ष ०७९/८० को अन्त्यसम्म उक्त सहकारीले ४६ करोड एक लाख ९८ हजार आठ सय ४२ रुपैयाँ ऋण लगानी गरेको छ। यस्तै, सोही अवधिमा तीन करोड ५४ लाख ६ हजार दुई सय ५४ रुपैयाँ सञ्चालन मुनाफा छ भने १० करोड ९३ लाख ३४ हजार दुई सय ५९ रुपैयाँ जगेडा तथा अन्य कोषमा छुट्याएको छ। साधारणसभामा सदस्यका २२ जना बालबालिकालाई एसइई अवार्ड वितरण गरिएको व्यवस्थापक सृष्टि श्रेष्ठले जानकारी दिइन्। प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा रानाले उद्घाटन गरेको कार्यक्रममा सहकारी विभागका पूर्वरजिस्ट्रार केशवबहादुर थापा र वरिष्ठ बजारविज्ञ उद्धव ढुंगानालाई सम्मान गरिएको थियो।

त्यसैगरी, असल बचतकर्ता अवार्डबाट कविता श्रेष्ठ, विन्दुलाल श्रेष्ठ, लक्ष्मण श्रेष्ठ र आकृति लामा, असल ऋणी सम्मानबाट सुनीता गोपाली, भरतप्रसाद पुडासैनी, मदन श्रेष्ठ र प्रसिद्धा स्याङ्तानलाई सम्मान गरिएको थियो। बजार प्रतिनिधिका रूपमा कार्यरत कर्मचारी मन्दिरा बिडारीलाई नगद पुरस्कारसहित उत्कृष्ट कर्मचारी अवार्ड प्रदान गरिएको थियो।

पर्यटकले भरियो पोखरा



कास्की/ धनगढी-४ घर भएका २७ वर्षका राजु थापा दुई दिनअघिदेखि पोखरामा छन्। मंसिर अन्तिममा बिहे गरेका उनले श्रीमती पनि सँगै ल्याएका छन्। धुलिखेल घर भएका २३ वर्षका सन्तोष प्रधान र तीन साथी प्रेमिकासँगै शनिबारदेखि पोखरामा छन्। पाँच वर्षअघि पोखरा आएका अमेरिकाका ४१ वर्षे काल्मे ६ दिनदेखि पोखरामा छन्। यी त उदाहरण मात्र हुन्। देश र विदेशबाट आएका आन्तरिक एवं बाह्य पर्यटकले हाल पोखरा भरिभराउ छ।

कारण हो, पोखराको प्रमुख पर्यटकीय क्षेत्र लेकसाइडमा अंग्रेजी नयाँ वर्षको अवसरमा सडकमै खाऔं सडकैमा रमाऔं भन्ने मूल नाराका साथ आयोजना गरिएको २५औं संस्करणको पोखरा सडक महोत्सव। जारी महोत्सव हेर्न हाल पोखरा आउने पर्यटकको ओइरो लागेको छ भने महोत्सवका कारण केही विदेशी पर्यटक पोखरा बसाइँ लम्बाए यहीं रोकिएका छन्। आइतबार राति १२ बजेपछि सन् २०२३ समाप्त हुने र सन २०२४ सुरु हुने हुँदा पुरानो वर्षको बिदाइसँगै नयाँ वर्षको स्वागतका लागि पर्यटक पोखरामा जम्मा भएका हुन्। महोत्सवको ६ लाख दर्शकले अवलोकन गर्ने आयोजकको अनुमान छ।

पहिलोपटक पोखरा आएका धनगढीका थापादम्पती अझै तीन दिन पोखरा बस्ने र आसपासका क्षेत्र घुम्ने योजनामा छन्। आफूले विगतदेखि नै पोखरामा हुने सडक महोत्सवको बारेमा सुनेको, तर समय नमिलेका कारण आउन नपाए पनि भखैरै बिहेसमेत गरेको र हनिमुन मनाउनसँगै घुम्ने उद्देश्यले पोखरा आएको बताए। पोखरा आफूले सुनेको भन्दा प्रत्यक्ष अवलोकन गर्दा अझ धेरै सुन्दर लागेको र महोत्सवमा समेत धेरै रमाइलो गरेको उनले सुनाए।

१२ पुसदेखि सुरु महोत्सव लेकसाइडको फिस्टेल गेटदेखि गैराको चौतारा हुँदै जहरेवरसम्मको करिब साढे तीन किलोमिटर सडकमा सञ्चालन गरिएको छ। फेवाताल किनारासँगै महोत्सव भएको क्षेत्रलाई ध्वजापताका, ब्यानर, स्वागतद्वार, रंगीचंगी बत्तीलगायतका कारण लेकसाइड क्षेत्र बेहुलीजस्तै सिँगारिएको छ। महोत्सवमा रेबानमा आबद्ध रेस्टुरेन्टसँगै खाना र अन्य गरी करिब चार सय स्टल छन्।

नयाँ वर्ष मनाउन पोखरामा आउनेहरू केहीले पहिल्यै होटेलमा अग्रिम बुकिङ गरेर आएका थिए भने कोहीले एक दुई दिन पहिल्यै आएर कोठा बुकिङ गरेका थिए। हिजोआज आउने पर्यटकहरूलाई आफूले चाहेजस्तो होटेल पाउन मुस्किल छ। हाल पोखराका होटेलहरूको अकुपेन्सी करिब ८० प्रतिशतको हाराहारीमा रहेको होटेल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए। भोलि यो अझै बढ्न सक्ने उनको अनुमान छ। सडक महोत्सव पोखरामा धेरै पर्यटक भित्र्याउने महोत्सवको रूपमा विकास हुँदै गएको भनाइ उनको छ। पोखराको लेकसाइड र आसपासमा साना-ठूला गरी एक हजार २५० होटेलहरू रहेका र तिनीहरूमा ४० हजार बेड रहेको सुवेदीले जानकारी दिए।

खाना, संस्कृति र पर्यटनलाई मुख्य जोड दिँदै आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरी पोखरालाई अंग्रेजी नयाँ वर्ष मनाउने गन्तव्यस्थलका रूपमा विकास गर्ने उद्देश्यले महोत्सव आयोजना गर्दै आएको आयोजक रेबानका अध्यक्ष नरेश भट्टराईले जानकारी दिए। यो समय पर्यटनका लागि अफसिजन भए पनि महोत्सवको लोकप्रियता बढ्दै गएकाले प्रत्येक वर्ष महोत्सवमा आउने पर्यटकको संख्यामा उलेख्य वृद्धि हुँदै गएको भनाइ उनको छ।

पर्यटन कार्यालय पोखराका वरिष्ठ अधिकृत कुन्दन मिश्रले नेपाली कला संस्कृति र खानाको परिकार देश- विदेशका परिचित गराउन महोत्सव सफल भएको बताए। महोत्सवले पोखरासँगै अन्य जिल्लाका विभिन्न जातजातिको संस्कृतिलाई चिनाउने कामसमेत गरेको उनको भनाइ छ।

२५औं संस्करणसम्म आइपुग्दा नेपालीहरूमा अंग्रेजी नयाँवर्ष पोखरामा मनाउनुपर्छ भन्ने मान्यताको विकास भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठको भनाइ छ।

दोर्दीको हिलेटक्सारमा 'एक घर, एक करेसाबारी'

लमजुङ/ लमजुङको दोर्दी गाउँपालिका वडा नम्बर ९ हिलेटक्सारले एक घर, एक करेसाबारी अभियान कार्यक्रम सञ्चालन गरेको छ। स्थानीयको पोषणमा सुधार ल्याउन र खानपानको शैलीमा परिवर्तन ल्याउने भन्दै वडामा एक घर एक करेसाबारी कार्यक्रम सञ्चालन गरिएको हो। "आफ्नै करेसाबारीको अर्गानिक तरकारी खाऔं स्वस्थ बनौं" भन्ने नाराका साथ वडाले उक्त अभियान सञ्चालन गरेको छ।

विषादी तरकारी रोकी अर्गानिक तरकारी उत्पादनमा जोड दिने उद्देश्यले प्रत्येक गाउँठाउँमा पर्याप्त मात्रामा जमिन र सिँचाइको व्यवस्था भए पनि जिल्ला बाहिरबाट तरकारी ल्याएर खाने र पोषण तथा स्वास्थ्यमा प्रत्यक्ष असर पर्न थालेपछि प्रत्येक घरमा अनिवार्य रूपमा करेसाबारी अभियान सञ्चालन गरिएको दोर्दी गाउँपालिका ९ का वडा आशिष तामाङले बताए। उनले भने, 'हामी गाउँमै भएको स्रोत-साधनलाई उपयोग गर्न नजानेका कारण कुपोषित बन्दै गइरहेका छौं। मौसमअनुसारको तरकारी घरमै फलाएर खान नजानेका कारण कुपोषित र आर्थिकस्तर खस्किँदै गइरहेको छ।' करेसाबारीलाई अनिवार्य गर्दा कृषिखेतीको प्रवर्द्धन हुने र अर्गानिक तरकारी घरमै उत्पादन हुँदा विषादीजन्य तरकारी सेवन गर्नुपर्ने बाध्यात्मक अवस्थामा कमी आउने अपेक्षा गरिएको वडाध्यक्ष तामाङले बताए।

वडा कार्यालयले टक्सार, थाम, पोखरी, लाँकुरीबोट, चिसापानी, धौरेनीलगायतका टोलमा अनिवार्य रूपमा 'एक घर, एक करेसाबारी' निर्माण गर्न प्रत्येक घरलाई ५० प्रतिशत अनुदानमा १० प्रकारका बिउ निःशुल्क उपलब्ध गराएको छ। प्रत्येक घरलाई केराउ, धनियाँ, साग, मुला, गाँजर, काउली, सिमी बन्दालगायतका बिरुवा वितरण गरिएको छ। वडाभित्रका तीन सय २६ घरधुरीले अनिवार्य रूपमा करेसाबारी निर्माण गर्ने र त्यसका लागि कृषि प्राविधिकको समेत व्यवस्था गरिएको उनले बताए। यो वर्ष 'एक घर, एक करेसाबारी' निर्माण गर्नका लागि वडा कार्यालयलले आव ०८०/८१ मा कृषि कार्यक्रमअन्तर्गत ५० हजार बजेट विनियोजन गरेको छ। वडाले सुरु गरेको 'एक घर, एक करेसाबारी' अभियानलाई गाउँपालिकाभरि विस्तार गर्ने योजनामा रहेको गाउँपालिका अध्यक्ष युवराज अधिकारीले बताए।

धान उत्पादनमा वृद्धि

स्याङ्जा/ गत वर्षको तुलनामा यस वर्ष स्याङ्जामा धानको उत्पादनमा वृद्धि भएको छ। आर्थिक वर्ष ०७९/८० भन्दा चालू आर्थिक वर्षमा नौ सय तीन मेट्रिकटन धानको उत्पादनमा वृद्धि भएको हो।

गत आवमा कुल १६ हजार तीन सय सात हेक्टर क्षेत्रफलमा धानखेती गरिएकामा ६२ हजार ६ सय ९३ दशमलव ३४ मेट्रिकटन धान उत्पादन भएको थियो। चालू आवमा सोही क्षेत्रफलमा धानखेती गर्दा ६३ हजार पाँच सय ९७ दशमलव तीन मेट्रिकटन धान उत्पादन भएको कृषि ज्ञान केन्द्र स्याङ्जाका प्रमुख विनोद हमालले बताए। खाद्यान्न बालीको क्षेत्रफल र उत्पादकत्वमा फरक नदेखिए तापनि धानको उत्पादकत्वमा भने वृद्धि भएको उनले बताए। स्याङ्जामा चालू आवमा पाँच हजार पाँच सय ६५ हेक्टर क्षेत्रफलमा गहुँखेती गरिएकामा १० हजार १७ मेट्रिकटन गहुँ उत्पादन भएको हो। गत आवमा पनि सोही क्षेत्रफलमा गहुँखेती गरिएको थियो। चालू आवमा २६ हजार पाँच सय हेक्टर क्षेत्रफलमा कुल ८४ हजार आठ मेट्रिकटन मकै उत्पादन भएको उनले बताए। कोदो पनि चालू आवमा १४ हजार सात सय ६६ दशमलव तीन हेक्टर क्षेत्रफलमा खेती गरिएकोमा उत्पादकत्व १६ हजार दुई सय ४२ दशमलव ९३ मेट्रिकटन रहेको छ। - राससं

CIVIL AVIATION AUTHORITY OF NEPAL (CAAN)
Gautam Buddha International Airport Civil Aviation Office
Siddharthanagar 04, Rupandehi

Invitation for Bids

Date of publication: 2080/09/16 (1st Jan, 2024)
Phone No: 977-71-597030
email:gbairportoffice@gmail.com

1. The Gautam Buddha International Airport Civil Aviation Office, Sidhharthanagar, Rupandehi invites electronic bids from eligible bidders for the procurement of following:
   a) Supply, Delivery, and Testing of Signal Generator and Test Equipment Trolly Rack, NCB-07/GBIA/080-81
2. Eligible bidders may obtain further Information and inspect the bidding documents at http://www.bolpatra.gov.np/egp.
3. Any additional matters not covered by this shall be in accordance with the prevailing Procurement Act, 2063 and Procurement Regulation, 2064.

कुमारी बैक लिमिटेड शाखा कार्यालय तुल्सीपुर, दाङ्को धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिकीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०९/१६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैक लिमिटेडको शाखा कार्यालय तुल्सीपुर, दाङबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस २३ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय तुल्सीपुर, दाङमा लिलाम बिक्री गरी बैकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरणः

हुमलाल बस्नेत/तिला कुमारी बस्नेतको नाति, पुर्ण बहादुर बस्नेत/खिमा कुमारी बस्नेतको छोरा, दाङ जिल्ला, लमही नगरपालिका.वडा नं.०९, (साविक दाङ जिल्ला सतवरिया गा.वि.स. वडा नं. ०९) बस्ने **विष्णु बस्नेत** (ना.प्र.नं.५२२०११/४८८, जारी मिति २०६७/०३/१३, जिल्ला प्रशासन कार्यालय दाङ)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरणः

१. तिर्थराम बस्नेतको नाति, जंगविर बस्नेत/गंगी बस्नेतको छोरा, तिला कुमारी बस्नेतको पति दाङ जिल्ला, लमही नगरपालिका वडा नं.०९, (साविक दाङ जिल्ला सतवरिया गा.वि.स. वडा नं.०९) बस्ने **हुमलाल बस्नेत** (ना.प्र.नं.१०३८, जारी मिति २०३९/१०/०५, जिल्ला प्रशासन कार्यालय दाङ)।
२. जंगविर बस्नेत/गंगी बस्नेतको नाति, हुमलाल बस्नेत/तिला कुमारी बस्नेतको छोरा, खिमा कुमारी बस्नेतको पति, दाङ जिल्ला, लमही नगरपालिका वडा नं.०९, (साविक दाङ जिल्ला सतवरिया गा.वि.स. वडा नं. ०९) बस्ने **पुर्ण बहादुर बस्नेत** (ना.प्र.नं. ११४२९/१६६४, जारी मिति २०४२/०९/१८, जिल्ला प्रशासन कार्यालय दाङ)।
३. टंक प्रसाद गिरीको छोरी, हुमलाल बस्नेत/तिला कुमारी बस्नेतको बुहारी, टोपेन्द्र बस्नेतको पत्नी, दाङ जिल्ला, टरीगाउं गा.वि.स/न.पा वडा नं.०२ स्थायी ठेगाना भई हाल दाङ जिल्ला लमही नगरपालिका वडा नं.०९ बस्ने **विजया गिरी** (ना.प्र.नं. २३९४, जारी मिति २०५२/०१/२६, जिल्ला प्रशासन कार्यालय बाँके)
४. हुमलाल बस्नेत/तिला कुमारी बस्नेतको नाति, पुर्ण बहादुर बस्नेत/खिमा कुमारी बस्नेतको छोरा, दाङ जिल्ला, लमही नगरपालिका वडा नं.०९, (साविक दाङ जिल्ला सतवरिया गा.वि.स. वडा नं. ०९) बस्ने **इश्वरी बस्नेत** (ना.प्र.नं.५२२०११/११७५, जारी मिति २०६८/०५/२५, जिल्ला प्रशासन कार्यालय दाङ)।
५. जंगविर बस्नेत/गंगी बस्नेतको नाति, हुमलाल बस्नेत/तिला कुमारी बस्नेतको छोरा, सर्मिला थापाको पति दाङ जिल्ला, लमही नगरपालिका.वडा नं.०९, (साविक दाङ जिल्ला सतवरिया गा.वि.स. वडा नं.०९) बस्ने **भरेन्द्र बहादुर बस्नेत** (ना.प्र.नं.४५१३/१५८०, जारी मिति २०५८/०७/२२, जिल्ला प्रशासन कार्यालय दाङ)।
६. जंगविर बस्नेत/गंगी बस्नेतको नाति, हुमलाल बस्नेत/तिला कुमारी बस्नेतको छोरा, अन्जु बस्नेतको पति दाङ जिल्ला, लमही नगरपालिका.वडा नं.०९, (साविक दाङ जिल्ला सतवरिया गा.वि.स. वडा नं.०९) बस्ने **तारा बहादुर बस्नेत** (ना.प्र.नं.१३४६/१५८१, जारी मिति २०५५/०७/२५, जिल्ला प्रशासन कार्यालय दाङ)।
७. जंगविर बस्नेत/गंगी बस्नेतको नाति, हुमलाल बस्नेत/तिला कुमारी बस्नेतको छोरा, विजया गिरीको पति दाङ जिल्ला, लमही नगरपालिका.वडा नं.०९, (साविक दाङ जिल्ला सतवरिया गा.वि.स. वडा नं. ०९) बस्ने **टोपेन्द्र बहादुर बस्नेत** (ना.प्र.नं.९७८/१०७, जारी मिति २०५३/०१/२६, जिल्ला प्रशासन कार्यालय दाङ)।
८. रत्न बहादुर डाँगी/खुसिला डाँगीको छोरी, पुर्ण बहादुर बस्नेतको पत्नी, हुमलाल बस्नेत/तिला कुमारी बस्नेतको बुहारी दाङ जिल्ला, लमही नगरपालिका.वडा नं.०९, (साविक दाङ जिल्ला सतवरिया गा.वि.स.वडा नं.०९) बस्ने **खिमा कुमारी बस्नेत** (ना.प्र.नं.५२-०१-७२-००६१०, जारी मिति २०७२/०२/०३, जिल्ला प्रशासन कार्यालय दाङ)।

लिलाम हुने सम्पत्तिको विवरणः

१. **हुमलाल बस्नेत**को नाममा मालपोत कार्यालय, दाङमा दर्ता कायम रहेको दाङ जिल्ला, साविक फुलबारी गा.वि.स.वडा नं. ५/क (हाल दाङ जिल्ला, लमही नगरपालिका वडा नं.९) स्थित कित्ता नं. ३१ र ५३ को क्षेत्रफल क्रमश ०-१४-८ र ०-१९-१९ (वि.क.धु) को जग्गा लगायत सम्पूर्ण लिगलगापातहरु समेत।
२. धनी कुमारी बैक र ऋणी **विष्णु बस्नेत** कायम भई नारायणी अञ्चल यातायत व्यवस्था कार्यालय विरगन्जमा दर्ता कायम रहेको चे.नं. MEC2411BLHP051233, ई.नं. 400950D0051186 सवारी नं. ना. ७ ख. ९९९२ को BHARAT BENZ Tripper थान १।
३. धनी कुमारी बैक र ऋणी **विष्णु बस्नेत** कायम भई भेरी अञ्चल यातायत व्यवस्था कार्यालय नेपालगन्जमा दर्ता कायम रहेको चेसिस नं.MDHFBACDOG931550, ई नं. E107017, सवारी नं. भे. १ च. २४५३ को Datsun Red Car थान १।

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८० पुस २२ गते** भित्र बैकको शाखा कार्यालय तुल्सीपुर, दाङ स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैक लिमिटेडको शाखा कार्यालय तुल्सीपुर, दाङबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैक लि.मा जम्मा गरेको भौचर, कुमारी बैक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुस २३ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैकको शाखा कार्यालय तुल्सीपुर, दाङ स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैक बिदा परेमा सोको लगत्तै पछि बैक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालेसोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैकको शाखा कार्यालय तुल्सीपुर, दाङ स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैक आफैले सकार गर्दाको अवस्थामा समेत बैकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० पुस २३ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय तुल्सीपुर, दाङ फोन नं. ०८२-५२१७७५/७६

भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि.सं. २००३/०५/१२

स्वर्गारोहणः
वि.सं. २०८०/०५/०४

स्व. गायत्रीबहादुर बुढाथोकी

ड्राइभिङ्ग स्कूल संघ नेपाल केन्द्रीय समितिका वरिष्ठ उपाध्यक्ष श्री खगेन्द्र बुढाथोकी तथा अनन्यमित्र राजु बुढाथोकी, नरेश बुढाथोकी र शुरेश बुढाथोकीका पूजनिय पिता गायत्रीबहादुर बुढाथोकीको असामयिक निधनले हामीलाई मर्माहत तुल्याएको छ। दुखको यस समयमा दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै सम्पूर्ण शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं।

रामचन्द्र श्रेष्ठ
अध्यक्ष तथा
ड्राइभिङ्ग स्कूल संघ नेपाल केन्द्रीय समिति परिवार

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८०।०९।१६)

श्री शेयरधनी महानुभावज्यूहरु,

मिति २०८०/०९/०१ मा बसेको सञ्चालक समितिको पाँचौं बैठकको निर्णयानुसार यस कम्पनीको छैठौं वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा आफू स्वयम् वा रीतपूर्वकको प्रतिनिधि मार्फत् उपस्थित हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा बस्ने मिति, समय र स्थान

मितिः २०८०/०९/२९ गते, आइतबार।
स्थानः अर्पण ब्याङ्क्वेट, बानेश्वर, काठमाडौं।
समयः दिनको ३:०० बजे।

छलफलका विषयहरुः

साधारण प्रस्ताव

क. अध्यक्षज्यूको मन्तव्य तथा साविक प्रभु लाइफ इन्स्योरेन्स लि. तथा साविक महालक्ष्मी लाईफ इन्स्योरेन्स लि. को सञ्चालक समितिको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।
ख. साविक प्रभु लाइफ इन्स्योरेन्स लि. तथा साविक महालक्ष्मी लाईफ इन्स्योरेन्स लि. को लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/७९ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत वित्तीय विवरणहरु पारित गर्ने।
ग. कम्पनी ऐन, २०६३ को दफा ११ (३) बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा साविक प्रभु लाइफ इन्स्योरेन्स लि. तथा साविक महालक्ष्मी लाईफ इन्स्योरेन्स लि.को आर्थिक वर्ष २०७९/८० को लेखा परीक्षणको लागि लेखा परीक्षकहरुको नियुक्ति तथा निजहरुको पारिश्रमिक पारित गर्ने। (हालका लेखापरीक्षकहरु पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ।)
घ. संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरुको निर्वाचन गर्ने। संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व हुने गरी समुह (क) अन्तर्गत चार जना तथा सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व हुने गरी समुह (ख) अन्तर्गत दुई जना गरी कुल ६ जना संचालक पदको निर्वाचन गर्ने।
ङ. स्वतन्त्र संचालकको नियुक्ति अनुमोदन गर्ने।
च. संचालक समितिबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने।
छ. प्रबन्धपत्र तथा नियमावलीमा नियमनकारी निकायहरूले फेरबदल, थपघट गर्न कुनै सुझाव वा निर्देशन दिएमा वा कुनै भाषिक फेरबदल गर्नु पर्ने भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने।

विशेष प्रस्ताव :

क. नेपाल बीमा प्राधिकरणले तोकेको चुक्ता पूँजी पुऱ्याउन नियमनकारी निकायको स्वीकृति लिई हाल कायम रहेको चुक्ता पूँजीको १७ प्रतिशत हकप्रद शेयर जारी गर्ने र पूँजी बृद्धी पश्चात सोही अनुसारको चुक्ता पूँजी कायम गरी प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने।
ख. संचालक समितिका सदस्यहरुले संचालक समिति तथा अन्य समिति, उप समितिको बैठकमा उपस्थित भए बापत पाउने भत्ता तथा मासिक सुविधा बृद्धी गर्ने सम्बन्धमा।
ग. साविक प्रभु लाइफ इन्स्योरेन्स लि. तथा साविक महालक्ष्मी लाईफ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने गाभिने कार्यमा भएका खर्चहरु अनुमोदन गर्ने।
घ. कम्पनी ऐनको दफा १०५ (१) (ग) मा भएको व्यवस्था बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मिति २०८० कात्तिक, १७ गते पश्चिम रुकुमको जाजरकोट केन्द्र बिन्दु भै गएको भूकम्प पीडितहरुको सहयोगार्थ प्रधानमन्त्री राहत तथा दैवी प्रकोप उद्दार कोषमा प्रदान गरिएको रु. १०,००,०००/- अनुमोदन गर्ने।

विविध

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी जानकारी

१. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन २०८०/०९/२७ गते बिहीवार भित्र यस कम्पनीको प्रधान कार्यालय कमलादी, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ।
२. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्ध हुनेछ।
३. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भ


अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार १६ पुस ०८०

दर्ता नगरी सामाजिक सञ्जाल चलाए ५० लाखसम्म जरिवाना

गाली-बेइज्जती, गोपनीयता भंग गर्ने प्रयोगकर्तालाई १० लाख रुपैयाँसम्म जरिवाना

मुना कुँवर/नयाँ पत्रिका

नेपालमा सामाजिक सञ्जालको प्लेटफर्म दर्ता नगरी सञ्चालन गरेमा ५० लाखसम्म जरिवाना हुने भएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले तयार पारेको सामाजिक सञ्जालको प्रयोग तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा यस्तो व्यवस्था गरिएको छ। विश्व बजारमा चलेका सामाजिक सञ्जालको नेपाल प्रतिनिधि सार्वजनिक पद धारण गर्ने व्यक्ति भएर पनि दर्ता नभएको पाइए ५० लाख जरिवानाको व्यवस्था गरिएको छ। तर, नेपालमा दर्ता नगरी सञ्चालन भएका सामाजिक सञ्जालका नेपाल प्रतिनिधि अन्य व्यक्ति रहेको खण्डमा २५ लाख जरिवानाको व्यवस्था गरिएको मस्यौदामा उल्लेख छ। यस्तो प्लेटफर्म प्रयोग गरी कसैलाई गाली-बेइज्जती गरेमा, गोपनीयता भंग गर्ने प्रयोगकर्तालाई पाँच लाख रुपैयाँसम्म जरिवाना हुनेछ। तर, सार्वजनिक पद धारण गरेका व्यक्तिले यस्तो कसुर गरेमा भने दोब्बर अर्थात् १० लाख रुपैयाँ जरिवानाको व्यवस्था गरिएको छ। यस्तो कसुर दोहोऱ्याएमा पटकैपिच्छे दोब्बर जरिवाना हुने व्यवस्था गरिएको छ।



महिला, बालबालिकाको गुनासोलाई प्राथमिकता दिनुपर्ने

सामाजिक सञ्जालमा गरिने कसुरविरुद्ध उजुरी दिनेमध्ये महिला, बालबालिका तथा यौनिक अल्पसंख्यकको गुनासोलाई प्राथमिकता दिनुपर्नेछ। सञ्चार मन्त्रालयले तयार पारेको विधेयकको मस्यौदामा सामाजिक सञ्जालका सम्बद्ध निकाय, सम्पर्क विन्दु, प्लेटफर्म र इकाइले गुनासो सुनुवाइसम्बन्धी कार्य गर्दा उनीहरूलाई प्राथमिकता दिन मस्यौदामा लेखिएको छ। तर, विपत् तथा संकटग्रस्त अवस्थाको घोषणा भएको तथा महामारी एवं अन्य विशेष अवस्थामा प्रचलित कानुनबमोजिमको व्यवस्था परिपालना गर्नुपर्नेछ।

सामाजिक सञ्जाल व्यवस्थापन परिषद् व्यवस्था गरिने

सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई नियमन गर्न सामाजिक सञ्जाल व्यवस्थापन परिषद्को व्यवस्था गरिने भएको छ। सञ्चार विधेयकको मस्यौदामा उल्लेख भएअनुसार परिषद्को अध्यक्ष सञ्चारमन्त्री रहनेछन्। त्यस्तै, सञ्चार सचिव, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष, सामाजिक सञ्जाल प्लेटफर्मका सञ्चालक वा प्रतिनिधि एक महिलासहित दुईजना, सूचना प्रविधि विभागका महानिर्देशक र मन्त्रालयका सहसचिव सदस्य रहनेछन्। साथै, सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रका प्रमुख सदस्य सचिव हुनेछन्।

परिषद्ले सामाजिक सञ्जालको सञ्चालन र प्रयोगका सम्बन्धमा नीतिगत व्यवस्था गर्नेछ। सामाजिक सञ्जालको नियमनसम्बन्धी अध्ययन-अनुसन्धान गरी कानुनी व्यवस्था परिमार्जन गर्न सरकारलाई सिफारिस गर्नेछ। साथै, सामाजिक सञ्जालका सञ्चालक र प्रयोगकर्ताले पालना गर्नुपर्ने सर्तहरू निर्धारण गर्ने, सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रको काम-कारबाहीको अनुगमन गरी आवश्यक निर्देशन दिनेछ।

त्यस्तै, सामाजिक सञ्जालको सञ्चालन, व्यवस्थापन र नियमनसम्बन्धी नियमित तथा प्रशासनिक काम गर्न मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै निकायलाई व्यवस्थापन केन्द्रका रूपमा तोक्न सक्नेछ। व्यवस्थापन केन्द्र नतोकिएसम्मका लागि मन्त्रालयको सूचना प्रविधि महाशाखाले सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रको काम गर्नेछ।

त्यस्तै, सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित बनाई सामाजिक सञ्जालको दुरुपयोगबाट पीडित व्यक्तिको गुनासो व्यवस्थापन गर्न सूचना तथा प्रसारण विभाग, विज्ञापन बोर्ड, प्रेस काउन्सिल, नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल प्रहरी निकायका रूपमा रहनेछन्।

विधेयकबमोजिम सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने व्यक्ति, कम्पनी वा संस्था केन्द्रमा दर्ता हुनुपर्नेछ। यो ऐन प्रारम्भ हुनुअघि सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्म ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रमा निवेदन दिनुपर्नेछ।

तर, यसअघि नै सञ्चार मन्त्रालयमा सूचीकरण भएका सामाजिक सञ्जाल प्लेटफर्म दर्ताका लागि निवेदन दिनुपर्नेछैन। सूचीकरण हुँदाका बखत पेस गरेका सम्पूर्ण कागजात र तत्सम्बन्धी अन्य अभिलेख मन्त्रालयले ऐन प्रारम्भ भएको तीन महिनाभित्र सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रमा पठाउनुपर्नेछ। साथै, एक लाखभन्दा कम प्रयोगकर्ता हुने गरी सञ्चालन गरिने सामाजिक सञ्जाल दर्ता गर्नुपर्नेछैन। यसअघि गत कात्तिकमा सरकारले सामाजिक सञ्जाल सञ्चालन निर्देशिका, २०८० पारित गरेको छ।

■ प्राधिकरणलाई उद्योगीको जवाफ
प्रमाण माग्नु अपराध होइन

बिजुलीको प्रिमियम शुल्क नतिरेको भन्दै प्राधिकरणले गत ६ पुसबाट हालसम्म २३ उद्योगको लाइन काटेको छ

नयाँ पत्रिका

विद्युत् महसुल बक्यौता नतिरेको भन्दै विद्युत् प्राधिकरणले बिजुली कटौती गरिरहँदा उद्योगीहरूले प्रमाणविना पैसा नदिने अडान कायमै राखेका छन्। आइतबार पत्रकार सम्मेलन गर्दै उद्यागीहरूले टाइम अफ डे (टिओडी) मिटरकै तथ्यांक चाहिने अडान राखेका छन्। प्राधिकरणले गत बिहीबार पत्रकार सम्मेलन गर्दै 'लकसिट'को प्रमाण भएको बताएको थियो। प्राधिकरणको उक्त पत्रकार सम्मेलनको जवाफस्वरूप लाइन काटिएका उद्योगहरूले टिओडी मिटरकै तथ्यांक माग्नु आफ्नो अधिकार रहेको बताएका हुन्।

कसले के भने ?

पत्रकार सम्मेलनमा नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवालले यस मुद्दामा सरकार निरीह भएको बताए। 'यतिको ठूलो मुद्दामा अहिलेको मात्रै होइन, कुनै पनि सरकारले चासो देखाएनन्। सरकारकै कारणले पनि यो मुद्दा किनारा लाग्न सकेको छैन,' उनले बताए।

यस्तै, नेपाल धागो उत्पादक संघका अध्यक्ष पवन गोल्यानले न्यायका लागि सडकमा रगत बगाउन तयार रहेको बताए। 'अहिले नेपाल लगानी सम्मेलनको पूर्वसन्ध्यामा छ। तर, प्राधिकरणले यही रूपमा लाइन काट्दै गयो भने उद्योगहरू बन्द हुन्छन् र दुई लाख हाराहारीले रोजगारी गुमाउँछन्,' उनले भने, 'वास्तवमै हामीले यसअनुसार पैसा तिर्न बाँकी छैन। टिओडी मिटरको तथ्यांक सुरक्षित गर्ने काम प्राधिकरणकै हो, त्यसको दुःख हामीलाई दिनुहुँदैन।' महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले उच्चस्तरीय आयोग बनाएर यसलाई समाधानको बाटोमा अघि बढाउनुपर्ने बताए। यसैगरी, सिद्धार्थ उद्योग वाणिज्य मसहांघका अध्यक्ष ठाकुर गैरेले पनि उच्चस्तरीय न्यायिक समिति बनाएर यसलाई टुंगोमा पुऱ्याउनुपर्ने बताए।

जगदम्बा स्टिलका अध्यक्ष साहिल अग्रवालले टिओडी मिटरको तथ्यांकविना बक्यौता नतिर्ने बताए। 'टिओडी मिटर प्राधिकरणको सम्पत्ति हो, त्यसको तथ्यांक हामीसँग हुँदैन। लकसिटको तथ्यांक हामीसँग पनि छ। तर, त्यसमा कुन समयमा कति विद्युत् प्रयोग भयो भन्ने तथ्यांक हुँदैन,' उनले भने, 'डेडिकेटेड र ट्रंक लाइनबाट विद्युत् प्रयोग गर्दा समयअनुसार ५८ प्रतिशत र ६५ प्रतिशत प्रिमियम शुल्क लाग्छ। त्यसअनुसार पैसा तिर्न हामीलाई टिओडी मिटरकै तथ्यांक चाहिन्छ। हचुवाका भरमा पठाइएको ६५ प्रतिशत प्रिमियमको बिल हामी तिर्दैनौं।'

नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष ध्रुव थापाले प्रमाणविना एक रुपैयाँ पनि नतिर्ने बताए। यस्तै, अर्घाखाँची सिमेन्टका सञ्चालक पशुपति मुरारकाले डेडिकेटेड र ट्रंक लाइनमार्फत बिजुली प्रयोग गरेको प्रमाण माग्नु अधिकार भएको बताए। उद्योगीहरूले प्रमाण माग्दासमेत प्राधिकरणले तथ्यांक उपलब्ध गराएको छैन, त्यसपछि यो विवाद झनै पेचिलो बन्दै छ। डेडिकेटेड र ट्रंक लाइनबाट प्रयोग गरेको बिजुलीको प्रिमियम शुल्क नतिरेको भन्दै प्राधिकरणले गत ६ पुसबाट उद्योगहरूको लाइन काट्न थालेको छ। हालसम्म २३ उद्योगको लाइन काटिसकिएको छ।

'प्राधिकरणले चासो नदेखाएपछि पुनरावेदनमा गएनौं'

उद्योगीहरूले प्राधिकरणले चासो नदिएका कारण बिल पुनरावलोकन प्रक्रियामा नगएको बताएका छन्। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बिल रकममा चित्त नबुझे उद्योगीहरूलाई पुनरावलोकन प्रक्रियामा आउन आह्वान गरेका थिए। त्यसको जवाफस्वरूप उद्योगीहरूले यस्तो बताएका हुन्। अर्घाखाँची सिमेन्ट र डाबर नेपालले पुनरावलोकन निवेदन दिए पनि प्राधिकरणले हालसम्म कुनै पनि निर्णय नगरेको सिमेन्ट उत्पादक संघका अध्यक्ष ध्रुव थापाले बताए।

'प्राधिकरणले पुनरावलोकन निवेदनमा ३५ दिनभित्र निर्णय गर्नुपर्छ। तर, हामीले सांकेतिक रूपमा दिएका दुई आवेदनमा अहिलेसम्म कुनै निर्णय आएको छैन,' उनले भने, 'त्यसैले थप उद्योगहरू पुनरावलोकन प्रक्रियामा गएनन्।'

डेडिकेटेड र ट्रंक लाइन नै जडान नगरेको सर्वोत्तमको दाबी

यता सर्वोत्तम सिमेन्टले भने आफ्नो उद्योगमा डेडिकेटेड फिडर र ट्रंक लाइन नै जडान नगरेको दाबी गरेको छ। लोडसेडिङका वेलामा औद्योगिक फिडरबाटै विद्युत् प्रयोग गरेको उद्योगका सञ्चालक विष्णु न्यौपानेले बताए। 'हामीले डेडिकेटेड फिडर र ट्रंक लाइन नै जडान गरेका छौं। लोडसेडिङ हुँदा पनि उद्योगी फिडर थियो, जुन अन्य उद्योगले समेत प्रयोग गरेका थिए,' उनले भने, 'हामीले त्यसवेलामा पनि लोडसेडिङकै तालिकाअनुसार बिजुली प्रयोग गरेको हो। तर, हामीलाई प्रिमियम शुल्कसहित बिल पठाइयो।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

नेवानिको ग्राउन्ड ह्यान्डलिङ नखोसिने : पर्यटनमन्त्री

नयाँ पत्रिका

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले नेपाल वायुसेवा निगम (नेवानि)को ग्राउन्ड ह्यान्डलिङ सेवा नखोसिने स्पष्ट पारेका छन्। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)को २५औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उनले निगमको ग्राउन्ड ह्यान्डलिङका विषयमा अनावश्यक कोकोहोलो नगर्न कर्मचारीलाई निर्देशन दिए। उनले निगमबाट ग्राउन्ड ह्यान्डलिङ खोस्ने कोसिस नगर्न पनि क्यानलाई चेतावनी दिँदै कुनै पनि हालतमा निगमबाट ग्राउन्ड ह्यान्डलिङ नखोसिने बताए। 'ग्राउन्ड ह्यान्डलिङ प्रधानमन्त्रीको सरोकारको विषय हो, सबै ठूला राजनीतिक दलको सरोकारको विषय हो,' मन्त्री किराँतीले भने, 'निगमलाई ग्राउन्ड ह्यान्डलिङ दिने कि नदिने भन्ने विषयमा अनावश्यक कोकोहोलो गर्न आजैदेखि बन्द गर्नुहोस्।'



मन्त्री किराँतीले भने- नेवानि बचाउन ग्राउन्ड ह्यान्डलिङ चाहिन्छ, यही बटमलाइन हो

मन्त्री किराँतीले वायुसेवा निगम डुबिसकेको पनि स्वीकार गरे। 'निगमको जीवन नै ग्राउन्ड ह्यान्डलिङ भएको छ। निगम डुब्यो त डुब्यो, मैले आएर डुबाएको हुँ र ?' उनले भने, 'देशलाई वायुसेवा निगम चाहिन्छ, निगमलाई बचाउन ग्राउन्ड ह्यान्डलिङ चाहिन्छ, यही हो बटमलाइन।' सरकारले अर्को निर्णय नगरुन्जेल कसैले यस विषयमा बोलेमा नेतृत्वमाथिको हस्तक्षेप मानिने र त्यो सह्य नहुने पनि किराँतीले चेतावनी दिए। उनले भने, 'यो कुरा नउडाउन तपाईंहरूलाई गम्भीरताका साथ निर्देशन गर्छु, यति भनेपछि पनि फेरि यही कुरा उठाइरहेमा राम्रो हुँदैन, बुझ्नुहोला।'

निगमले देशका तीनवटै अन्तर्राष्ट्रिय विमानस्थलमा ग्राउन्ड ह्यान्डलिङ सेवा प्रदान गर्दै आइरहेको छ। निगमले गुणस्तरीय सेवा दिन नसकेको भन्दै क्यानले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ग्राउन्ड ह्यान्डलिङका लागि प्रतिस्पर्धामार्फत सक्षम र अनुभवी कम्पनी भित्र्याउने योजना बनाएको छ। निगमको सेवाप्रति यात्रु मात्र होइन, अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरू पनि सन्तुष्ट नभएको, विमानस्थलमा यात्रुहरूको ब्यागेज चोरी हुने तथा जहाज उडाएर आम्दानी गर्नुपर्नेमा निगम नेतृत्व ग्राउन्ड ह्यान्डलिङ सेवाको आम्दानीमै रमाएर बसेको आरोप लाग्दै आएको छ।

२० हजारले पाए पहिलो किस्ता

रुकुम-पश्चिम/ १७ कात्तिकमा गएको भूकम्पले क्षति पुऱ्याएको रुकुम-पश्चिममा करिब २० हजार लाभग्राहीले अस्थायी आवास बनाउन पहिलो किस्ता प्राप्त गरेका छन्। जिल्लाका ६ वटै स्थायीय तहका १९ हजार सात सय १७ लाभग्राहीले पहिलो किस्ताबापतको २५ हजार पाएको सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवाले जानकारी दिए। उनका अनुसार हालसम्म सबैभन्दा बढी आठबिसकोट नगरपालिकामा सात हजारले पाएका छन्। बाँफीकोट गाउँपालिकामा भने प्रमुख प्रशासकीय अधिकृत नहुँदा कुनै पनि लाभग्राहीले पहिलो किस्ता प्राप्त गर्न सकेका छैनन्।

त्यस्तै, चौरजहारी नगरपालिकामा पाँच हजार नौ सय ३८, मुसिकोट नगरपालिकामा दुई सय ११, सानीभेरी गाउँपालिकामा चार हजार चार सय ९९ र त्रिवेणी गाउँपालिकाका दुई हजार ६९ लाभग्राहीले पहिलो किस्ताबापतको २५ हजार रुपैयाँका दरले ४९ करोड २९ लाख २५ हजार रुपैयाँ प्राप्त गरेका छन्।

■ उद्योगमन्त्रीको एक वर्ष
कानुन निर्माणमा सक्रिय, बजेट खर्च असफल

अजित अधिकारी/नयाँ पत्रिका

गहकिलो राजनीतिक विरासत बोकेका उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालको करिब एक पूरा हुँदा उनले प्रतिनिधित्व गर्ने कांग्रेसको भर्खरै सम्पन्न केन्द्रीय समिति बैठकमा आलोचना भएको छ। राजनीतिक जीवनको उत्तरार्द्धमा पहिलोपटक मन्त्री भएको अवसरलाई सदुपयोग गर्न नसक्दा पार्टी नेतृत्वको आलोचना खेप्न बाध्य छन्। पार्टीभित्र देउवानिकट रहेका रिजाल आफैंले एकवर्षे कार्य अवधिको समीक्षा गरेका छन्। गत १७ चैतमा उद्योगमन्त्री नियुक्त भएयताका कामको विवरण मन्त्रालयले तयार गरेको छ। संकलित विवरण हेर्दा ऐन, नीति, नियमावली र कार्यविधि निर्माणमा उनको सक्रियता प्रशंसनीय देखिन्छ। यो अवधिमा उनले २३ वटा ऐन-नियमको मस्यौदा तयार गर्ने, रायका लागि पेस गर्ने र मन्त्रिपरिषद्बाट स्वीकृति गर्ने काम गरेको मन्त्रालयका एक अधिकारीले बताए।



'वर्तमान मन्त्रीज्यूको नेतृत्वमा ६ वटा नीति, चार-चारवटा ऐन र नियमावली तथा नौवटा कार्यविधि अगाडि बढाउने काम भएको छ,' ती अधिकारीले भने, 'एकवर्षे अवधिमा ऐन, निर्माणका क्षेत्रमा भएको यो काम उल्लेखनीय हो।'

त्यस्तै, विद्युतीय व्यापारसम्बन्धी विधेयक राष्ट्रिय सभाबाट स्वीकृत भएको, कम्पनी ऐन, ०६३ को दोस्रो संशोधन मस्यौदा तयार भई अर्थ मन्त्रालय पठाइएको, औद्योगिक बौद्धिक सम्पत्ति दर्तासम्बन्धी विधेयक, ०८० कानुन मन्त्रालयमा रायमा सैद्धान्तिक सहमतिका लगि पठाइएको र प्राइभेट फर्म एजेन्सी (नवीकरण) ऐन, ०८० को मस्यौदा तयार गरिएको मन्त्रालयले जनाएको छ।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) नियमावली, ०८० स्वीकृत भएको, प्राइभेट रजिस्ट्रेसन नियमावली (पन्ध्रौं संशोधन), ०८० मन्त्रिपरिषद्बाट स्वीकृत भएको र गुणस्तर तथा नापतौल नियमावली, ०८० रायका लागि अर्थ मन्त्रालय पठाइएको छ भने एजेन्सी संशोधन र एकीकरण (पहिलो संशोधन नियमहरू, ०८०) मन्त्रिपरिषद्बाट स्वीकृत भएको जनाइएको छ।

चालू आवमा मन्त्रालयका लागि विनियोजित आठ अर्ब १३ करोड विनियोजित बजेटमध्ये एक अर्ब ६० करोड ५६ लाख (१९.७३ प्रतिशत) खर्च भएको छ। विकास निर्माणसम्बन्धी खासै काम नभएको उद्योग मन्त्रालयको खर्च प्रणाली निकै निराशाजनक हो।

गत जेठमा प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणमा अमलेखगन्ज-चितवन र सिलगुडी-झापा पाइपलाइन तथा चितवन र झापामा पेट्रोलियम भण्डारणगृह निर्माणको सुरुवात गर्ने गरी मन्त्री रिजालले भारतीय समकक्षीसँग सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए। सम्झौतापत्रका आवश्यक सर्तहरू आयल निगम र इन्डियन आयल कर्पोरेसन (आइओसी)ले ६ महिनाभित्र तय गर्ने र निर्माण सुरु भएको ५४ महिनामा सम्पन्न गर्ने समझदारी भएको थियो। तर, ६ महिना बितिसक्दा पनि निगम र आइओसीले 'बिटुबी' सम्झौताको तयारी गर्न सकेका छैनन्।

Global IME Bank Limited

Invitation for Bids for Supply and Implementation of CRM Application to Global IME Bank Limited

Date of Publication : 1st January, 2024

Global IME Bank Limited invites sealed bids from eligible bidders for Supply and Implementation of CRM Application.

1. **Eligibility Criteria for the Bidders**
a. The Bidder must be a firm/company/organization registered under applicable Act in Nepal.
b. The Bidder should be OEM (Original Equipment Manufacturer) or OEM Authorized Dealer/Partner and have a local presence of support centre in Nepal.
c. The Bidder must demonstrate a successful track record of installing and commissioning CRM solutions in a minimum of two banks located in Nepal or India.
2. A complete set of Bidding Documents can be purchased from Global IME Bank Limited, Kamaladi Kathmandu by eligible Bidders upon payment of a non refundable fee of NPR 10,000.00 [NPR Ten Thousand Only] to be deposited in account no. 0002610524002 within 1 P.M. of 14th February, 2024.
3. The Bidder shall have to furnish as bid security of 5.00% of the total financial offer in the form of Bank Guarantee in favor of the Bank. The bank guarantee must be issued from 'A' Class Commercial Bank of Nepal.
4. Sealed bids must be submitted to Global IME Bank Limited, General Service Department, Kamaladi Kathmandu by hand/courier on or before 5:30 P.M. on 14th February, 2024. Bids received after this deadline will not be accepted.
5. The bid security should be valid for at least 90 days from the last date specified for submission of bids.
6. Bidder should not be blacklisted, barred, disqualified by any regulator, statutory body, government or any authority within or outside Nepal.
7. The detailed scopes of work and terms and conditions can be found in the request for proposal (RFP) document.
8. If the last date of purchasing and /or submission falls on a public holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The bank, at its sole discretion, reserves all the rights to accept or reject the Bids received from the bidders, wholly or partially; any or all the bids without assigning reason whatsoever.

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

Registered/Corporate Office
Tel: 01–4228671/4226247
Global Connect: 01-5970600
[ICRANP-IR] A Rated

Global IME Bank Limited

Invitation for Bids for Supply and Implementation of Loyalty Management System (LMS) to Global IME Bank Limited

Date of Publication : 1st January, 2024

Global IME Bank Limited invites sealed bids from eligible bidders for Supply/ Delivery and Implementation of Loyalty Management System (LMS).

1. **Eligibility Criteria for the Bidders**
a. The Bidder must be a firm/company/organization registered under applicable Act in Nepal.
b. The Bidder should be OEM (Original Equipment Manufacturer) or OEM Authorized Dealer/Partner and have a local presence of support centre in Nepal.
2. The Bidder must demonstrate a successful track record of installing and commissioning LMS solutions in a minimum of two banks preferably commercial Bank.
3. A complete set of Bidding Documents can be purchased from Global IME Bank Limited, Kamaladi Kathmandu by eligible Bidders upon payment of a non refundable fee of NPR 10,000.00 [NPR Ten Thousand Only] to be deposited in account no. 0002610524002 within 1 P.M. of 14th February, 2024.
4. The Bidder shall have to furnish as bid security of 5.00% of the total financial offer in the form of Bank Guarantee in favor of the Bank. The bank guarantee must be issued from 'A' Class Commercial Bank of Nepal.
5. Sealed bids must be submitted to Global IME Bank Limited, General Service Department, Kamaladi Kathmandu by hand/courier on or before 5:30 P.M. on 14th February, 2024. Bids received after this deadline will not be accepted.
6. The bid security should be valid for at least 90 days from the last date specified for submission of bids.
7. Bidder should not be blacklisted, barred, disqualified by any regulator, statutory body, government or any authority within or outside Nepal.
8. The detailed scopes of work and terms and conditions can be found in the request for proposal (RFP) document.
9. If the last date of purchasing and /or submission falls on a public holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The bank, at its sole discretion, reserves all the rights to accept or reject the Bids received from the bidders, wholly or partially; any or all the bids without assigning reason whatsoever.

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

Registered/Corporate Office
Tel: 01–4228671/4226247
Global Connect: 01-5970600
[ICRANP-IR] A Rated

ग्लोबल आइएमई बैंक १८औँ वर्षमा

नयाँ पत्रिका

चुक्ता पुँजी, निक्षेप संकलन, कर्जा प्रवाहलगायतका वित्तीय सूचकका आधारमा नेपालको सबैभन्दा ठूलो बैंकका रूपमा रहेको 'ग्लोबल आइएमई बैंक लिमिटेड' १८औँ वर्षमा प्रवेश गर्दै छ। यही १७ पुसमा बैंक लिमिटेड १७औँ वर्ष पार गरेर १८औँ वर्षमा प्रवेश गर्न लागेको हो। ०६३ मा ग्लोबल बैंक लिमिटेडको नामबाट स्थापना भएकोमा हाल ग्लोबल आइएमई बैंकको नामसा सञ्चालित छ।

गत असोज मसान्तसम्म बैंकको चुक्ता पुँजी ३५ अर्ब ७७ करोड (गत आवको बोनस लाभांशसहित ३६ अर्ब १२ करोड), कर्जा प्रवाह तीन खर्ब ७० अर्ब ७३ करोड र निक्षेप संकलन चार खर्ब ४३ अर्ब १६ लाख रहेको छ, यो अन्य १९ वाणिज्य बैंकको तुलनामा सबैभन्दा बढी हो। बैंकको कुल सम्पत्ति पनि सबैभन्दा धेरै छ। गत असोज मसान्तसम्म बैंकको कुल सम्पत्ति पाँच खर्ब ४६ अर्ब २६ करोड ६२ लाख रुपैयाँ रहेको छ। वाणिज्य बैंकहरूमध्ये ग्लोबल आइएमई कर्जा विस्तारमा ८.४२ प्रतिशत र निक्षेप संकलनमा ८.५९ प्रतिशत बजार हिस्सा छ। बैंकले चालू आवको पहिलो तीन महिनामा सरकारलाई ५५ करोड ३६ लाख ७६ हजार आयकर बुझाएको छ, गत आवमा भने दुई अर्ब ८५ करोड चार लाख आयकर बुझाएको थियो।

हाल बैंकले नेपालका ७७ वटै जिल्लामा तीन सय ५५ शाखा, तीन सय ७९ एटिएम, दुई सय ७४ शाखारहित बैंकिङ, ६५ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरका साथै तीन अन्तर्राष्ट्रिय सम्पर्क वैदेशिक प्रतिनिधि कार्यालयमार्फत सेवा दिँदै आएको छ। बैंकमा कार्यरत करिब चार हजार कर्मचारीले ४५ लाखभन्दा बढी ग्राहकलाई प्रत्यक्ष सेवा प्रदान गर्दै आएको छ।



■ बैंकको मर्जर यात्रा

०६३ सालमा 'क' वर्गको बैंकका रूपमा इजाजत प्राप्त। ०६९ मा आइएमई फाइनान्सियल इन्स्टिच्युसन लिमिटेड र लर्ड बुद्ध फाइनान्सलाई गाभेर 'ग्लोबल आइएमई बैंक लिमिटेड'को नामबाट कारोबार सुरु गरेको हो। ०६९/७० मा सोसियल डेभलपमेन्ट बैंक र गुल्मी विकास बैंक गाभिए। आव ०७०/७१ मा कमर्स एन्ड ट्रस्ट बैंक नेपाल मर्ज। ०७४ को अन्त्यमा प्यासिफिक डेभलपमेन्ट बैंक र रिलायबल डेभलपमेन्ट बैंक गाभिए। आव ०७६/७७ मा हाथवे फाइनान्स र जनता बैंक नेपाल लिमिटेड गाभिए। ०७९/८० मा बैंक अफ काठमाण्डू मर्ज।

वार्षिकोत्सवका विभिन्न योजना

बैंकले वार्षिकोत्सवको अवसरमा कार्ड तथा मोबाइल बैंकिङमार्फत गरिने कारोबारमा १७ प्रतिशतसम्म छुट तथा एक हजार रुपैयाँसम्म क्यासब्याक दिने योजना पनि ल्याएको छ। साथै, नयाँ खाता खोली ग्लोबल स्मार्ट प्लस प्रयोग गर्ने ग्राहकले एसएमएसमा प्राप्त प्रोमो कोड प्रयोग गरी पहिलोपटकको क्युआर कारोबार तथा मोबाइल रिचार्जमा १७ प्रतिशत वा अधिकतम एक सय ७० रुपैयाँसम्मको छुट प्रदान गर्ने योजना पनि ल्याइएको छ। बैंकले वार्षिकोत्सवको अवसरमा सिएसआरअन्तर्गत मेरी उनीलाई स्वस्थ नारी पहल अभियान सञ्चालन गरेको छ। अभियानअन्तर्गत बैंकले नेपाल परिवार नियोजन संघसँगको सहकार्यमा सातवटै प्रदेशहरूमा एकदिने निःशुल्क महिला स्वास्थ्य शिविर सञ्चालन गर्न गइरहेको छ।

शिविरमा स्त्रीरोगविज्ञले स्त्रीरोगसम्बन्धी विभिन्न सेवाहरू, महिलाको स्वास्थ्य परीक्षण, पाठेघरको क्यान्सर (भिआइए) परीक्षण, गर्भाशय प्रोल्याप्स केसको उपचार, औषधि वितरणलगायतका सेवाहरू निःशुल्क रूपमा उपलब्ध हुनेछन्। प्रत्येक शिविरबाट पाठेघरको क्यान्सरको प्रारम्भिक लक्षण पत्ता लागेको र पाठेघरको क्यान्सरको गम्भीर बिरामी पहिचान गर्नेछ, जसलाई स्वस्थ नारी पहल कार्यक्रमको दोस्रो चरणमा शल्यक्रिया गरी उपचार गरिनेछ।

बैंकले ४ पुसमा सुदूरपश्चिम प्रदेशमा बाजुरा जिल्लाको गौमुल गाउँपालिकाको दहकोट स्वास्थ्य चौकीमा स्वास्थ्य शिविर सञ्चालन गरिसकेको छ। गत शुक्रबार बागमती प्रदेशको भरतपुर महानगरपालिकाको गौरीगन्ज स्वास्थ्य चौकीमा पनि शिविर सञ्चालन गरिसकिएको छ। अब लुम्बिनी प्रदेशमा रैनादेवी छहरा गाउँपालिकाको छहरा स्वास्थ्य चौकीमा १७ पुस, कर्णाली प्रदेशमा वीरेन्द्रनगर नगरपालिको जर्बुट्टा स्वास्थ्य चौकीमा १८ पुस, गण्डकी प्रदेशमा म्याग्दीस्थित अन्नपूर्ण गाउँपालिकाको पोखरे बजारको आधारभूत विद्यालयमा २१ पुस र कोशी प्रदेशमा इलाम नगरपालिकाको मलाटे स्वास्थ्य चौकीमा २८ पुसमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने तयारी छ।

सामाजिक उत्तरदायित्व

स्थापनाकालदेखि बैंकले सामाजिक उत्तरदायित्वसम्बन्धी काम पनि गर्दै आएको छ। ०७२ सालको भूकम्पमा यो बैंकले ५० लाख रुपैयाँ सरकारको राहत कोषमा जम्मा गरेको थियो। कोरोना राहत कोषमा पनि यस बैंकले १० लाख रुपैयाँ प्रदान गरेको थियो। यसै वर्षको जाजरकोटमा गएको भूकम्पमा पनि बैंकले १० लाख रुपैयाँ प्रदान गरेको थियो। यसै वर्षको जाजरकोटमा गएको भूकम्पमा पनि यो बैंकसहित आइएमई समूहले एक करोड ५० लाख रुपैयाँ राहत प्रदान गरेको छ।

बैंकले हरेक वर्ष स्वास्थ्य, शिक्षा, वित्तीय साक्षरता, सांस्कृतिक तथा वातावरण संरक्षण, प्राकृतिक विपत्ति तथा उपभोक्ता संरक्षण, नेपालको दिगो विकास लक्ष्य, डिजिटल प्रडक्ट प्रवर्द्धनमा सामाजिक उत्तरदायित्व (सिएसआर) कोषको पैसा खर्च गर्दै गरेको देखिन्छ।

भावी योजना

बैंकले अबका दिनमा प्रविधिमा आधारित नयाँ सेवाहरूको विकास गर्ने, निक्षेप तथा कर्जाको विविधीकरण गर्ने आयआर्जनका नयाँ क्षेत्रहरू विस्तार तथा निक्षेप परिचालनमा जोड दिने, पुँजीकोष वृद्धि गर्नेलगायतका योजना बनाएको छ। ग्राहक तथा सम्पूर्ण सरोकारवालाको आवश्यकता र अपेक्षा पूरा गर्दै देशको सन्तुलित आर्थिक-सामाजिक रूपान्तरण गर्ने सरकारको प्रयासलाई टेवा पुऱ्याउनेसमेत लक्ष्य लिएको बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय लक्ष्मीपुर, पतारीको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/१६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय लक्ष्मीपुर, पतारीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेको ले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण:

प्राईभेट फर्म दर्ता ऐन २०१४ अन्तर्गत मिति २०७१/०७/२७ मा प्रा.फा.र.नं. ४०७९/०७१/७२ मा दर्ता भई करदाता सेवा कार्यालय सिरहाबाट मिति २०७१/०७/२८ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०२७१६७१० को प्रमाणपत्र प्राप्त सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा.. वडा नं. ०३ स्थित रजिष्टर्ड कार्यालय रहेको **धनराज ट्रेडर्स** (प्रोप्राईटर लक्ष्मण साहको नाति, वलिराम साहको छोरा, विभा कुमारी साहको पति, सिरहा जिल्ला महेशपुर पतारी गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ०३ बस्ने **रन बहादुर साह** (ना.प्र.नं. १५३०३१/२५ मिति २०७०/०१/२३ जि.प्र.का., सिरहा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. लक्ष्मण साहको नाति, वलिराम साहको छोरा, विभा कुमारी साहको पति, सिरहा जिल्ला, महेशपुर पतारी, गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ०३ बस्ने **रन बहादुर साह** (ना.प्र.नं. १५३०३१/२५ मिति २०७०/०१/२३ जि.प्र.का., सिरहा)।
२. सरुप साहको नाति, लक्ष्मण साहको छोरा, सिरहा जिल्ला, महेशपुर गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ०३ बस्ने **वलिराम साह** (ना.प्र.नं. १५१०३१/१५९७३ मिति २०६६/०५/१४ जि.प्र.का., सिरहा)।
३. वलिराम साहको बूहारी, गोपाल साहको छारी, रन बहादुर साहको पत्नी, सिरहा जिल्ला, लक्ष्मीपुर पतारी गा.पा. वडा नं. ०३ बस्ने **विभा कुमारी साह** (ना.प्र.नं. १५-०१-७४-०४४१९ मिति २०७४/०४/११ जि.प्र.का. सिरहा)।

धितो सुरक्षणको विवरण

१. **वलिराम साह**को नाममा मालपोत कार्यालय, लहानमा दर्ता कायम रहेको सिरहा जिल्ला, हनुमान नगर गा.वि.स, वडा नं. ०७ स्थित कित्ता नं. ५३८, क्षेत्रफल ०-३-२-० (बि.क.धु) को जग्गा/घर, ऐ.ऐ. पडरीया गा.वि.स वडा नं. ०३ स्थित कित्ता नं. १३४१, १३९० र १३४२, क्षेत्रफल क्रमश: ०-०-९, ०-०-३ र ०-०-३ (वि.क.धु.) को जग्गा/घर, ऐ.ऐ. पडरीया गा.वि.स. वडा नं. ०९क स्थित कित्ता नं. ११८८ र ११८९, क्षेत्रफल ०-०-४.५ र ०-०-३ (वि.क.धु.) को जग्गा/घर तथा ऐ.ऐ. लक्ष्मीपुर प्र.ध. गा.वि.स. वडा नं. ०४क स्थित कित्ता नं. १३८९ र ३७९, क्षेत्रफल क्रमश ०-०-१७.५-० र ०-२-० (वि.क.धु) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **रन बहादुर साह**को नाममा मालपोत कार्यालय, लहानमा दर्ता कायम रहेको सिरहा जिल्ला, सितापुर प्र.ध. गा.वि.स, वडा नं. ०१क स्थित कित्ता नं. ८८०, क्षेत्रफल ०-३-१५-० (बि.क.धु) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. धनि कुमारी बैक लि.र ऋणी **धनराज ट्रेडर्स** कायम भई प्रदेश नं. ०२, यातायात व्यवस्था कार्यालय, लहान, सिरहामा दर्ता कायम रहेको चे.नं. MA3FZBH1T00129694, ई.नं. E08AN1038959, सवारी नं. प्र.०२-०१-००१ च ०११८ को SUZUKI SUPER CARRY थान १।
४. ऋणी **धनराज ट्रेडर्स**को सम्पूर्ण चल अचल सम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय लक्ष्मीपुर, पतारी फोन नं. ९८४४०५२३३८, ९८११७२१६१७

कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०९/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.सं.	शाखा कार्यालय : निजगढ, बारा	
	ऋणीको नाम, ठेगाना	
१.	**नाम : लक्ष्मी किराना पसल** प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कम्पनि रजिष्ट्रेशन नं. ७८१६/३७५, दर्ता मिति : २०७६/०५/२४, पान नं. ६११८७१०६०, दर्ता मिति : २०७६/०५/२४ ठेगाना : रौतहट जिल्ला, फतुवाबिजयपुर न.पा. वडा नं. ६ **प्रोप्राइटर : शान्ती देवी**	
	जमानतकर्ताको विवरण	
	१. शान्ति देवी ना.प्र.नं. ३६७९, जि.प्र.का. रौतहट, जारी मिति : २०६३/१२/३० पतिको नाम : सहदेव राय यादव ससुराको नाम : बंशी राय यादव ठेगाना : रौतहट जिल्ला, सन्तपुर (दो). वडा नं. ९ हाल : रौतहट जिल्ला, फतुवाबिजयपुर न.पा. वडा न. ६	**२. सहदेव राय यादव** ना.प्र.न. २४४, जि.प्र.का. रौतहट, जारी मिति : २०४६/१२/०९ बाबुको नाम : बंशी राय यादव बाजेको नाम : रामजी राय यादव ठेगाना : रौतहट जिल्ला, सन्तपुर (दो). वडा नं. ९ हाल : रौतहट जिल्ला, फतुवाबिजयपुर न.पा. वडा न. ६
	धितोको विवरण	
	सहदेव राय यादवको नाममा मालपोत कार्यालय गौर रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर (दो) गा.वि.स. वडा नं. २ क स्थित कित्ता नं. २६५ को क्षेत्रफल ०-६-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
क्र.सं.	शाखा कार्यालय : बलम्बु, काठमाडौं	
	ऋणीको नाम, ठेगाना	
१.	**नाम : पशु तथा कृषी फर्म** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौं प्र.फ.नं. ४९०५२/१३७०, दर्ता मिति : २०७३/११/१७, पान नं. ६०५८०५२४० जारी मिति : २०७३/११/२३ ठेगाना : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. २, बस्नेतछाप, **प्रोप्राइटर : भुवन साउद**	
	जमानतकर्ताको विवरण	
	१. नाम : भुवन साउद ना.प्र.नं. २७१०४१/४०५३८, जि.प्र.का. काठमाडौं जारी मिति : २०६६/०३/११ बाबुको नाम : रण बहादुर साउद बाजेको नाम : विजय बहादुर साउद ठेगाना : काठमाडौं जिल्ला, दहचोक गा.वि.स. वडा नं. ४ हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १	**२. नाम : गंगा देवि साउद** ना.प्र.नं. ६५३७/२७२४९, जि.प्र.का. काठमाडौं जारी मिति : २०५१/१०/२९ पतिको नाम : रण बहादुर साउद ससुराको नाम : विजय बहादुर साउद ठेगाना : काठमाडौं जिल्ला, दहचोक गा.वि.स. वडा नं. ४ हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १
	३. नाम : सचिन्दा भण्डारी ना.प्र.नं. २६३०४५/०७०/१५, जि.प्र.का. धादिङ जारी मिति : २०७०/०२/१६ पतिको नाम : भुवन साउद, ससुराको नाम : रण बहादुर साउद ठेगाना : धादिङ जिल्ला, नौविसे गा.वि.स. वडा नं. ६, हाल : काठमाडौं जिल्ला, चन्द्रागिरी न.पा. वडा नं. १	
क्र.सं.	शाखा कार्यालय : पेप्शीकोला, काठमाडौं	
	ऋणीको नाम, ठेगाना	
१.	**नाम : श्री भद्रकाली बिल्डर्स प्रा.लि.** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. १६२८१०/०७३/०७४, दर्ता मिति : २०७३/१०/१८ पान नं. ६०६००७३९३, दर्ता मिति : २०७३/१०/१८ ठेगाना : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६ **प्रोप्राइटर : लिअल राज गौतम**	**नाम : खिल राज गौतम** ना.प्र.नं. २०-०१-६९-०४५६०, जि.प्र.का. सिन्धुली जारी मिति : २०६९/१२/२० बाबुको नाम : देवी प्रसाद गौतम बाजेको नाम : मोहन लाल गौतम ठेगाना : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. २
	जमानतकर्ताको विवरण	
	१. नाम : लिअल राज गौतम ना.प्र.नं. २०३०२७/२६१, जि.प्र.का. सिन्धुली जारी मिति : २०६३/११/२९ बाबुको नाम : देवी प्रसाद गौतम बाजेको नाम : मोहन लाल गौतम ठेगाना : सिन्धुली जिल्ला, भद्रकाली गा.वि.स. वडा नं. ४ हाल : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. २	**२. नाम : देवी प्रसाद गौतम** ना.प्र.न. ११४, जि.प्र.का. सिन्धुली जारी मिति : २०३४/०९/०६ बाबुको नाम : मोहन लाल गौतम बाजेको नाम : नारायण गौतम ठेगाना : सिन्धुली जिल्ला, भद्रकाली गा.पं. वडा नं. ४ हाल : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. २
	३. नाम : निर्मला गौतम ना.प्र.नं. १३२७/२९५८, जि.प्र.का. सिन्धुली, जारी मिति : २०४६/०२/१४ पतिको नाम : देवी प्रसाद गौतम, ससुराको नाम : मोहन लाल गौतम ठेगाना : सिन्धुली जिल्ला, भद्रकाली गा.वि.स. वडा नं. ४, हाल : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. २	
	धितोको विवरण	
	१. खिल राज गौतमको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, राजगढ वडा नं. ९ स्थित कित्ता नं. ५०८१ को क्षेत्रफल ०-१९-१०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. धनी ज्योति विकास बैंक लि. भई ऋणी श्री भद्रकाली बिल्डर्स प्रा.लि.को नाममा यातायात व्यवस्था कार्यालय नारायणीमा दर्ता श्रेष्ता कायम रहेको ना २ क ६४१ को चेसिस नं. DHKCEBACCK0022214, ईन्जिन नं. DB58TIS936687EN भएको Doosan Hydraulic Excavator DX225LCA (New) - II तथा ना २ क ६४४ को चेसिस नं. DHKCEBACCK0022200, ईन्जिन नं. DB58TIS936578EN भएको Doosan Hydraulic Excavator DX225LCA (New) - II को सवारी साधन थान २	

क्र.सं.	शाखा कार्यालय : परवानीपुर, बारा	
	ऋणीको नाम, ठेगाना	जमानतकर्ताको विवरण
१.	**नाम : नरेश प्रसाद यादव** ना.प्र.नं. १०५५/९२१८, जि.प्र.का. बारा जारी मिति : २०६७/०९/१९ बाबुको नाम : महेन्द्र राउत अहिर बाजेको नाम : भजन राउत अहिर ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १२	**१. नाम : पिंकी कुमारी यादव** ना.प्र.न. ३३३०६५/३४०३, जि.प्र.का. बारा जारी मिति : २०६३/१२/०४ पतिको नाम : नरेश प्रसाद यादव ससुराको नाम : महेन्द्र राउत अहिर ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १२
	धितोको विवरण	
	धनी ज्योति विकास बैंक लि. भई ऋणी नरेश प्रसाद यादवको नाममा यातायात व्यवस्था कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको प्र.००२-०३-००१ च ४८४४ को चेसिस नं. MAT464602MSR08779, ईन्जिन नं. 49CCR10GYX620019 भएको टाटा कम्पनीको जेनन योद्धा पिकप मोडेल २०२१ को सवारी साधन थान १।	
	ऋणीको नाम, ठेगाना	
२.	**नाम : श्री पटेल एण्ड ब्रदर्श ईन्टरप्राईजेज** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज दर्ता नं. ३९७२६/०७६/७७, दर्ता मिति : २०७६/१०/२६, पान नं. ६१३३११६४५, दर्ता मिति : २०७७/०३/१९ ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २४, रामगढवा, **प्रोप्राइटर : शिला देवी**	
	जमानतकर्ताको विवरण	
	१. नाम : उमेश प्रसाद कुर्मी ना.प्र.नं. ७६९५१६२४, जि.प्र.का. बारा जारी मिति : २०५४/०८/०८, बाबुको नाम : सिंहासन राउत कुमी बाजेको नाम : भरोस राउत कुर्मी ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ८, रामगढवा हाल : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २४	**२. नाम : शिला देवी** ना.प्र.न. ३३३०६६/११८, जि.प्र.का. पर्सा जारी मिति : २०६३/११/१५, पतिको नाम : उमेश प्रसाद कुर्मी ससुराको नाम : श्री सिंहासन राउत कुर्मी ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ८, रामगढवा हाल : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २४
	३. नाम : प्रेम पटेल ना.प्र.नं. ३४-०१-७३-१३०७९, जि.प्र.का. पर्सा, जारी मिति : २०७३/१२/१५ बाबुको नाम : उमेश प्रसाद कुर्मी, बाजेको नाम : भरोस राउत कुर्मी ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २४	
	धितोको विवरण	
	उमेश प्रसाद कुर्मीको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, रामगढवा स्थित कित्ता नं. ८७ क्षेत्रफल ७०५ व.मि. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
	ऋणीको नाम, ठेगाना	
३.	**नाम : ग्यालेक्सी स्टार कन्सट्रक्सन** प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कलैया, (बारा) नेपाल दर्ता नं. ९४५३/१०८३/०७७/०७८, दर्ता मिति : २०७७/११/१३, पान नं. ६१५३०८३०८, दर्ता मिति : २०७७/११/१३ ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ४, **प्रोप्राइटर : विनय कुमार जैसवाल**	
	जमानतकर्ताको विवरण	
	१. नाम : विनय कुमार जैसवाल ना.प्र.नं. ३३-०१-७१-०३१९६, जि.प्र.का. बारा जारी मिति : २०७१/०७/११ बाबुको नाम : बलिराम साह कलवार बाजेको नाम : पासपत साह कलवार ठेगाना : बारा जिल्ला, बघवन वडा नं. २ हाल : बारा जिल्ला, कलैया वडा नं. ४	**२. नाम : बलिराम साह कलवार** ना.प्र.नं. १३२५/१४६१, जि.प्र.का. बारा जारी मिति २०४६/०२/०३ बाबुको नाम : पासपत साह कलवार बाजेको नाम : लालजी साह कलवार ठेगाना : बारा जिल्ला, बघवन वडा नं. २ हाल : बारा जिल्ला, कलैया वडा नं. ४
	धितोको विवरण	
	धनी ज्योति विकास बैंक लि. भई ऋणी ग्यालेक्सी स्टार कन्सट्रक्सनको नाममा यातायात व्यवस्था कार्यालय विरगंज पर्सामा दर्ता कायम रहेको प्र.-००२-०३-००१क-१२६३, ईन्जिन नं. PONJD14AEL2944846, च्यासिस नं. 84930451 को JCB Excavator Model 2020 सवारी साधन थान १।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल, फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : निजगढ, बारा, फोन नं. ०५३-५४०३७०, बलम्बु, काठमाडौं, फोन नं. ०१-४३१२६२२
पेप्शीकोला, काठमाडौं, फोन नं.: ०१-४९९१८३६, परवानीपुर, बारा, फोन नं. ०५१-४१००३१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

एजुकेसन पार्कमा पढ्ने विद्यार्थीले छुट पाउने

काठमाडौं/ आइएलटिएस र पिटिई परीक्षाको तयारीका लागि एजुकेसन पार्कमा अध्ययन गर्ने विद्यार्थीले छुट पाउने भएका छन्। विद्यार्थीले एजुकेसन पार्कमा भुक्तानी गर्नुपर्ने शुल्क आइएमई पेमार्फत भुक्तानी गरेमा छुट पाउने भएका हुन्।

विद्यार्थीलाई छुट दिने सम्बन्धमा भएको सम्झौताअनुसार आइएमई पेमार्फत भुक्तानी गरेमा विद्यार्थीले तयारी कक्षामा ५० प्रतिशत छुट पाउने जनाइएको छ। उक्त सम्झौताअनुसार काठमाडौंको सिभिल मल आठौं तलामा रहेको एजुकेसन पार्कमा आइएलटिएस र पिटिईको तयारी कक्षा लिन इच्छुक विद्यार्थीले आइएमई पेमार्फत कक्षाको शुल्क भुक्तानी गर्नुपर्ने सर्त राखिएको छ। यो छुट चैत ६ गतेसम्म लागू हुने उल्लेख छ। यसबीचमा बुकिङ गर्नेले सम्झौता अवधिभन्दा पछि अध्ययन गर्दा पनि छुट योजना लागू हुने एजुकेसन पार्कले जनाएको छ। दुवै कक्षा अनलाइनमार्फत समेत लिन सकिने व्यवस्था गरेको एजुकेसन पार्कले जनाएको छ। योजनाले उक्त कक्षा लिन चाहने विद्यार्थीलाई अझ सहज हुने दुवै कम्पनीले विश्वास व्यक्त गरेका छन्।



बिवाइडी डल्फिन इभीले ब्राजिलमा जित्यो सबैभन्दा धेरै पुरस्कार


1
VENCEDOR
BYD
DOLPHIN
201</antocr_

लुम्बिनीमा विषयगत समितिको निर्वाचन स्थगित



दाङमा **दीपक बोहरा**

लुम्बिनी प्रदेशमा विषयगत समिति सभापतिको निर्वाचन स्थगित भएको छ। प्रदेश सभा सचिव दुर्लभकुमार पुनका अनुसार १७ पुसका लागि तोकिएको निर्वाचन स्थगित गरिएको हो। अर्को सूचना नआउँदासम्मका लागि निर्वाचन स्थगित गरिएको आइतबार जारी सूचनामा उल्लेख छ। प्रदेशका ६ वटा विषयगत समितिले अझै पनि पूर्णता पाउन सकेका छैनन्।

प्रदेश मामिला तथा कानुन समिति, सामाजिक विकास समिति, कृषि, वन तथा वातावरण समिति, भौतिक पूर्वाधार विकास समिति, अर्थ, उद्योग तथा पर्यटन समिति र सार्वजनिक लेखा समितिले सभापति पाउन नसकेको हो। समितिका सदस्यहरूको भने ३० असारको प्रदेश सभा बैठकले टुंगो लगाएको थियो। अर्थ, उद्योग, पर्यटन समिति सदस्यमा तुलसीप्रसाद चौधरी, भगवतीकुमारी थरुनी, खेमबहादुर सारू, वसन्ती न्यौपाने, सायरा बानो, जन्मजय तिमल्सिना, देवकरणप्रसाद कलवार, प्रचण्डविक्रम न्यौपाने, अनुराग खड्का, दिलकुमारी बुढा, कृष्णा केसी र हेमा बेल्वासे केसी छन्।

भौतिक पूर्वाधार तथा विकास समितिको सदस्यमा चेतनारायण आचार्य, डिल्लीराज भुसाल, मधुसूदनशरण चौधरी कुर्मी, इन्द्रकुमारी गहतराज, वीरबहादुर राना, बादशाह कुर्मी, माया पुन, सरोज थापा, कृष्णा कुस्मा थारू, सुरुल पुन, निर्मलादेवी चौधरी, आदेशकुमार अग्रवाल, गीता गुरुङ र खड्ग बस्नेत छन्। प्रदेश मामिला तथा कानुन समिति सदस्यमा भोजप्रसाद श्रेष्ठ, दिनेश पन्थी, रत्नबहादुर खत्री, चिन्तामणि पाण्डे, यमुना रोका तामाङ, निमा गिरी, भुवनेश्वर चौधरी, जमुना ढकाल, सुधाकर पाण्डेय, इन्द्रजित चौधरी, राजकुमार चौधरी र आशिषकुमार चौधरी छन्।

सामाजिक विकास समिति सदस्यमा भूमिश्वर ढकाल, नवराज लामिछाने, रेखाकुमारी शर्मा, सरिता पुन, बसिउद्दिन खाँ, धनबहादुर केसी, सुशीला बादी, मीनाकुमारी बोहरा, लोकीकुमारी विक, यमबहादुर नेपाली सार्की, जानकीप्रसाद यादव र तारा थापा रहेका छन्। कृषि, वन तथा वातावरण समिति सदस्यमा अर्जुनकुमार केसी, दुर्गाप्रसाद चौधरी, तुल्सीराम शर्मा, राजुप्रसाद श्रेष्ठ, शान्ति लोध, मालती सोडारी, विश्वप्रेम पाठक, देवीप्रसाद चौधरी, जोखबहादुर महरा, मीना बुढामगर, मीनाकुमारी श्रेष्ठ, अम्बिका काफ्ले, सुमन शर्मा रायमाझी र भगवती अधिकारी छन्। सार्वजनिक लेखा समितिमा विष्णुप्रसाद पन्थी, गिरीधारीलाल न्यौपाने, रामजीप्रसाद घिमिरे, सीता शर्मा, जानकी न्यौपाने, अब्दुल रज्जाक गद्धी, बैजनाथ कलवार, धनेन्द्र कार्की, धनलक्ष्मी श्रेष्ठ, दीपेन्द्रकुमार पुनमगर, नरमाया ढकाल, कन्हैया बानियाँ छन्।

दूरसञ्चार...

पृष्ठ १ बाट क्रमशः

भनिएको छ। प्राधिकरणले उक्त लागत अनुमानलाई मालसामान खरिदका लागि हुबहु स्वीकृत गरेको पनि देखिन्छ। तर, पछि सच्याएर खरिदलाई परामर्श सेवामा राखेर प्रक्रिया अघि बढाएको थियो। प्राधिकरणले नै स्वीकृत गरेको लागत अनुमानमा उल्लेख भएको रिसोर्स टिमको किसिम (पदनाम) र संख्या, एक्सप्रेसन अफ इन्ट्रेस्ट (इओआई) तथा रिक्वेस्ट फर प्रपोजल (आरएफपी) कागजातमा उल्लेखितसँग फरक परेकोलगायतका विषय छानबिन समितिले औंल्याएको छ।

सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार हार्डवेयर उपकरण मालसामान खरिदअन्तर्गत पर्छन् भने सफ्टवेयर र अन्य विज्ञ सेवा परामर्श सेवामा पर्छन्। यी दुवैको भेन्डर छनोटका अलगै विधि तथा कानुनी प्रक्रिया छन्। वस्तु खरिदलाई परामर्शमा खरिद गरेर कारबाही अघि बढाउन मिल्दैन। तर, प्राधिकरणले यसलाई कुल्चेर एमडिएमएस खरिद कार्य आफूले छनोट गरेको सेवाप्रदायकबाट गराउने व्यवस्था विनियमावलीमा गरेको समितिले जनाएको छ। त्यस्तै, परामर्शदाताको विगत तीन आवको औसत वार्षिक कारोबार एक अर्ब रुपैयाँ हुनुपर्ने व्यवस्था विनियमावलीमै गरेर प्रतिस्पर्धा सीमित गराउने प्रयत्न प्राधिकरणले गरेको प्रतिवेदनमा औंल्याइएको छ।

समिति संयोजक गिरीले भने, 'एमडिएमएसको खरिद प्रक्रियाको डिपार्चर (प्रस्थान)मै त्रुटि भएको छ, यसमा संलग्नलाई कारबाहीको दायरामा ल्याउनुपर्छ भनेर प्रतिवेदन दिएका छौं। साथै, खरिदको बाँकी काम पनि कानुनअनुसार नै सम्पन्न हुनुपर्छ भनेर सिफारिस गरेका छौं।'

प्राधिकरणले सार्वजनिक बोलपत्र आह्वान गरेर प्रतिस्पर्धामा छनोट भएको एम/एस न्युमेरा (मलेसिया)-ओएसआई कन्सल्टिड प्रालि (भारत)-नमस्ते ग्लोबल कम्युनिकेसन प्रालि (सिंगापुर) जेभीसँग १९ असार ०७६ (४ जुलाई २०१९) मा ७० लाख ६६ हजार ८८८ अमेरिकी डलरमा ठेक्का सम्झौता गरेको थियो। सोही दिनको नेपाल राष्ट्र बैंकको विदेशी मुद्रा विनिमय दरअनुसार ८२ करोड ९१ लाख ८७ हजार ६१७ रुपैयाँ हुन आउँछ। पाँच महिना (१७ मंसिर ०७६) भित्र सम्पन्न गर्ने र परामर्शदाताले पाँच वर्षसम्म प्राविधिक सहायता गर्ने गरी लगाइएको उक्त ठेक्का साढे चार वर्षसम्म पनि सम्पन्न हुन सकेको छैन।

छानबिन समितिका अनुसार तीनपटकसम्म म्याद थप्दा पनि हालसम्म सिंहदरबारस्थित गभर्मेन्ट इन्टिग्रेटेड डाटा सेन्टर (जिआइडिसी)मा आठ उपकरण जडान भएका छन्। पाँच उपकरण जडान हुन बाँकी छन् भने १५ उपकरण प्राप्त नै हुन सकेका छैनन्। यसले जडान भएका र जडान हुन बाँकीभन्दा धेरै उपकरण ठेकेदार कम्पनीले ल्याउनै बाँकी रहेको देखाउँछ। बजेट पनि हालसम्म एकचौथाइजति मात्रै भुक्तानी भएकोमा त्यसैमा पनि व्यापक अनियमितता भेटिएको समितिको निष्कर्ष छ। अनियमितताको उजुरी परेपछि नै मन्त्रालयले गत २४ कात्तिकमा छानबिन समिति गठन गरेको थियो। गिरी नेतृत्वको समितिमा सञ्चार मन्त्रालयकै लेखा शाखाका उपसचिव श्रीधर ज्ञवाली र प्रशासन शाखाका उपसचिव नारायण तिमिल्सिना सदस्य थिए भने कानुन अधिकृत विष्णु ओली सदस्यसचिव थिए।

समितिलाई एमडिएमएसको स्थापनादेखि सञ्चालनको प्रक्रियासम्मका नीतिगत निर्णय, बजेट व्यवस्थापन, सामान तथा सेवा खरिद प्रक्रिया, तेस्रो पक्षसँगको सम्झौतालगायतका विषयका सम्बन्धमा छानबिन गर्न भनिएको थियो। कार्यादेशअनुसार समितिले एमडिएमएसको टेन्डरसम्बन्धी कागजातको अध्ययन र विश्लेषण गरी एमडिएमएस हार्डवेयरको स्थलगत निरीक्षण तथा सफ्टवेयर एप्लिकेसनहरूको जाँच तथा निरीक्षण गरेको थियो। त्यस्तै, समितिले एमडिएमएस खरिदसम्बन्धी परामर्शदाताको अध्ययन प्रतिवेदन, खरिदका एक्सप्रेसन अफ इन्ट्रेस्ट (इओआई) र रिक्वेस्ट फर प्रपोजल (आरएफपी), आरएफपीको मूल्यांकन प्रतिवेदन, परामर्शदाता र प्राधिकरणबीच भएको सम्झौता, सम्झौता संशोधन, तेस्रो पक्ष प्रमाणीकरण, सार्वजनिक खरिद विशेषज्ञको स्वार्थको द्वन्द्वसम्बन्धी प्रतिवेदन, विज्ञसँग राय तथा परामर्श, कानुनलगायतको अध्ययन गरेको थियो। यिनै अध्ययनका आधारमा समितिले निष्कर्ष निकालेर रायसमेत दिएको थियो।

प्रणाली जडान नै अलपत्र, तर सञ्चालन तालिम दिन सात कर्मचारी बैंकक लगेर एक करोड सकाइयो

छानबिन समितिले एमडिएमएस खरिद प्रक्रियामा हालसम्म २० करोड ७८ लाख ९७ हजार ९३१ रुपैयाँ (कुल रकमको २५ प्रतिशत) भुक्तानी भएको प्रतिवेदन तयार पारेको छ। भौतिक हिसाबले प्रणाली सञ्चालन गर्ने गरी हार्डवेयर र सफ्टवेयरका सबै काम सकिएका छैनन्। हार्डवेयरको मुख्य हिस्सा अझै पनि प्राधिकरणमा आइसकेका छैनन्। प्राइमरी साइटमा रहने कन्टेनर तथा केही विद्युतीय उपकरण आयातका क्रममा रहेको जानकारी गत १४ मंसिरमा प्राधिकरणले छानबिन समितिलाई उपलब्ध गराएको छ। धेरै काम बाँकी रहेको र मुख्य उपकरण नै आइनसकेको अवस्थामा प्राधिकरणले भने प्रणाली सञ्चालनका लागि भन्दै २३ जेठ ०८० को निर्णयबमोजिम सात कर्मचारीलाई तालिम दिन ५ असारमा बैंकक पठाएको भेटिएको छ। जसका लागि एक करोड तीन लाख दुई हजार ७७५ रुपैयाँ (७९ हजार एक सय अमेरिकी डलर) भुक्तानी दिइसकेको छ। 'स्थलगत अध्ययन गर्दा प्रणाली सञ्चालन गर्न थुप्रै काम बाँकी रहँदारहँदै तालिम दिई भुक्तानी गर्ने कार्य कैफियतयोग्य छ,' छानबिन प्रतिवेदनमा उल्लेख छ।

पदाधिकारी, कर्मचारी र ठेकेदारलाई कारबाही गर्न सिफारिस

प्राधिकरण नेतृत्व, पदाधिकारी र कर्मचारीहरू खरिद कानुन र त्यसको अभ्यासमा संवेदनशील नभएको, प्राधिकरणसँग खरिदसम्बन्धी प्राविधिक क्षमता अत्यन्त कमजोर रहेको, सम्बद्ध तथा सरोकारवालाहरूसँगको अन्तर्सम्बन्ध र समन्वय नभएको, कामको नियमित अनुगमन, मूल्यांकन र परीक्षणको संयन्त्र नभएकोलगायतका कमजोरी औंल्याउँदै छानबिन समितिले त्यस्ता पदाधिकारी, कर्मचारी तथा परामर्शदातासमेतलाई कारबाहीको सिफारिस गरेको छ। 'बिड सेक्युरिटीको आवश्यक नपर्ने खरिदमा त्यसको व्यवस्था गर्न सिफारिस गर्ने परामर्शदाता, निर्णय गर्ने पदाधिकारी/कर्मचारी यस सन्दर्भमा सम्भवतः दोषी देखिन्छन्,' प्रतिवेदनमा भनिएको छ, 'यसैका कारण दुई परामर्शदाता प्राविधिक र आर्थिक मूल्यांकनमा समावेश नहुने गरी बाहिरिएका छन्। तसर्थ, यस्ता पदाधिकारी, कर्मचारी तथा परामर्शदातासमेतलाई प्रचलित कानुनबमोजिम कारबाही गरिनुपर्छ।'

अलपत्र परेको एमडिएमएस प्रणाली पूर्ण रूपमा सञ्चालनमा ल्याउनुपर्ने, खरिद प्रक्रियामा व्यवस्थापकीय, कानुनी, प्राविधिक तथा समग्र उत्तरदायित्व र जवाफदेहिता वहन नगर्ने पदाधिकारी, कर्मचारी तथा परामर्शदातालाई प्रचलित कानुनबमोजिम कारबाही गर्न पनि समितिले मन्त्रालयलाई सिफारिस गरेको छ।

एमडिएमएस प्रणाली पूर्ण रूपमा सञ्चालनमा ल्याउन अब तुरुन्तै प्राप्त हुन बाँकी हार्डवेयर र सफ्टवेयर ल्याएर जडान गर्नुपर्ने, आवश्यक विज्ञ तथा परामर्शदाताको शीघ्र व्यवस्था गरी निर्वाध सञ्चालनको व्यवस्था गर्नुपर्ने, खरिद सम्झौतामा प्रचलित कानुनविपरीतका प्रावधान हटाई अद्यावधिक गर्नुपर्नेलगायतका सुझाव छानबिन समितिले दिएको छ। ठेक्काको म्याद थप गर्दा गम्भीर लापरबाही देखिएको भन्दै कुल खरिद सम्झौता रकमको १० प्रतिशत हुने पूर्वनिर्धारित क्षतिपूर्ति सरकारी बाँकीसरह असुल गरी नेपाल सरकारको संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने सिफारिस पनि समितिको छ। निर्धारित समयमा काम नसक्ने परामर्शदातालाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गरी पठाइनुपर्ने सुझाव पनि समितिको छ।

सरकारी कागजात किर्ते जालसाजीमा थप छानबिन गर्नुपर्ने

अन्तिम समयमा स्वार्थको द्वन्द्वसम्बन्धी सवाल उठाई तुरुन्तै सोधनी गर्ने, सार्वजनिक खरिद ऐनको व्यवस्थाविपरीत वार्ता गरी स्पेसिफिकेसन नै परिवर्तन गर्ने, मूल्य लागत अनुमानमा समावेश भएको कार्यालय भाडामा एक लाख ५० हजार अमेरिकी डलर व्यवस्था हुँदाहुँदै वार्ताबाट प्राधिकरणले परामर्शदातालाई कार्यालय उपलब्ध गराउनेजस्ता कामकारबाही र खरिदविज्ञको प्रतिवेदनमा दस्तखत काटेर ल्याई सरकारी कागजात किर्ते जालसाजी गरेकाजस्ता गतिविधि खरिद प्रक्रियामा देखिएको प्रतिवेदनमा औंल्याइएको छ। छानबिन समितिको कार्यक्षेत्रमा मिलेमतो र सरकारी कागजात किर्ते जालसाजीको जिम्मेवारी नपरेकाले यी विषय हेर्न नसकिएको भन्दै यस सम्बन्धमा थप छानबिन गरी कारबाही गर्न सुझाएको छ। सुझाव कार्यान्वयन नहुँदासम्म चालू आवका लागि एमडिएमएस स्थापना तथा सञ्चालनार्थ मन्त्रालयले प्राधिकरणलाई दिएको बजेट तथा कार्यक्रमको सहमति तत्काल स्थगन गर्न पनि समितिले भनेको छ।

अख्तियारबाट पनि छानबिन हुँदै

एमडिएमएस खरिदमा अनियमितता भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि छानबिन गरिरहेको छ। यसबीचमा मन्त्रालयबाट समेत छानबिन भएको जानकारी पाएपछि अख्तियारले पत्र लेखेर मन्त्रालयबाट प्रतिवेदन लगेको हो।

करिब एक दशकदेखि एमडिएमएस स्थापनाको प्रयास

आर्थिक वर्ष ०७१/७२ को बजेटले एमडिएमएस स्थापना गर्ने घोषणा गरेको थियो। बजेट वक्तव्यको २५४ बुँदामा 'मोबाइल सेटको गैरकानुनी आयात एवं प्रयोगलाई निरुत्साहित गर्न मोबाइलको स्तर निर्धारण गर्ने कार्यलाई थप प्रभावकारी बनाउन इक्विपमेन्ट आइडेन्टिटी रजिस्ट्र सिस्टमसम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइने' उल्लेख थियो। यही घोषणाबमोजिम कार्यविधि स्वीकृत गरी १ साउन ०७२ देखि लागू गर्ने व्यवस्था मिलाउन अर्थ मन्त्रालयले २९ जेठमा निर्देशनसहित पत्राचार गरेको थियो। त्यसपछि दूरसञ्चार प्राधिकरणको १० वैशाख ०७५ को निर्णयले दूरसञ्चार ऐन, २०५३ को दफा ६२ बमोजिम एमडिएमएस विनियमावली, २०७५ स्वीकृत गरेको थियो। ०७६ मा प्राधिकरणले यसको ठेक्का लगाएको थियो।

आव ०७८/७९ को बजेट वक्तव्यमा आगामी १ साउनदेखि एमडिएमएस सञ्चालनमा ल्याउने व्यवस्था गरिएको थियो। यसबाट अवैध मोबाइल सेटको प्रयोग नियन्त्रणमा आउनुका साथै मोबाइलको प्रयोग गरी हुने आपराधिक गतिविधिसमेत नियन्त्रण हुने उल्लेख छ। ६ पुस ०७९ मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले एमडिएमएस पूर्ण रूपमा कार्यान्वयन गर्न प्राधिकरणलाई पठाएको थियो। तर, अझै पनि यो प्रविधि सञ्चालनमा आउन सकेको छैन।

बालकुमारी...

पृष्ठ १ बाट क्रमशः

शनिबार प्रधानमन्त्रीलाई भेटेरै न्यायिक आयोगको माग गरेका थिए। पीडित पक्षको माग सम्बोधन गर्न पूर्वन्यायाधीशको नेतृत्वमा आयोग गठन गर्न लागिएको प्रधानमन्त्री प्रचण्डका प्रेस सल्लाहकार गोविन्द आचार्यले बताए। दक्षिण कोरिया जाने इपिएस परीक्षाको विषयलाई लिएर शुक्रबार बालकुमारीमा भएको आन्दोलनमा दैलेखका सुजन राउत र अछामका वीरेन्द्र शाहको ज्यान गएको थियो।

कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले आयोग गठनका लागि प्रधानमन्त्रीले गृह मन्त्रालयलाई निर्देशन दिएको बताए। गृह मन्त्रालयको तर्फबाट आयोग गठनसम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्मा जानेछ।

कांग्रेसले समग्रमा मुलुकको आर्थिक, सामाजिक क्षेत्रमा सुधारका संकेतहरू देखिएको भन्दै विशेष गरी युवा वर्ग, उद्योगी र व्यवसायीलक्षित रोजगारीका अवसरहरू व्यापक रूपमा सिर्जना हुने गरी आवश्यक प्रभावकारी नीति लिन सरकारलाई सुझाव दिएको छ। बालकुमारी घटनाको सत्यतथ्य छानबिन र दोषीलाई कारबाही गर्न, ज्यान गुमाएका परिवारका कम्तीमा एक सदस्यलाई स्वदेशमै रोजगारी दिन, मृतकका परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन र घाइतेको निःशुल्क उपचार गर्न माग गरको छ। साथै, मुलुकमै थप रोजगारीका अवसर सिर्जना गर्ने र वैदेशिक रोजगारलाई आकर्षक पारिश्रमिक भएका मुलुकसँग श्रम सम्झैता गरी समग्र रोजगारीको क्षेत्र विस्तार गर्न आवश्यक पहल र वैदेशिक रोजगारीमा जानेलाई स्वदेश र विदेशमा प्रवाह गरिने सेवामा सहजीकरण गर्न आग्रह गरेको छ।

नयाँ प्रहरी...

पृष्ठ १ बाट क्रमशः

नारायणकाजी श्रेष्ठले ३० वर्षे सेवाहद जसरी पनि हटाउने सार्वजनिक रूपमै बताउँदै आएका छन्। जसकारण केही व्यक्तिको स्वार्थमा चलखेल नभएमा यसपटक सेवाहद हट्ने सम्भावना छ।

साथै, प्रहरी निरीक्षक (इन्स्पेक्टर) भर्नाका लागि २७ वर्षसम्मको उमेरहद बनाउनेबारे पनि छलफल भइरहेको छ। हाल २५ वर्ष उमेरभित्र मात्र आवेदन दिन पाइने व्यवस्था छ। त्रिभुवन विश्वविद्यालयले स्नातक ४ वर्ष बनाएको र उमेरहद २५ वर्ष हुँदा थोरैले मात्र आवेदन दिन पाउने भएकाले यसलाई फराकिलो बनाउन लागिएको एक प्रहरी अधिकारीले बताए। उमेरहदका कारण थोरै मात्र आवेदन प्रहरी भर्नामा पर्छ। इन्स्पेक्टर भर्नामा यो वर्ष दुई हजार सात सय ९३ जनाको मात्र आवेदन परेको छ। प्रहरीको नयाँ ऐनमा बढुवाका प्रावधान संशोधनबारे पनि छलफल भइरहेको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/०९/१६

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको फत्तेपुर शाखा, सप्तरीबाट विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवाँ, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवाँ तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवाँ, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवाँ, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको चल/अचल सम्पत्ति **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानतको कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स मोर्गेज लोन-आवधिक कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताको नाम र ठेगाना	
नाम	: माया गिरी	नाम	: अशोक कुमार गिरी
बाबु	: होम बहादुर गिरी	बाबु	: हेमराज गिरी
पति	: अशोक कुमार गिरी	बाजे	: जनक लाल गिरी
ठेगाना	: ओद्राहा गा.वि.स.-९,सप्तरी	ठेगाना	: ओद्राहा गा.वि.स.-९,सप्तरी
हाल	: सप्तकोशी न.पा.-६,सप्तरी	हाल	: सप्तकोशी न.पा.-६,सप्तरी
ना.प्र.नं	: २७४१	ना.प्र.नं	: ०३२०३४१४
जारी मिति	: २०५७/०१/२०	जारी मिति	: २०४४/१२/२७
जि.प्र.का.	: सप्तरी	जि.प्र.का.	: सप्तरी

धितो रखिएको सम्पत्तिको विवरणः

धितो सुरक्षण धनीको नामः- माया गिरी

जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
सप्तरी	ओद्राहा	१क	१७२	०-५-४	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगायात समेत।

२. कर्जा शिर्षक : सिटिजन्स मोर्गेज लोन-आवधिक कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताको नाम र ठेगाना	
नाम	: गुन लछी राई	नाम	: निशा राई
बाबु	: पदम बहादुर राई	बाबु	: गणेश राई
पति	: गणेश राई	बाजे	: गम्बु सेर राई
ठेगाना	: अर्खोले गा.वि.स.-३,खोटाङ	ठेगाना	: फत्तेपुर गा.वि.स.-३,सप्तरी
हाल	: सप्तकोशी न.पा.-१,सप्तरी	हाल	: सप्तकोशी न.पा.-१,सप्तरी
ना.प्र.नं	: १०६२/२५७७	ना.प्र.नं	: १६१०११/१७६
जारी मिति	: २०५३/०१/२७	जारी मिति	: २०६९/०२/२१
जि.प्र.का.	: खोटाङ	जि.प्र.का.	: सप्तरी

धितो रखिएको सम्पत्तिको विवरणः

धितो सुरक्षण धनीको नामः- गुन लछी राई

जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
सप्तरी	भरुवाखाल	३क	२६४	०-०-१३	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगायात समेत।

३. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक कर्जा-आवधिक कर्जा

ऋणीको नाम र ठेगाना		जमानीकर्ताहरुको नाम र ठेगाना	
नाम	: भिम प्रसाद यादव	१.नाम	: गिता देवी यादव
बाबु	: मुंगा लाल यादव	बाबु	: अभिनन्दन यादव
बाजे	: रबि लाल यादव	पति	: भिम प्रसाद यादव
ठेगाना	: कमलपुर गा.वि.स.-१,सप्तरी	ठेगाना	: कमलपुर गा.वि.स.-१,सप्तरी
हाल	: सप्तकोशी न.पा.-९,सप्तरी	हाल	: सप्तकोशी न.पा.-९,सप्तरी
ना.प्र.नं	: ३२८१४६०९	ना.प्र.नं	: ३२८१४६६१
जारी मिति	: २०५८/१२/०२	जारी मिति	: २०६०/०७/०४
जि.प्र.का.	: सप्तरी	जि.प्र.का.	: सप्तरी

२.नाम : संजय कुमार यादव
बाबु : भिम प्रसाद यादव
बाजे : मुंगा लाल यादव
ठेगाना : सप्तकोशी न.पा.-९,सप्तरी
हाल : सप्तकोशी न.पा.-९,सप्तरी
ना.प्र.नं : १६-०२-७४-००४५९
जारी मिति : २०७४/०२/१०
जि.प्र.का. : सप्तरी

धितो रखिएको सम्पत्तिको विवरणः

धितो सुरक्षण धनीको नामः- भिम प्रसाद यादव

जिल्ला	सप्तरी
न.पा./गा.वि.स.	कमलपुर
वडा नं/नक्सा सिट	१
कि.नं.	४०७
क्षेत्रफल (वि.क.धु)	०-१-११
कैफियत	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगायात समेत।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०९/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लिखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धीत तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफुले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा सम्बन्धित पक्षहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

लेकसाईड पोखरा शाखा, कास्की

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं दर्ता नं. २०९८९३/०७५/०७६ अन्तर्गत मिति २०७५/११/१९ मा दर्ता कायम भएको **मुलपाली पोल्ट्रि एण्ड एग्रिकल्चर प्रा.लि.** कम्पनी दर्ता ठेगाना : भानु न.पा. - ६, तनहुँ स्थायी लेखा नं. ६०६७२७३९०, मिति २०७५/११/२१ **संचालक अध्यक्ष : राजमहल शर्मा** **कर्जा शिर्षक : आवधिक कर्जा**	**राजमहल शर्मा** ना.प्र.नं. १३८१९७ जारी मिति २०६०/०४/१८ जि.प्र.का. कास्की बाबुको नाम : गोबिन्द प्रसाद शर्मा बाजेको नाम : भिमलाल शर्मा स्थायी ठेगाना : पोखरा - १८, कास्की	**अस्मिता के.सी** ना.प्र.नं. ४३१०३७/१२११ जारी मिति २०७१/०२/१२, जि.प्र.का. तनहुँ बाबुको नाम : झपट बहादुर खत्री पतिको नाम : राजमहल शर्मा ससुराको नाम : गोबिन्द प्रसाद शर्मा स्थायी ठेगाना : शुक्लागण्डकी न.पा. - १५, तनहुँ

टिकापुर शाखा, कैलाली

ऋणीको विवरण

| १. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. २३३५७/०७३/७४ अन्तर्गत मिति २०७३/०८/३० मा दर्ता कायम भएको **श्री ध

सोमबार १६ पुस ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

सन् २०२३ को अन्तर्राष्ट्रिय खेलकुद

फुटबल, क्रिकेट, टेनिस, बक्सिङसँगै गल्फलगायतले सन् २०२३ मा प्रमुख स्थान बनाए । फुटबल महिला विश्वकपमा स्पेन पहिलोपटक विश्वविजेता बन्यो । निर्धारित समयभन्दा एक वर्षपछि चीनले एसियाड आयोजना गऱ्यो । हाङझाउ एसियाडलाई अहिलेसम्मकै उत्कृष्ट आयोजनाका रूपमा हेरिएको छ । पुरुष टेनिसमा सर्बियाली खेलाडी नोभाक जोकोभिचले एकछत्र राज गरे । उनले अस्ट्रेलियन, फ्रेन्च तथा युएस ओपन जित्दै ग्रान्डस्लाम संख्या २४ पुऱ्याए । एजेन्सीको सहयोगमा सन् २०२३ मा भएका प्रमुख खेल यस्ता छन् ।

विश्वकप क्रिकेटमा अस्ट्रेलियाको दबदबा

भारतले एकदिवसीय विश्वकप आयोजना गऱ्यो । राउन्ड रोबिन लिगदेखि सेमिफाइनलसम्म भारतले उत्कृष्ट जित निकाल्यो । विश्वकपमा भारतलाई उपाधिको दाबेदार टोलीका रूपमा हेरिएको थियो । अस्ट्रेलियाले भने लगातार दुई हारबाट विश्वकपको यात्रा सुरु गऱ्यो । पहिलो दुई खेलसम्म अस्ट्रेलियाले विश्वकपमाथि दाबेदारी प्रस्तुत गरेको थिएन । त्यसपछि अस्ट्रेलिया यसरी अगाडि बढ्यो, कीर्तिमानी रूपमा छैटौँपटक उपाधिसमेत जित्यो । फाइनलमा अस्ट्रेलियाले एकपक्षीय खेलमा भारतमाथि ६ विकेटको सानदार जित निकाल्यो ।



सो विश्वकपमा अलराउन्डर ग्लेन म्याक्सवेलले अफगानिस्तानविरुद्धको दोहोरो शतकीय इनिङ्स चामत्कारिक थियो । हारको मुखमा पुगेको अस्ट्रेलियालाई म्याक्सवेल एक्लैले जिततर्फ उन्मुख गराए । अफगानिस्तानले पूर्वविश्वकप विजेता पाकिस्तान, इंल्यान्ड तथा श्रीलंकालाई हरायो । यसपटक पनि दक्षिण अफ्रिका सेमिफाइनलबाटै बाहिरियो । पाकिस्तान, इंल्यान्ड र श्रीलंका सेमिफाइनल स्थान बनाउन सकेनन् । एसोसिएट राष्ट्र नेदरल्यान्ड्सले सबैलाई आश्चर्यमा राखेको थियो । एकदिवसीय विश्वकपमै भारतका पूर्वकप्तान विराट कोहलीले सचिन तेन्दुलकरको नाममा रहेको ४९औँ शतकको कीर्तिमान तोडेका थिए । भारतले एसिया कपको फाइनलमा श्रीलंकालाई सहजै हराएको थियो ।



विम्बल्डनमा कार्लोसको सान

टेनिस स्पर्धामा सबैभन्दा प्रतिष्ठित प्रतियोतिगा विम्बल्डन हो । वर्षभर आयोजना हुने चार ग्रान्डस्लाममध्ये विम्बल्डन उपाधि हात पार्न सबै खेलाडी आतुर हुन्छन् । गत वर्ष स्पेनिस युवा खेलाडी कार्लोस अल्काराज र सर्बियाली नम्बर एक खेलाडी नोभाक जोकोभिचबीच उपाधि भिडन्त भएको थियो । नोभाक कीर्तिमानी रूपमा विम्बल्डन उपाधि जित्ने तयारीमा थिए । तर, फाइनलमा कार्लोसको उत्कृष्ट खेलसँग जोकोभिचको केही सीप चलेन ।



यद्यपि, एटिपी टेनिसमा कार्लोसको प्रदर्शन सधैँ सानदार हुने गर्छन् । तर, उनलाई विश्व टेनिसमा चिनाउने काम विम्बल्डनको फाइनलले गरेको थियो । उपाधि भिडन्तमा जोकोभिचमाथि सानदार जित निकाल्न उनी सफल भए । यससँगै कार्लोस युवा खेलाडीकै नम्बर १ बने । लगातार चारपटकको विजेता जोकोभिच १-६, ७-६, ६-१, ३-६ र ६-४ ले पराजित भए ।

गत वर्ष जोकोभिच युएस ओपन, अस्ट्रेलियन ओपन तथा फ्रेन्च ओपनको समेत फाइनलमा पुगेका थिए । यी तीनवटै ग्रान्डस्लामको फाइनलमा उनले विपक्षीमाथि एकपक्षीय जित निकाले । तर, विम्बल्डन उपाधि भिडन्तको हारले उनलाई ठूलै पीडा दिएको थियो ।

गत वर्ष नै जोकोभिचले टेनिस इतिहासमा सर्वाधिक ३४ ग्रान्डस्लाम जित्ने रेकर्ड बनाए । महिलातर्फ चारैवटा ग्रान्डस्लाममा फरक विजेता बने । युएस ओपनको फाइनलमा कोका गाफ विजयी भइन् ।

हाङझाउमा आयोजक चीनको सान

गत वर्षको सेप्टेम्बरमा चीनको हाङझाउ सहरमा १९औँ एसियाली खेलकुद प्रतियोगिता आयोजना भएको थियो । चीनले १३ वर्षको अन्तरमा दोस्रोपटक एसियन खेलकुद आयोजना गरेको थियो । यसपटक चीनले एसियाडलाई भव्य बनाउन केही बाँकी राखेन । चीनले खेलाडीदेखि पाहुनालाई विश्वस्तरीय रंगशालादेखि प्रविधि देखाएर मोहित बनाएको थियो । प्रतियोगिता आयोजना गर्न चीनले सबै क्षेत्रमा उत्तिकै विकास गरेको थियो । आयोजक चीनले हाङझाउलाई हरियाली एसियाड नाम दिएको थियो । एसियाडको इतिहासमै चीनले पहिलोपटक स्वर्ण संख्यामा दुई सय कटाएको थियो । चीनले सर्वाधिक दुई सय एक स्वर्ण जित्यो । आयोजकले एक सय ११ रजत तथा ७१ कांस्य जित्यो । जापानले अहिलेसम्म कमजोर प्रदर्शन गरी ५२ स्वर्ण, ६७ रजत तथा ६९ कांस्य जिती दोस्रो स्थान रक्षा गऱ्यो । चीन र जापानलाई पछ्याइरहेको दक्षिण कोरिया तेस्रो भयो । दक्षिण कोरियाले ४२ स्वर्ण, ५९ रजत र ८९ कांस्य हात पाऱ्यो । इतिहासमै पहिलोपटक भारतले एसियाडमा उत्कृष्ट प्रदर्शन गरेको थियो । भारत पहिलोपटक शीर्ष चारभित्र रह्यो । भारतले २८ स्वर्ण, ३८ रजत तथा ४१ कांस्य हात पाऱ्यो ।

उद्घाटन दिनमा चीनले डिजिटल लाइट प्रयोग गरी एसियाडको दीप प्रज्वलित गरेको थियो । चीनले प्रतियोगिता सफल बनाउन १० हजारभन्दा बढी स्वयंसेवक परिचालन गरेको थियो । प्रतियोगितामा ४५ राष्ट्रका १२ हजार खेलाडीले लगातार १६ दिनसम्म प्रतिस्पर्धा गरेका थिए । चीनले सन् १९९० मा बेइजिङ र सन् २०१० मा ग्वाङझाउमा एसियाड गरेको थियो ।

मेसी र रोनाल्डोले युरोप छाडे

विश्वकप च्याम्पियन अर्जेन्टिनी कप्तान लियोनल मेसी र पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डोले युरोपियन फुटबल करिअर छाडे । दुवैले पहिलोपटक युरोपियन भूमि त्यागेदै फरक महादेशमा आफ्नो करिअरको सुरुवात गरे । इंग्लिस क्लब म्यानचेस्टर युनाइटेडसँग राम्रो सम्बन्ध बनाउन नसक्दा विश्वलाई आश्चर्य बनाउँदै रोनाल्डो साउदी अरेबियाको प्रो लिगमा आबद्ध भए । उनी अल नासेरमा कीर्तिमानी रकममा अनुबन्धित भए । गत वर्षको जनवरीमा उनले अल नासेरबाट डेब्यु गरे । पाँचपटकको बालोन डि'अर विजेता रोनाल्डोले आफू फुटबलको प्रोमोसन गर्न एसिया आएको बताएका छन् ।

गत वर्ष फुटबलको हटकेक नै साउदी अरेबियाको प्रो लिग रह्यो । रोनाल्डोको आगमनसँगै यहाँ विश्व फुटबलकै स्टार खेलाडी क्रमिक रूपमा आए । प्रो लिग रियल म्याड्रिडका स्टार खेलाडी करिम बेन्जमा, ब्राजिलियन नेमार जुनियर र साडिओ मानेजस्ता खेलाडीलाई लोभ्याउन सफल भयो ।

अर्कोतिर तीन दशकपछि अर्जेन्टिनालाई विश्वकप च्याम्पियन बनाएका मेसीले पेरिस सेन्ट जर्मेन (पिएसजी)सँगको सम्झौता तोडी इंग्लिसम्यान डेभिड बेकह्यामको लगानीमा रहेको इन्टर मियामीसँग सम्बन्ध गाँसे । डेढ दशकको युरोपियन लिगबाट बिदा भएका मेसीको आगमनसँगै अमेरिकामा फुटबलको क्रेज ह्वात्तै बढ्यो । इन्टर मियामीले मेसीको कप्तानीमा ऐतिहासिक रूपमा उपाधिसमेत हात पाऱ्यो । मेजर सकर लिगमा मेसीको जादुमयी खेल हेर्न रंगशाला भरिन्छ । गत वर्ष उनले कीर्तिमानी रूपमा आठौँपटक बालोन डि'अर उपाधि जिते ।

महिला विश्वकप फुटबलमा स्पेनको उदय

न्युजिल्यान्ड र अस्ट्रेलियाले संयुक्त रूपमा फिफा महिला विश्वकप फुटबल प्रतियोगिता आयोजना गरेका थिए । जापान, स्विडेन, जर्मनी र अमेरिकालाई प्रमुख उपाधि दाबेदार मानिएको थियो । अझ लगातारको विजेता अमेरिका उपाधि जित्ने लिस्टको शीर्ष स्थानमा थियो । यी चारमध्ये एक राष्ट्रले पनि विश्वकप ट्रफी उचाल्न सकेन । फिफा महिला विश्वकपले नयाँ विजेताका रूपमा स्पेनलाई पायो । अस्ट्रेलियामा भएको फाइनलमा स्पेनले इंल्यान्डमाथि १-० को जित निकाली पहिलोपटक उपाधि उचाल्यो । आयोजक अस्ट्रेलियालाई २-० ले हराउँदै स्विडेनले तेस्रो स्थान रक्षा गऱ्यो । स्पेनले पहिलोपटक उपाधि जित्दाको क्षणभन्दा स्पेनिस फुटबल संघका अध्यक्ष लुइस रुबिलेसले मिडफिल्डर जेनी हर्मोसोलाई सार्वजनिक रूपमा गरेको चुम्बनले चर्चा खुबै पायो ।



खेलाडीलाई ट्रफी र मेडल वितरणमा लुइसले खेलाडी जेनीमाथि चुम्बन गरेका थिए । सुरुमा यस घटनालाई सामान्य रूपमा लिइएको थियो । तर, सार्वजनिक रूपमा अनुमतिविना चुम्बन लिन नपाउने भनी महिला मानव अधिकारकर्मीले चर्को विरोध गरेका थिए । यस घटनाको एक दिनपछि संघका अध्यक्ष लुइसले सार्वजनिक रूपमै माफी मागे । उनलाई फिफा र युरोपियन फुटबलले समेत कारबाही गऱ्यो । तत्कालै लुइसले पदबाट राजीनामा दिए ।

- श्रीलोचन राजोपाध्याय (एजेन्सीको सहयोगमा)

खेल संक्षेप

बज्राचार्य र थापा च्याम्पियन

कास्की/ संरक्षकभूषण बज्राचार्यले २०औँ संस्करकणको माछापुच्छ्रे पोखरा ओपनतर्फ खुला पुरुषतर्फको उपाधि जितेका छन् । यसैगरी महिलातर्फ सुनिरा थापाले एकल उपाधि हात पारेकी छिन् । पुरुषतर्फ पूर्व नम्बर १ खेलाडी बज्राचार्यले नेपालका नम्बर १ खेलाडी प्रदीप खड्कालाई २-१ को सेटमा हराउँदै उपाधि हात पारे । हारसँगै उपाधिमाथि खड्काले ह्याट्रिक गर्न सकेनन् । पछिल्लो दुई संस्करणका उनी च्याम्पियन थिए । महिलातर्फ उपाधि जित्ने क्रममा थापाले नेपाल नम्बर १ खेलाडी अभिलाषा विष्टलाई २-१ ले पाखा लगाइन् ।

इमर्जिङ कप फुटबलमा सैनिक पहिलो

भरतपुर/ सैनिक महाविद्यालय चैनपुरले पिएफसी इमर्जिङ कप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । आइतबार भएको फाइनलमा सैनिकले वाल्मीकि शिक्षा सदनलाई १-० ले हराउँदै उपाधि हात पारेको हो । पहिलो भएको सैनिकले २० हजार र उपविजेता वाल्मीकिले १० हजार रुपैयाँ हात पारेका छन् । प्रतियोगितामा अनुशासित टिमको पुरस्कार आदिकवि भानुभक्त माध्यमिक विद्यालयले हात पारेको छ । सर्वोत्कृष्ट खेलाडीमा सैनिक महाविद्यालयका सन्तोष न्यौपाने घोषित भए ।

राष्ट्रिय भारोत्तोलन अर्को साता

काठमाडौं/ नेपाल भारोत्तोलन संघको आयोजनामा २६औँ पुरुष तथा ११औँ महिला राष्ट्रिय भारोत्तोलन प्रतियोगिता २४ पुसदेखि हुने भएको छ । पुरुष र महिलातर्फका सिनियर स्पर्धामा १० स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ । यसैगरी, जुनियर र युथमा समान १० स्वर्णका लागि प्रतिस्पर्धा हुने आयोजक भारोत्तोलन संघका अध्यक्ष रामकृष्ण श्रेष्ठले आइतबार पत्रकार सम्मेलनमा जानकारी गराए । प्रतियोगितामा दुई सय ५० खेलाडीको सहभागिता रहने श्रेष्ठले बताए ।

ग्रिनल्यान्ड र भ्याली पब्लिकलाई उपाधि



काठमाडौं/ ग्रिनल्यान्ड र भ्याली पब्लिकले १५औँ टिआइए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन् । ग्रिनल्यान्ड सिनियर पुरुष र भ्याली पब्लिक सिनियर महिलातर्फ च्याम्पियन बनेका हुन् । सिनियर पुरुषतर्फ आइतबार भएको फाइनलमा ग्रिनल्यान्डले एचएचसिएलाई ४०-३४ ले पराजित गऱ्यो । ग्रिनल्यान्डका प्रवीण गुरुङले २२ स्कोर गरेका थिए । भ्याली पब्लिकले निम्सलाई ५५-३२ ले हराउँदै तेस्रो स्थान रक्षा गऱ्यो । भ्याली पब्लिकका अनिमेश अधिकारीले १३ स्कोर गरेका थिए । सिनियर महिलाको उपाधि भिडन्तमा भ्याली पब्लिकले निम्सलाई ४९-२४ ले पाखा लगायो । भ्याली पब्लिककी लोरिशा गौचनले सर्वाधिक २६ स्कोर गरेकी थिइन् । वसुन्धरा नेसनल एकेडेमीलाई १९-१३ ले पाखा लगाउँदै एनसिसिएस तेस्रो भयो । एनसिसिएसकी दिभा महर्जनले ८ स्कोर गरिन् ।

पुरुषमा ग्रिनल्यान्डका आशुतोष केसी तथा महिलामा भ्याली पब्लिककी मुस्कान गुरुङ 'मोस्ट भ्यालुएबल प्लेयर' घोषित भए । पुरुषतर्फ एचएचसिएका दिशान राई तथा महिलामा निम्सकी टिना लिम्बू प्रतियोगिताकै सर्वाधिक स्कोरकर्ता बने । दिशानले ७८ तथा टिनाले ३७ स्कोर गरेका थिए ।



एपिएफ महिला पिएम कपको फाइनलमा



नयाँ पत्रिका

एपिएफ क्लब प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । आइतबार भएको पहिलो क्वालिफायर्समा कोशी प्रदेशमाथि ५२ रनको सहज जित निकाल्दै एपिएफ उपाधिनजिक पुगेको हो । कोशीले दोस्रो क्वालिफायर्समा सुदूरपश्चिम प्रदेशको सामना गर्नेछ । यस खेलको विजेताले एपिएफविरुद्ध खेल्नेछ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा एपिएफले १४० रनको लक्ष्य प्रस्तुत गरेको थियो । कोशीले २० ओभरमा चार विकेट गुमाउँदै मात्र ८७ रन बनाउन सक्यो । कोशीको अप्सरा वेगमले सर्वाधिक ३१ रन बनाइन् । उनले ४८ बलमा दुई चौका र एक छक्का प्रहार गरेकी थिइन् । कप्तान रुविना क्षेत्रीले २२ र ललिता राजवंशीले १४ रनको योगदान गरे ।

इन्दुको बलियो साझेदारी

एपिएफको ब्याटिङमा तेस्रो विकेटका लागि इन्दु बर्मा र रोमा थापाले अविजित ५८ रनको साझेदारी गरेपछि एपिएफ बलियो स्थितिमा पुगेको थियो । टस हारेर ब्याटिङ गरेको एपिएफले निर्धारित २० ओभरमा २ विकेट गुमाउँदै १३९ रन बनायो । इन्दुले ५० बलमा ३ चौका र १ छक्कासहित सर्वाधिक ५६ रनको योगदान गरिन् । कप्तान सीता रानामगरले ४५, रोमा थापाले अविजित १८ र ज्योति पाण्डेले १२ रन बनाए ।

कोशीकी रुविना क्षेत्रीले एक विकेट लिइन् ।

सुदूरपश्चिमले कोशीसँग खेल्ने

सुदूरपश्चिमले फाइलनमा स्थान बनाउन पहिलो क्वालिफायर्समा पराजित कोशी प्रदेशसँग खेल्ने भएको छ । आइतबार नै भएको इलिमिनेटरमा सुदूरपश्चिमले बागमती प्रदेशमाथि नौ विकेटको सहज जित निकालेको हो । इलिमिनेटरमा बागमतीले प्रस्तुत गरेको १०० रनको लक्ष्य सुदूरपश्चिमले १४.३ ओभरमा मात्र १ विकेट गुमाउँदै पूरा गरेको हो । सुदूरपश्चिमकी विन्दु रावलले अर्धशतकीय इनिङ्स खेलिन् । उनले ४९ बलमा ७ चौकासहित अविजित ५४ रन बनाइन् । सम्झना खड्काले अविजित २१ र रुबी पोद्दारले १८ रनको योगदान दिए । दोस्रो विकेटका लागि विन्दु र सम्झनाले अविजित ५७ रनको साझेदारी गरेका हुन् ।

बागमतीको कमजोर ब्याटिङ

टस जितेर ब्याटिङ रोजेको बागमतीले कमजोर प्रदर्शन गरेको थियो । बागमतीले १९ ओभरमा सबै विकेट गुमाउँदै मात्र ९९ रन बनाउन सक्यो । बागमतीकी कञ्चन श्रेष्ठले ३६, सोनी पाख्रिनले १४ तथा हेलिशा गुरुङ र खुसी डंगोलले समान १० रन बनाएका थिए । सुदूरपश्चिमकी करिश्मा थापाले सर्वाधिक तीन विकेट लिइन् । लक्ष्मी साउद र कप्तान ऋतु कनोजियाले समान दुई विकेट लिएका छन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com